# परिच्छेद एक

## १.शोध-परिचय

### १.१. शीर्षक :

प्रस्तुत शोधको शीर्षक **'साहित्यकार कवि शिशिर शर्मा : जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण र मूल्याङ्कन'** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रामस्वरुप रामसागर बहुमुखी क्याम्पसको नेपाली स्नातकोत्तर तहको द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

### १.३ विषयपरिचय :

साहित्यकार शिशिर शर्मा नेपाली साहित्यको विशेषतः गद्य कविताको फाँटमा पछिल्लो पुस्तामा चर्चित नाम हो । आफ्नो जीवनको विद्यार्थी कालदेखि नै नेपाली साहित्यमा विशेष अभिरुचि राख्ने शिशिर शर्माको वास्तविक नाम शिवप्रसाद लामिछाने हो । वि.सं. २०२८ साल असार २८ मा धादिङको सल्यानकोटमा जन्मेका शर्माले साहित्यलेखनकै क्रममा आफ्नो साहित्यिक नामका रुपमा शिशिर शर्मा चयन गरेका हुन् । जीवनयापनका क्रममा स्थायी पेसा शिक्षणलाई छाने पनि शर्माले पत्रकारिता, समाजसेवा र साहित्यसाधनालाई समानान्तर रुपमा सफलतापूर्वक बढाएको देखिन्छ । उनी झण्डै दुई दशकदेखि नेपाली साहित्यको वाटिकामा रम्दै/रमाउँदै आएको पाइन्छ ।

वर्तमान समयमा नेपाली साहित्यका गद्यकविता, कथा, बालसाहित्यका कथा, कविता, बालगीत, आधुनिक गीतलेखनका क्षेत्रमा शर्माको कलम सफलतापूर्वक चलेको पाइन्छ । शर्मामा साहित्यभित्रका अन्य प्रतिभाहरूमा निबन्धलेखन, बालउपन्यासलेखन र अनेकन पुस्तकको सम्पादन, साहित्यिक पत्रपत्रिकाको सम्पादन, मासिक पत्रपत्रिकाहरुको सम्पादन पनि रहेका छन् । शिक्षणमा दुई दशकभन्दा बढी बिताउनुका साथै करीब दुई दशकदेखि नै नेपाली पत्रकारिताका क्षेत्रमा व्यस्त हुँदाहुँदै

पनि बिहानबेलुका र अन्य फूर्सदका समयमा साहित्यिक रचनाहरू गर्न रुचाउने शिशिर शर्माका हालसम्ममा कविता विधासङ्ग सम्बन्धित तीन पुस्तकहरु प्रकाशित भइसकेका छन् । ती कृतिहरूमा **"अस्तित्वको खोजी"** (कवितासंग्रह)-२०५५, **"मास्टरको कोट"** (कवितासंग्रह)-२०५८, **"मेरी छोरीको देश"** (कवितासंग्रह)-२०६१, हुन् भने **"सल्यानकोटदेवीको संक्षिप्त परिचय"** (प्रसिद्ध तीर्थस्थलबारेको धार्मिक अनुसन्धानात्मक कृति)-२०६२ अर्को प्रकाशित कृति हो । यसै गरी शर्माले सम्पादन गरेका कृतिमा **"नेपालमा नरसिंहअवतार"** (लेखक: ललितविक्रम शाह, धार्मिक अनुसन्धानात्मक कृति)-२०६३, **"धादिङका कवि-प्रतिभा"** (कवितासंग्रह)-२०६५ रहेका छन् । कवि शर्मा **"सँगालो मासिक"** (प्रकाशक : बसन्तकुमार श्रेष्ठ, काठमाडौँ)-२०५७, **"नेपाली लिंक मासिक"** (प्रकाशक : नेपाली लिंक प्रा.लि., सिडनी अस्ट्रेलिया)-२०६७ का सम्पादक रहेका छन् । यीबाहेक उनका बालकथाहरू सङ्कलित एउटा बालकथासङ्ग्रह **"खुत्रुकेमा सुनको डल्लो"**, बालगीतसंग्रह **"मेरा पाखापखेरा"**, कथासंग्रह **"सन्ध्या"** प्रकाशनको अन्तिम तयारीमा पुगेका छन् । निबन्धसंग्रह र बालउपन्यास पनि शर्माले प्रकाशनको तयारी गरिरहेको देखिन्छ । यसका साथै शिशिर शर्माका करीब एक दर्जन आधुनिक गीतहरु रेकर्ड भई विभिन्न रेडियोबाट प्रशारण भइरहेका छन् भने उनका दुई गीतहरु श्रव्यदृश्यसहित टेलिभिजनबाट प्रशारण भइरहेका छन् । फुर्सदको समय पाउनासाथ शर्मा विभिन्न क्षेत्रमा महत्वपूर्ण विषयमा वृत्तचित्र बनाउन पनि भ्याउँछन् । नेपाल स्काउट, लायन्स क्लब र अन्य कतिपय सामाजिक संघसंस्थासँग सम्बद्ध शिशिर शर्माले एक दर्जनजति वृत्तचित्रको निर्माता, निर्देशक र प्रस्तोताका रुपमा आफ्नो प्रतिभालाई प्रस्तुत गरिसकेका छन् । यी सबैबाहेक शर्माले अन्य स्रष्टाका कृतिहरुको समालोचना गरी विभिन्न खाले समालोचनात्मक लेख प्रकाशन गरेको पनि पाइन्छ ।

पत्रकारका रुपमा २०५१ सालदेखि विभिन्न साप्ताहिक पत्रपत्रिका र पछि २०५४ सालदेखि दैनिक पत्रपत्रिकामा संलग्न शर्माका विभिन्न लेखरचनाहरु निरन्तर प्रकाशित छन् । खासगरी नेपाली कविता र धार्मिक अनुसन्धानात्मक कृतिका स्रष्टाका रुपमा कविता र अन्य कृति तयार पार्ने शर्माको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा यसअघि नै नेपालभित्र र नेपालबाहिरका विभिन्न पत्रपत्रिकामा अन्तर्वार्ता तथा

पुस्तकसमीक्षाका माध्यमबाट अध्ययन भइसके पनि उनको बहुआयामिक व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत रुपमा कहीँकतै खोजबिन/लेखाजोखा भएको पाइँदैन । त्यसैले शर्माको बहुआयामिक व्यक्तित्व र खासगरी साहित्यलेखनको अध्ययन र विश्लेषण नै यस शोधपत्रको क्षेत्र रहनेछ ।

## १.४ समस्याकथन :

नेपाली साहित्यमा गद्यपद्य उभयविधाका क्षेत्रमा सक्रिय शिशिर शर्माको औपचारिक रूपमा प्रथमपटक प्रकाशित साहित्यिक कृति **'अस्तित्वको खोजी'** शीर्षक कवितासंग्रह हो । विद्यार्थीकालदेखिनै नेपाली साहित्यमा रुचि देखाउँदै आएका शर्माको गद्य कवितालेखनमा विशेष दख्खल छ । प्रस्तावित शोधपत्र शर्माको साहित्यिक लेखनको निम्न समस्यामा केन्द्रित भएर तयार पारिएको छ :

क) साहित्यकार शिशिर शर्माको परिचय केकस्तो छ ?

ख) साहित्यलेखनका क्षेत्रमा उनी कसरी आकर्षित भए ?

ग) उनका कविताहरुको पृष्ठभूमि केकस्तो छ ?

घ) नेपाली गद्यकविताको परम्परामा शर्माको लेखनगत प्रवृत्ति केकस्तो छ ?

ङ) नेपाली गद्यकविताको परम्परामा शर्माको योगदान केकस्तो रहेको छ ?

च) नेपाली समाज र जनजीवनका केकस्ता संवेदनशील विषयवस्तुलाई शर्माले कवितामा उठान गरेका देखिन्छन्?

## १.५ शोधकार्यको उद्देश्य :

नेपाली साहित्यका कविता, कथा, निबन्ध, बालकथा, बालगीत आदि विधामा कलम चलाउँदै आएका शर्माको कविव्यक्तित्व र अन्य क्षेत्रमा देखिएका प्रतिभासँग सम्बन्धित यस शोधपत्रको उद्देश्य देहायअनुसार रहेको छ :

(क) बहुआयामिक व्यक्तित्वका रुपमा चर्चित कवि शर्माको परिचय दिनु ।

(ख) उनी कवितालेखनमा आकर्षित हुनुको रहस्य खोतल्नु,

(ग) उनका साहित्यिक विशिष्टताको निरुपण गर्नु,

(घ) नेपाली गद्यकविताको परम्परामा शर्माका कवितालेखनका प्रवृत्तिहरू खोतल्नु,

(ङ) आधुनिक नेपाली कविताको परम्परामा शिशिर शर्माको योगदानको लेखाजोखा गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा :

शिशिर शर्मा नेपाली साहित्यको कविता, निबन्ध, कविताजस्ता विविध विधामा संलग्न व्यक्तित्व हुन् । यी विविध विधाहरूमा संलग्नता हुँदाहुँदै पनि आधुनिक कविता विधासङ्ग शर्माको सान्निध्य बढी देखिन्छ । शिशिर शर्माको साहित्यिक जीवनी, उनका काव्यकारिता, उनका कृतिहरूका बारेमा विभिन्न विद्वान्, समीक्षक, समालोचकहरूले परिचय, चर्चा, विश्लेषण र समालोचना गरिसकेको पाइन्छ ।

तर पनि उनको काव्यकारिताका बारेमा गहन तरिकाले अध्ययन र विश्लेषण गरेर कुनै खास कृति प्रकाशनमा ल्याएको पाइँदैन । यहाँ उनका बारेमा हालसम्म भएगरेका अध्ययनसम्बन्धी सन्दर्भलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क. शैलेन्दुप्रकाश नेपाल **'शिशिर शर्माको अस्तित्वको खोजी'** शीर्षकको समीक्षात्मक लेखमा उल्लेख गर्छन्- *समाज र राष्ट्रमा यदाकदा देखापर्ने अमानवीय क्रियाकलाप देख्दा उनीभित्रको संवेदनशील कवि आक्रोशित बन्दछ र कविताका रुपमा अभिव्यक्तिन पुग्दछ । चाहे आर्थिक असमानताका कुरा होऊन् चाहे कुसंस्कार र विसंगतिका कुरा होऊन्- शिशिर शर्मा आफ्ना विद्रोही स्वरलाई तिब्रताका साथ उराल्न पछि पर्दैनन्* ।

ख. कृष्ण गौतम **'मास्टरको कोट'** कवितासंग्रहबारेको आफ्नो समालोचनात्मक लेखमा यसरी लेख्छन्- *वहाँले कवितामा विसंगतिप्रति विद्रोह प्रकट गर्नुभएको छ र सुधारका लागि आह्वान पनि गर्नुभएको छ । .... वास्तवमा शिशिर शर्मा प्रेमका कवि हुनुहुन्छ र प्रेमकै अन्तरंगबाट अन्य विषयमा पनि उहाँले कविताको रचना गर्नुभएको छ*।

ग. विमल भौकाजीले **'विसंगतिको पहिरन : मास्टरको कोट'** भन्ने समीक्षात्मक लेखमा भनेका छन्- *यिनका कविताहरुमा पाठकका भावना लुकेका छन् । यस मानेमा कि पाठकका मागलाई बुझेका छन् यिनले । अझ त्यसभन्दा बढी कवितासंग्रहभरि यिनले कविताको धर्म बुझेका छन्* ।[३]

घ. हरि मञ्जुश्री **'बहुदलवादी नेताहरुमाथि कविता'** भन्ने समीक्षात्मक लेखनमा मास्टरको कोट कवितासंग्रहको चर्चा गर्दै लेख्छन्- *मान्छेको जीवनमा देखापर्ने बेढङ्गेपन, अनेकौँ विसङ्गतिहरु र अन्यौलपूर्ण परिस्थितिहरु शिशिर शर्माका कविताहरुमा जताततै छरिएका छन् । ...... राष्ट्रमा लागेका घाउहरुको चित्रणका रुपमा देखा परेको यो कवितासंग्रह कविता लेख्न चाहनेहरु, कविता बुझ्न चाहनेहरु र कविता लेख्नेहरु सबैले एकपटकमात्र होइन, दुईपटक, तीनपटक पनि पढ्नै पर्ने खालको छ*।

ङ. डा. विष्णुराज आत्रेय **'मास्टरको कोटको खल्ती खोतलेपछि'** शीर्षकको समीक्षात्मक लेखमा उल्लेख गर्छन्- *शिशिर शर्माको मास्टरको कोटभित्र शिशिर शर्माको जस्तै 'रोएको मन' छ, । आफ्नो 'अतृप्त चाहना' छन्, 'इच्छाहरु' छन् । 'जिजीविषा' छ, 'जिन्दगी' छ । ...कलमको घर्षणले मलिलो पारेको कागतमा मसीको बिउ रोप्ने आफ्नो कर्तव्यबाट शिशिर शर्मा कहिल्यै नचुकून्, नथाकून् । यिनको मसी कुठाउँमा नपोखियोस् । यिनको यो बैँस अजम्मरी रहोस् र कागज अखण्ड सौभाग्यवती*।

च. के. पी. ढुङ्गानाले राजधानी दैनिकमा **'मानवतावादभित्र द्वन्द्वको बोध'** शीर्षक दिएर एक समीक्षात्मक लेखमा कवि शर्माको 'मेरी छोरीको देश' कवितासंग्रहबारेको समीक्षात्मक लेखमा लेखेका छन्- *विभिन्न बिम्ब र प्रतीकको प्रयोग गर्दै कवि शर्माले आफ्नो कलममार्फत् हिंसालाई आफ्नो पौरख ठान्ने मूर्ख हरुप्रति सटिक व्यंग्य गरेका छन् । उनको कलमले राष्ट्रमा छाएको हिंसाको मात्र विरोध गरेको छैन, सेप्टेम्बर ११ मा अमेरिकामा भएको आतंकवादी हमलादेखि इराकमा दन्किरहेको चित्कारसमेत समेटेको छ । त्यसैले सहजतासाथ भन्न सकिन्छ, उनको कवितासंग्रहले विश्वबन्धुत्वको सन्देश बोकेको छ*। छ. डा. वासुदेव त्रिपाठी शिशिर शर्माको **मेरी छोरीको देश** कवितासंग्रहमाथि मन्तव्यलेखनका क्रममा *मुक्त गद्यकवितालयमाथिको श्रुतिरम्य सांगीतिक दखल, शैलीगत प्रभावकारितातर्फको बढ्दो गतिक्रम, उक्ति तथा विम्ब र व्यङ्ग्य एवं व्यञ्जनाको सामर्थ्यको उल्लेख्य अन्तर्विकासको लक्षण भेटिने अवस्था पनि कवितासँग आख्यान तथा नाटक र विधान्तरका युक्तिकौशलको समन्वयतर्फ बढ्दो चासो र मुख्यतः सहज,*

*सम्प्रेष्य र प्रभाहपूर्ण भाव तथा अन्तर्चेतनाको मर्मस्पर्शी तीव्र अन्तर्ज्वारको वृद्धिशील उपस्थितिले गर्दा उहाँ यस संग्रहसम्म आइपुग्दा मुख्यतः उत्तरप्रयोगवादी समयुगीन एक सशक्त नवयुवा कविका रुपमा प्रतिष्ठित हुन पुगेको म ठान्दछु* भन्ने मन्तव्य प्रकट गर्दछन् ।

ज. ताजा खबर साप्ताहिक, काठमाडौंले **'सल्यानकोट देवीबारे पुस्तक'** शीर्षक लेखमा शिशिर शर्माको योगदानबारे लेखेको छ- *सल्यानकोट देवीको मन्दिरको निर्माणको इतिहास खोज्ने क्रममा अन्वेषक शर्माले गोरखाका राजा पूर्ण शाहको समयदेखिको चलनबारे ऐतिहासिक तथ्य संकलन गरेका छन् । पुस्तकमा राम शाहको जन्म सल्यानकोटमा भएको, उनैले सल्यानलाई गोरखा राज्यमा मिलाएको, सल्यानमा कोट (किल्ला) बनाई सैन्य प्रशिक्षण शिविर चलाएको र त्यहीँबाट पूर्व त्रिशुलीसम्म गोरखा राज्य विस्तार गरेको जस्ता ऐतिहासिक सन्दर्भ संग्रह गरिएका छन्* ।

झ. बालमुकुन्द नेपाल **'भौतारिएका कवि'** शीर्षक दिएर राजधानी दैनिकको इन्द्रेणी पृष्ठमा कवि शर्माको कवितालेखनबारे लेख्छन्- *बीर रस होस् या करुण रस या हास्य नै सबैमा उनी जमेका छन् । अरु त अरु रतिरागात्मक शैलीमा लेखिएका उनका कवितामा पनि निकै पेचिलो छ उनको कलम* ।

ञ. प्रा. डा. रामचन्द्र लम्साल शिशिर शर्माले सम्पादन गरेको **धादिङका कविप्रतिभा** पुस्तकमा **'पुस्तकबारे केही शब्द'** भन्ने भूमिकालेखनमा सम्पादक शर्माबारे लेख्छन्-*वस्तुतः असीम साधनामा समर्पित भएका कवि-प्रतिभामा आत्मप्रचारमुखी प्रवृत्ति नहुने भएकाले उनीहरुका महत्वपूर्ण कृतिहरुलाई साहित्यानुरागी वा साहित्यप्रेमी महानुभावले लोकसमक्ष पुऱ्याउने पुनीत दायित्व निर्वाह गर्नै पर्छ अन्यथा त्यो साधना र सृजना अलपत्र परेर खेर जानसक्छ । यस कुरामा गहन सोच तथा दूरदृष्टि राखी धादिङका सक्रिय साधनाशील साहित्यकार एवं पत्रकार शिशिरजीले स्वयं यस क्षेत्रको मर्मज्ञ भएको हुँदा आफ्नो गृहजिल्लाका साहित्नयसारथिहरुको साहित्यसाधनाको प्रवृत्ति र प्रकारलाई सर्वविदित तुल्याउने तथा असीम साधनारत कवि-प्रतिभाको कदर गर्ने अभिप्रायले प्रस्तुत धादिङका कवि-प्रतिभा नामक*

*ग्रन्थकोसम्पादनमा जुन तत्परता र जाँगर देखाउनुभएको छ, त्यो महनीय कार्य हो ।*

ट. डा. मोहन तिमल्सिनाले **'धादिङ्का कवि-प्रतिभा'** पुस्तकभित्र **प्रशंसनीय कार्य** शीर्षकमा मन्तव्य लेख्दै भनेका छन्- *सम्पादक शिशिर शर्माले यस्ता सबै प्रतिभालाई सामुहिक रुपमा डोऱ्याउने जुन प्रयास यसमा गर्नुभएको छ यो मोतीराम भट्टको सामुहिक लेखनप्रवृत्तिको रुपान्तरण हो । शिक्षा, स्वास्थ्य, उद्योग आदि कुनै पनि राष्ट्रिय स्तरको ख्याति कमाउन नसकेर पछि परेको धादिङ जिल्लालाई साहित्यिक रचनाका क्षेत्रमा नवीन प्रवृत्तिलाई अँगालेर सम्पादक शर्माले पक्षान्तरमा उच्च स्थान दिने पवित्र कार्यको थालनी गर्नुभएको छ । यस प्रकारको कार्य नेपाली भाषा र साहित्यका क्षेत्रमा यदाकदा देखिए पनि धादिङको साहित्यिक इतिहासका सन्दर्भमा भने ऐतिहासिक रुपमै प्रथम र नितान्त नवीन कार्यको प्रारम्भ हो ।*

## १.७ शोधकार्यको औचित्य र महत्व :

साहित्यकार शिशिर शर्माको साहित्ययात्राको मूल्याङ्कन गर्ने, उनका साहित्यिक कृतिहरूले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको लेखाजोखा गर्ने, उनका कविता र कथा, निबन्धहरूको अध्ययनबाट प्राप्त सत्यतथ्य जानकारीको आधारमा उनको साहित्ययात्राको विश्लेषणात्मक निरुपण गर्ने कार्य आजसम्म नभएको सन्दर्भमा यस शोधपत्रको औचित्य र महत्व स्वतः सार्थक बन्नेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन :

नेपाली साहित्यको पद्य र गद्य दुवै विधामा कलम चलाउने कथाकार, निबन्धकार एवं कवि व्यक्तित्व शिशिर शर्मा समकालीन कविहरूको पङ्क्तिमा जुझारु र विद्रोही एवं सौन्दर्यप्रेमी स्रष्टाका रुपमा बेग्लै पहिचान बनाउन सफल भइसकेका छन् । नेपाली कविता लेखनकार्यमा निकै फस्टाएको गद्यकवितालेखकका भीडमा उचाइ बनाउँदै अघि बढेका शर्माले निबन्ध र कथाका अतिरिक्त बालसाहित्यका विविध विधामा समेत कृति तयार पारिसकेका छन् । यस शोधपत्रमा शर्माका कथा र निबन्धकारिताको खासै चर्चा गरिनेछैन । यो शोधपत्र समग्रमा साहित्यका बहुविधामा समान रुपमा अघि बढेका प्रखर साहित्यिक व्यक्तित्व शिशिर शर्माको समग्र व्यक्तित्व

र उनका कवितालेखनको (विषयवस्तु, शैली, शिल्प आदि)अध्ययनमा विशेष रूपले केन्द्रित रहेको छ ।

**१.९ सामग्रीसङ्कलन विधि :**

प्रस्तुत शोधपत्र तयार पार्नका लागि आधुनिक गद्यकवितालेखनका सिद्धान्तका साथै हालसम्म स्थापित मान्यता र प्रथम गद्यकवि गोपालप्रसाद रिमालदेखि हालसम्मका गद्यकविले लिएको बाटोलाई समीक्षात्मक रुपमा हेरिनुका साथै तिनको आधारसमेत लिइनेछ । प्राप्त भएसम्म नवीन मान्यताहरूको समेत पर्यवेक्षण गरी शोधपत्र लेखनको सिद्धान्त तयार पारिनेछ । शोधपत्र तयारीका सिलसिलामा पुस्तकालयीय अध्ययन विधिका आधारमा विषयसङ्ग सम्बन्धित विभिन्न पुस्तक पत्रपत्रिकाहरूको अध्ययन गरी सामग्रीहरू सङ्कलन गरिनेछ । शोधनायक शिशिर शर्मासङ्ग प्रत्यक्ष भेटघाट, उनका परिवारका सदस्यहरूको साथै विभिन्न विद्वान्हरूसङ्ग सम्पर्क गरी मौखिक अन्तर्वार्ताका माध्यमबाट पनि आवश्यक जानकारी लिई सामग्री सङ्कलन गरेर शर्माको व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ ।

**१० शोधपत्रको रूपरेखा :**

प्रस्तुत शोधकार्यलाई व्यवस्थित ढङ्गले सम्पन्न गर्न शोधपत्रको सम्भावित रूपरेखा तयार पार्न आवश्यक देखिन्छ । अतः प्रस्तुत शोधपत्रको सम्भावित रूपरेखा निम्न बमोजिम रहेको छ :

**परिच्छेद १:-** शोधपरिचय

**परिच्छेद २:-** साहित्यकार शिशिर शर्माको जीवनी र व्यक्तित्व

**परिच्छेद ३:-** आधुनिक कविताको सैद्धान्तिक चर्चा

**परिच्छेद ४:-** साहित्यकार शिशिर शर्माको साहित्यिक कृतिहरूको विश्लेषण

**परिच्छेद ५:-** कवि शिशिर शर्माको कवितालेखनबारेको मूल्याङ्कन तथा निष्कर्ष

**परिच्छेद ६:-** उप संहार तथा निष्कर्ष

# परिच्छेद दुई

## २ शिशिर शर्माको जीवनी र व्यक्तित्व

### २.१ जीवनि

वास्तविक नाम : शिवप्रसाद लामिछाने

चिनाको नाम : शान्तप्रसाद लामिछाने

बाल्यकालको नाम : गोविन्द, गोविन्दे, गोपे

जन्ममिति : २०२८ साल असार २८ गते सोमबार

औपचारिक प्रयोगमा २०२७ असार २८ (२०४० सालमा नि.मा.वि.बाट मा.वि. जानेबेलाको स्थानान्तरण प्रमाणपत्रमा त्रिपुरासुन्दरी नि.मा.वि.ले उमेर बढाइदिएकाले)

साहित्यिक नाम : शिशिर शर्मा

लेखनका क्रममा प्रयोग भएका छद्म नामहरु : सिर्सिरे, गुप्तप्रसाद, धर्मदेव

जन्मस्थान : सल्यानकोट-५, काफलडाँडा धादिङ

पितामाता : स्व.लेखनाथ लामिछाने/स्व. रेणुका लामिछाने

प्रारम्भिक शिक्षा : पिता लेखनाथ लामिछानेबाट घरमै ।

अध्ययन गरेका शिक्षण संस्थाहरु : -सल्यानकोट प्राथमिक विद्यालय सुनपोखरी, धादिङ (हाल उच्च मा.वि.)

(२०३५ सालमा कक्षा २ मा करिब ३ महिना)

-त्रिपुरासुन्दरी नि.मा.वि. सल्यानकोट कठेरी, धादिङ (हाल उच्च मा.वि.

(कक्षा ३ देखि कक्षा सातसम्म, २०३६-४० साल ।)

-अचने मा.वि. खहरे, त्रिपुरेश्वर धादिङ (हाल उच्च मा.वि.)

(कक्षा ८ देखि कक्षा १० सम्म, २०४०-४३ साल ।)

-रत्नराज्य लक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौं ।

(प्रमाणपत्र तह २०४४-४६ र स्नातक तह २०४७-४९ साल ।)

-काठमाडौं शिक्षा क्याम्पस, रामशाहपथ, काठमाडौं ।

(एक वर्षे बी. एड. २०५४-५५ र दुई वर्षे एम. एड २०६४-६६ साल।)

अध्ययन : एम. एड. (त्रि.वि.), शोधपत्र लेखन गर्दै (२०६८ बैशाख)

पेसा : शिक्षण, पत्रकारिता ।

सौख : स्वाध्याय, लेखन, भ्रमण, समाजसेवा र योग-ध्यानसाधना ।

शिक्षण गरेका शिक्षण संस्थाहरु : -वेदव्यास प्राथमिक विद्यालय, काफलडाँडा (पूर्वाधार तयार गर्दा २०४५ साल (पाँच महिना)

-शारदा उच्च मा.वि. तिलगंगा (२०४६ जेष्ठदेखि हालसम्म)

-बाबा वाटिका मा.वि. तिलगंगा (२०५१ फाल्गुणदेखि चारमहिना र २०५४ साल फाल्गुणदेखि विहानी कक्षा तीनमहिना)

-आकाशगंगा माध्यमिक विद्यालय, बालाजु काठमाडौं ( संस्थापक/सञ्चालक, स.प्र.अ.

२०५७ साल वैशाखदेखि २०६४ चैत्रसम्म)

विवाह : पार्वती सापकोटासित २०४३ साल फागुनमा ।

छोराछोरी : छोरा अच्युत- २०५३ भाद्र १९ कृष्णाष्टमी, छोरी अभिज्ञा- २०५७ चैत्र ६ ।

लेखनको क्षेत्र : कविता, कथा, बालकविता, बालकथा, बालउपन्यास, निबन्ध, व्यंग्यनिबन्ध, नाटक, आधुनिकगीत, भजन ।

यात्रा : स्वदेशमा : नेपालका ३० जिल्लाहरु,

विदेशमा : भारत, थाइल्यान्ड, जापान र संयुक्त राज्य अमेरिका ।

साहित्यलेखनको सुरुआत : २०३८ सालमा त्रिपुरासुन्दरी नि.मा.वि.मा भएको कविता प्रतियोगितामा कक्षा ६ मा रहँदा पहिलोपल्ट सहभागी ।

-२०४० सालमा जिल्लास्तरीय वीरेन्द्रशील्ड गीत प्रतियोगिता धादिङमा प्रथम ( कक्षा ८ अध्ययनरत रहँदा रचनाकारका रुपमा)

साहित्यलेखनका प्रेरणास्रोत : स्व. वासुशशी, हरि मञ्जुश्री र प्राकृतिक सौन्दर्य ।

पहिलोपल्ट लेख प्रकाशन : २०४६ जेठमा गोरखापत्रमा **सल्यानकोट गाउँपञ्चायत** शीर्षकको लेख ।

## २.२ व्यक्तित्व

### २.२.१ कथाकार व्यक्तित्व

**१. कथा प्रकाशित भएका पत्रिकाहरु**

| क्रम | पत्रिकाको नाम | कथाको शीर्षक | प्रकाशक | साल | पेज |
|---|---|---|---|---|---|
| १. | यात्रा | क्रमशः | नेपाल कमर्श क्याम्पस | २०५१ | २५ |
| २. | वर्णन मासिक | | अधबैंसे | २०५५ फाल्गुन | |
| ३. | मातृसत्ता मासिक | | दरिद्री | २०५५ चैत्र | २१ |
| ४. | समकालीन साहित्य | अस्तित्वबोध | नेराप्रप, वर्ष १५ पूर्णांक ५७ | २०६२ वैशाख-असार | ११२ |
| ५. | निर्झर साहित्यिक | परिणाम | निर्झर वाङ्मय प्रतिष्ठान | २०६३ ग्रीष्म-हेमन्त | २६ |

### २.२.२ कविव्यक्तित्व

**कविता प्रकाशित भएका पत्रिकाहरु (हाल आफूसित भएका पत्रिकाका आधारमा)**

| पत्रिकाको नाम | कविता शीर्षक | प्रकाशक | साल | पेज |
|---|---|---|---|---|
| सुगन्ध मासिक | शुभकामना | सुगन्ध प्रकाशन प्रा.लि.,पशुपति | २०४९ असोज | २९ |
| सुगन्ध मासिक | श्रद्धाञ्जली कामना | सुगन्ध प्रकाशन प्रा.लि. | २०५० वैशाख | ३७ |
| अरुणोदय वर्ष २९-३० | बूढो माली | संस्कृत छात्रावास | २०५१ | २८ |
| राष्ट्रवाणी साप्ताहिक | मान्छे र शान्ति | | २०५२ श्रावण ७ | ३ |
| घण्टाघर सा. सँगालो | प्रेयसीलाई आग्रह | स्व.वि.यु, त्रिचन्द्र कलेज | २०५२ असोज | २० |
| जनसत्ता साप्ताहिक | जनआस्था | | २०५२ असोज २८ | २ |
| जागरण | आमा, म र मेरो देश | स्ववियु काठमाडौं शि. क्या. | २०५४ | ४८ |
| श्री देउराली दैनिक | अस्तित्वको खोजी | | २०५४ जेठ १८ | ५ |
| विमोचन मासिक | गीत | विमर्श प्रकाशन प्रा.लि. | २०५४ कार्तिक | |
| गतिविधि साप्ताहिक | गीत (शीतको आँसु) | पदमसिंह कार्की | २०५५ वैशाख १२ | ६ |
| दिव्यचक्षु साप्ताहिक | गुलाबमा परेको शीत | | २०५५ मंसिर १७ | ५ |

कर्मयोग साप्ताहिक नारी २०५५ पौष १६ ५

समाज दर्पण मासिक शुभकामना कविता २०५५ पौष ३५

गोर्खा परिचय (स्मा.) पृथ्वीको फूलबारी सजाऔँ २०५५ पौष ७०

गतिविधि साप्ताहिक चल्दैन सृष्टिमा छल पदमसिंह कार्की २०५५ माघ २ ६

गतिविधि साप्ताहिक गीत पदमसिंह कार्की २०५५ माघ ९ ६

गतिविधि साप्ताहिक मन र आँसु पदमसिंह कार्की २०५५ चैत्र २२ ६

गतिविधि साप्ताहिक युवालाई गाउँमै रोकेर पदमसिंक कार्की २०५६ असार १२ ६

गतिविधि साप्ताहिक सप्रियून् जनता अरे पदमसिंह कार्की २०५६ असार १९ ६

शुभकामना बादल एकीकृत सां. केन्द्र मैतीदेवी २०५६ २५

गतिविधि साप्ताहिक रानीपोखरी पदमसिंह कार्की २०५७ असार १० ६

सहारा साप्ताहिक सिडिओ गफ वशन्तकुमार श्रेष्ठ २०५७ भदौ १८ ५

समदृष्टि साप्ताहिक इच्छाहरु २०५८ भदौ ३१ ६

गतिविधि साप्ताहिक हामी नचिनिएकाहरु पदमसिंह कार्की २०५८ मंसिर ९

तिविधि मैलिएको देश २०५९ पौष २७ ६

देशान्तर मान्छे र हिमाल २०६० भदौ २८ ६

विमर्श साप्ताहिक रित्ता आँखा विमर्श प्रकाशन प्रा.लि. २०६० मंसिर २६ ६

जनसत्ता साप्ताहिक ए रात २०६० माघ १० ५

भावभक्ति भजन बाबा आश्रम मातातीर्थ २०६०दर्शन

दैनिक विराटनगर सहिदको अपमान २०६१ वैशाख२६ २

गणेश गुञ्जन गीत २०६१ कार्तिक पौष ३०

देशान्तर साप्ताहिक सम्झौता २०६२ वैशाख ११ ४

उपभोक्तापोस्ट साप्ताहिक हिउँदमा फुलेको फूल शम्भु कडरिया २०६२ मंसिर १२ ६

कान्तिपुर दैनिक लोकतन्त्र- जिन्दावाद कान्तिपुर प्रकाशन प्रा.लि. २०६३ वैशाख ११ ६

कान्तिपुर दैनिक जनताको भेल कान्तिपुर प्रकाशन प्रा.लि. २०६३ जेठ ६ ६

| | | | | |
|---|---|---|---|---|
| देशान्तर साप्ताहिक | देख्यौ कि मेरो नाम | २०६४ | असार ३ | ४ |
| कान्तिपुर दैनिक | दुर्गे यही कामना | कान्तिपुर प्रकाशन प्रा.लि. | २०६४ कार्तिक १ | ६ |
| कान्तिपुर दैनिक | फर्कौं बन्धु स्वदेश | कान्तिपुर प्रकाशन प्रा.लि. | २०६४ माघ ४ | ६ |
| जनमत कविता विशेषांक | दुईवटा कविता | जनमत प्रकाशन प्रा.लि. | २०६४ जेठ | १७ |
| सुवास वर्ष७, अंक ७ | कमरेड सीमा, | सुवास स्मृति प्रतिष्ठान | २०६५ चैत्र २७ | २७ |
| आऊ प्रेम गरौं | नयाँ नेपाल | नागरिक दैनि | २०६६ वैशाख २३ | ७ |
| इनर ह्विल क्लब अफ | दरवारमार्ग | ह्विल क्लब दरवारमार्ग | सन् २०११, मार्च | ४ |

(नेपाली पोस्ट, फ्रि नेपाल, परदेश नामक वेभपत्रिकामा पनि विभिन्न समयमा गीत, कविता, गजल प्रकाशित)

## २.२.३ अन्तरवार्तागत ब्यक्तित्व

**अन्तरवार्ता/ प्रकाशित, प्रशारित भएका पत्रिका तथा रेडियोहरु (आफूसित सुरक्षित भएका आधारमा)**

| क्रम | पत्रिकाको नाम | जिल्ला/देश | साल | पेज |
|---|---|---|---|---|
| १. | कर्मयोग साप्ताहिक | ललितपुर, नेपाल | २०५५ पौष ३० | ६ |
| २ | सुचारु मासिक | काठमाडौं, नेपाल | | |
| ३. | राजधानी दैनिक | काठमाडौं, नेपाल | २०६२ पौष १६ शनिवार | ७ |
| ४. | ताजा खबर साप्ताहिक | काठमाडौं, नेपाल | २०६३ पौष ३ मंगलवार | ४ |
| ५. | रोडम्याप साप्ताहिक | काठमाडौं, नेपाल | २०६३ पौष २० सोमवार | ७ |
| ६. | मध्यमार्ग साप्ताहिक | बनेपा, काभ्रे | २०६३ पौष २३, | ४ |
| ७. | पूर्व टाइम्स साप्ताहिक | सुनसरी, नेपाल | २०६३ माघ ५ शुक्रवार | ५ |
| ८. | The Ka 'U Calendar Monthly | हवाई, अमेरिका | २००८ फरवरी | ७-१८ |

## रेडियो अन्तर्वार्ता

| | कार्यक्रमको नाम | रेडियो | विषयवस्तु | कार्यक्रम प्रस्तोता | मिति |
|---|---|---|---|---|---|
| १. | उज्यालो (आँखासम्बन्धी) | इमेज एफएम | नेत्रदान जागरण | कृष्णा ताम्राकार | २०६० भदौ २७ गते (१५ मिनेट) |

२.पहिलो प्रहर रेडियो नेपाल साहित्यस्रष्टा तारा वस्ती २०६२ असार ९ गते (१५ मिनेट)

३.मधुवन (साहित्य-कला) रेडियो नेपाल पुस्तक स्रष्टा नवराज लम्साल २०६२ कार्तिक ११गते (१५ मिनेट)

४.मनोरम (साहित्य-संगीत) इसिआर एफएम गीतकार, स्रष्टा केशव सान्दाइ२०६२ मंसिर २६ गते (१ घण्टा)

५.अनुक्रम (साहित्य) रेडियो नेपाल स्रष्टा २०६४ जेष्ठ १० (१५ मिनेट)

## २.२.४सम्पादन व्यक्तित्व

**सम्पादन गरेका पुस्तक पत्रिकाहरु (आफूसित पत्रिका सुरक्षित भएका आधारमा)**

| **पत्रिकाको नाम** | **प्रकाशक** | **साल** |
|---|---|---|
| दोस्रो जिल्ला स्का. क्याम्पोरी स्मारिका | जिल्ला स्काउट कार्यालय, काठमाडौं | २०५२ पौष |
| काठमाडौं स्काउट द्वैमासिक | जिल्ला स्काउट कार्यालय काठमाडौं | २०५४-६४ |
| स्मृतिगाथा | शारदा मा.वि. पशुपति | २०५५ |
| ल्बतष्यलर्बा क्अयगत ऋकउ क्यगखभलष्च | जिल्ला स्काउट काठ- ललितपुर-भक्तपुर | २०५७ |
| स्वर्णजयन्ती स्मारिका | शारदा मा.वि. काठमाडौं | २०५७ भदौ |
| सँगालो मासिक | सहारा प्रकाशन प्रा.लि. काठमाडौं | २०५७-६१ |
| काठमाडौं स्काउट, स्मारिका | जिल्ला स्काउट कार्यालय काठमाडौं | २०५९ |
| पशुपतिनाथ लायन्स क्लब स्मारिका | लायन्स क्लब अफ काठ. पशुपतिनाथ | १९९८-९९ |
| पशुपतिनाथ लायन्स क्लब स्मारिका | लायन्स क्लब अफ काठ. पशुपतिनाथ | २०००-२००१ |
| नेपालमा नृसिंहअवतार (अनुसन्धानमूलक) | लेखकः ललितविक्रम शाह | २०६ |
| धादिङका कवि-प्रतिभा(कवितासंग्रह) | | २०६५ |
| **Nepali Link Monthly Magazine** | **Nepali Link Pty. Ltd. Sydney Australia** | २०६७ असार-भदौ |

**भाषा-सम्पादन गरिएका पुस्तक-पत्रिकाहरु (पुस्तक पत्रिका सुरक्षित भएका आधारमा)**

| **पुस्तक/पत्रिकाको नाम** | **लेखक/प्रकाशक** |
|---|---|
| ➢ खुला आकाश (उपन्यास) | गीताकेशरी |
| ➢ लोककवि अलिमियाँ (व्यक्तित्वपरिचय) | अमृत भादगाउँले |

- प्यारो पोखरा (स्थान परिचय) — अमृत भादगाउँले
- असल गुरु — अमृत भादगाउँले
- प्रयोगात्मक पत्रकारिता — श्रीराम खनाल
- ज्ञानज्योति (स्मारिका) २०६१ — नेपाल विद्यार्थी संघ, धादिङ
- एग्लाइन्टाइन जेब र बालअधिकार-२०६१ — चन्द्रिका खतिवडा
- बालअधिकारको प्रवर्द्धन एवं परिवर्तनका बाहकका रुपमा बालक्लबहरु — चन्द्रिका खतिवडा
- जिल्ला बालकल्याण समिति र बालसहभागिताको प्रवर्द्धन — चन्द्रिका खतिवडा
- कला (ललितकला बारे पुस्तक) — रमेश के.सी.
- अनुभवहरु   वर्ष २, अंक १ — कन्सोर्टियम, ललितपुर
- नेपाली कालका पक्ष — प्रा. डा. मोहनप्रसाद तिमल्सिना

## २.२.५ समालोचकव्यक्तित्व

**समालोचना/समीक्षा गरेका केही पुस्तकहरु (पुस्तकहरु आफूसित सुरक्षित भएका आधारमा)**

| **पुस्तकको नाम** | **लेखक** | **प्रकाशित भएको पत्रिका** | **मिति** |
|---|---|---|---|
| चट्टानमाथिको घर | सोफी मल्ल | गतिविधि साप्ताहिक | २०५५ चैत्र ६ |
| अन्जुश्रीदेखि आन्दोलनसम्म | सुर्यबहादुर सेन | सहारा साप्ताहिक | २०५६ असोज १ |
| हाँडीगाउँले जात्रा | यादव थपलिया | गतिविधि साप्ताहिक | २०५७ वैशाख ३१ |
| आयाम र आलोक | शशी भण्डारी | ताजाखबर साप्ताहिक | २०६३ माघ १६ |
| जोखिमका पाइला(नियात्रा) | उत्तम कँडेल | जनमञ्च साप्ताहिक | २०६६ माघ ३ |
| हामी केही बोल्न सकेनौं | हरि मञ्जुश्री | जनमञ्च साप्ताहिक | २०६६ पौष ५ |
| ख्वपदेश (उपन्यास) | भरत जङ्गम | जनमञ्च साप्ताहिक | २०६७ जेठ १ |
| ढुंगाको बीउ (कवितासंग्रह) | रामेश्वर राउत मातृदास | जनमञ्च साप्ताहिक | २०६७ वैशाख |
| हाम्रो देश यस्तो नहोस् | सकुल थापा | जनमञ्च साप्तहिक | २०६७ श्रावण २ |

नेपाली महाकाव्यको सूचीमा

| | | |
|---|---|---|
| नवराजको कर्ण | नवराज लम्साल | जनमञ्च साप्ताहिक |
| आमालाई चिठी | दुर्गाप्रसाद अधिकारी | सहारा साप्ताहिक |
| हिन्दु धर्मको उत्पत्ति र विस्तार | भीमलाल लामिछाने | जनमञ्च साप्ताहिक |

## २.२.६ भूमिकालेखन व्यक्तित्व

भूमिका लेखन गरिएका पुस्तकहरु

| **क्रम** | **पुस्तकको नाम** | **लेखक** | **प्रकाशित भएको मिति** |
|---|---|---|---|
| | पुरस्कार लघुकथासङ्ग्रह | माधव लामिछाने | २०६१ |
| | प्रणयवार्ता (सूत्रकाव्य) | पुष्पलता आचार्य कुमार अजनवी | २०६४ वैशाख |
| | शब्दसंगीत (आधुनिक गीतसंग्रह) | शिव श्रेष्ठ | २०६४ |
| | सरसको हाँस (बालकथासङ्ग्रह) | माधव लामिछाने | २०६५ असोज |
| | पहाड बोकेर पहाडतिर (कवितासङ्ग्रह) | हेमप्रभास अधिकारी | २०६६ |

**शुरुमा लेख प्रकाशित भएका पत्रिकाहरु**

| क्रम | पत्रिकाको नाम | लेखको शीर्षक | प्रकाशित भएको मिति | पेज |
|---|---|---|---|---|
| | गोरखापत्र | सल्यानकोट गाउँपञ्चायत | २०४६ भदौ १८ | ८ |
| | साल्पा मासिक | ढिकीको सामल र वातावरणीय बाटो | २०५२ बैशाख-जेठ | |
| | गतिविधि साप्ताहिक | निर्मलचक्की रेडियोमा मात्र पाइन्छ | २०५२ श्रावण १६ | २ |
| | गतिविधि साप्ताहिक | नेपालमा वर्तमान शैक्षिक वातावरण | २०५२ भदौ १३ | ६ |
| | आजको समाचारपत्र दैनिक | चिकित्सा क्षेत्रमा नयाँ आयाम थप | २०५३ असार ३ | ७ |
| | श्री देउराली दैनिक | प्रजातन्त्र नरहे को रहला | २०५४ श्रावण ४ | ४ |
| | गतिविधि साप्ताहिक | औचित्यपूर्ण व्यवहारिक शिक्षा ... | २०५४ फाल्गुण १७ | २ |
| | गोरखापत्र दैनिक (शनिवार) | एकीकरणकी वरदायिनी ..... | २०५७ असोज १४ | ग |

कान्तिपुर दैनिक कुमालहरुको संस्कृतिले जोगाएको काठेकोल २०५७ फाल्गुण १० ७

कान्तिपुर दैनिक कोसेली विवाहको वदलिँदो शैली२०५८ वैशाख १५ ग

राजधानी दैनिक लक्ष्यहीन युद्धका अस्तित्वहीन योद्धाहरु २०५८ असार २८ ६

देशान्तर साप्ताहिक टाक्सिँदै गरेको धादिङको साहित्यिक माहौल २०६३ श्रावण ११ ४

कान्तिपुर दैनिक भएकै बजारको चर्चा २०६४ कार्तिक १ ७

कान्तिपुर दैनिक कोसेली समुद्री तटको नेपाली घर २०६४ मंसिर १ ग

कान्तिपुर दैनिक लेखन्दासले चलाएको मालपोत २०६४ फाल्गुण ३० ६

नागरिक दैनिक (घुमफिर) जहाजभित्र पिसाब फेर्दा २०६६ वैशाख १२ ग

### २.२.७ व्यंग्य निबन्ध-लेखन व्यक्तित्व

व्यंग्य निबन्ध-लेख प्रकाशित भएका पत्रिकाहरु

| क्रम | पत्रिकाको नाम | लेखको शीर्षक | प्रकाशित भएको मिति |
|---|---|---|---|
| | शैक्षिक चेतना साप्ताहिक | स्वर्गपूरीमा भाषाचर्चा | २०६२ श्रावण २३ |
| | उपभोक्ता पोस्ट साप्ताहिक | स्वर्गपूरीमा भाषाचर्चा | २०६२ मंसिर १२ पेज २ |
| | कालिका मञ्जरी स्मारिका, धादिङ | झ्याउ डाग्डरको करामत | २०६६ |

**आफ्नो बारेमा लेख प्रकाशित भएका पत्रिकाहरु**

| क्रम | पुस्तक/पत्रिकाको नाम | सन्दर्भल | प्रकाशित भएको मिति |
|---|---|---|---|
| | सुगन्ध मासिक, पूर्णांक २०८ | अस्तित्वको खोजी कवितासंग्रहको समीक्षा | २०५५ |
| | मधुपर्क मासिक | अस्तित्वको खोजी प्रकाशनको समाचार | २०५५ भदौ |
| | ज्ञानज्योति, नेविसंघ धादिङ | धादिङका साहित्यकारहरु | २०५७ |
| | भेटेका पुस्तक, टिपेका कुरा | मास्टरको कोटको समीक्षा (डा. विष्णुराज) | |
| | समकालीन साहित्य, (नेराप्रप) | अस्तित्वको खोजीको सन्दर्भ (ले.कृष्ण गौतम) | २०६१कार्तिक-पौष |
| | समाधान दैनिक पोखरा | मास्टरको कोट कवितासंग्रह समीक्षा | २०६१ चैत्र २० |

(यी समेत अरु विभिन्न २५ भन्दा बढी पत्रपत्रिकामा अस्तित्वको खोजी, मास्टरको कोट र मेरी छोरीको देश कवितासङ्ग्रहहरु बारे समीक्षात्मक टिप्पणी तथा पुस्तक सार्वजनिक भएको समाचार २०५५ देखि २०६२ सम्म प्रकाशित भएका छन् ।)

## आफ्ना लेखरचना प्रकाशित भएका पुस्तक/पत्रिकाहरु

| **<u>मासिक-त्रैमासिक पत्रिका</u> क्रम** | **पुस्तक/पत्रिकाको नाम** |
|---|---|
| **<u>दैनिक पत्रिका</u>** | |
| गोरखापत्र दैनिक, काठमाडौं | कान्तिपुर दैनिक, काठमाडौं |
| नेपाल समाचारपत्र दैनिक, काठमाडौं | राजधानी दैनिक, काठमाडौं |
| स्पेसटाइम दैनिक, काठमाडौं | श्री देउराली दैनिक, काठमाडौं-विराटनगर |
| नागरिक दैनिक, काठमाडौं | दर्शन दैनिक, विराटनगर |
| साँझको समाचार दैनिक, काठमाडौं | |
| **<u>साप्ताहिक पत्रिका</u>** | |
| एभयउभिक च्भखष्भध ध्भभपथि, प्वतजक्रबलमग | गतिविधि साप्ताहिक, काठमाडौं |
| सहारा साप्ताहिक, काठमाडौं | मनोहरा टाइम्स  साप्ताहिक, भक्तपुर |
| कर्मयोग साप्ताहिक, ललितपुर | तरुण सन्देश साप्ताहिक, काठमाडौं |
| जनभावना साप्ताहिक, काठमाडौं | ताजा खबर साप्ताहिक, काठमाडौं |
| देशान्तर साप्ताहिक काठमाडौं | जनमञ्ज साप्ताहिक, काठमाडौं |
| जनसत्ता साप्ताहिक, काठमाडौं | शैक्षिक चेतना साप्ताहिक, काठमाडौं |
| उपभोक्ता पोष्ट साप्ताहिक, काठमाडौं | रहस्य साप्ताहिक, काठमाडौं |
| गणेश हिमाल साप्ताहिक, धादिङ | खुला विचार साप्ताहिक |

मेला मासिक बालपत्रिका, काठमाडौं-२०५६ चैत्र आँखुखोला साहित्यिक पत्रिका, धादिङ

विमोचन मासिक पत्रिका, काठमाडौं-२०५४ कार्तिक सुचारु मासिक, काठामाडौं

सुगन्ध मासिक, काठमाडौँ सँगालो मासिक, काठमाडौँ

नेपाली लिंक मासिक, सिडनी अस्टेलिया काठमाडौँ

स्काउट, द्वैमासिक मातृसत्ता मासिक, काठमाडौँ वर्णन मासिक, काठमाडौँ

शैक्षिक चेतना मासिक

**<u>विविध पत्रिका</u>**

कालिका मञ्जरी, कालिका मा.वि. धादिङ-२०६६ जनकल्याण उच्च मा.वि., पाल्पा- २०६६

बिसौनी धादिङ परिचय- २०६४लायन्स क्लब अफ काठमाडौँ पशुपतिनाथ स्मारिका

इनर ह्विल क्लब अफ दरवारमार्ग- २०६७ (२०११)

सांस्कृति लेखमाला भाग १ (प्रकाशक एडिटर्स गिल्ड अफ नेपाल), २०६२ वैशाख

### २.२.८संवाददाताका व्यत्तित्व

संवाददाताका रुपमा काम गरेका पत्रपत्रिकाहरु

निष्पक्षध्वनि साप्ताहिक, नेपालगञ्ज

नेपाल न्युज साप्ताहिक, भक्तपुर

गतिविधि साप्ताहिक, काठमाडौँ

सहारा साप्ताहिक, काठमाडौँ

तरुण सन्देश साप्ताहिक, काठमाडौँ

कर्मयोग साप्ताहिक, ललितपुर

जनमञ्च साप्ताहिक, काठमाडौँ

एसिया प्यासिफिक स्काउटिङ, मनिला, फिलिपिन्स

## २.२.९ टेलिवृत्तचित्र निर्माण व्यक्तित्व

टेलिवृत्तचित्रको निर्माणमा भएका भूमिका

**क्रम वृत्तचित्रको नाम निर्माता भूमिका मिति अवधि**

१. Nepal Project 2001 Nepal Foundation, USA स्वरांकन/स्कीप्ट लेखन २००१ ३२ मिनेट

२ ४५ वर्षको यात्रामा काठमाडौं जिल्ला स्काउट जिल्ला स्काउट, काठमाडौं स्वरांकन/स्कीप्ट लेखन

३. WE SERVE लायन्स क्लब अफ पशुपतिनाथ स्वरांकन/स्कीप्ट लेखन २०६१ वै-मं १५ मिनेट

४. लायन्स क्लब अफ कार्यक्रम प्रस्तोता
पशुपतिनाथका आठ वर्ष लायन्स क्लब अफ पशुपतिनाथ स्वरांकन/स्कीप्ट लेखन २०६२१० मिनेट

५. श्रीत्रिपुरासुन्दरी माईको मन्दिरस्वयं निर्माता, निर्देशक, प्रस्तोता २०६३ २९ मिनेट

माथि १ नंबरको वृत्तचित्रको स्कीप्ट भाषा अंग्रेजीमा वाचन गरिएको छ । ३ नंबरको कार्यक्रम इमेज च्यानलसित सम्झौता गरेर २०६१ वैशाख ४ गते शनिवारदेखि मंसिरसम्म हरेक महिनाको पहिलो शनिवार एक कार्यक्रम विहान ८ बजेदेखि नेपाल टेलिभिजनमा १५ मिनेट बजाइन्थ्यो । भोलिपल्ट दिनको २ बजे इमेज च्यानलले सो कार्यक्रम पुनः प्रशारण गर्दथ्यो । नंबर ४ को वृत्तचित्र नेपाल टेलिभिजनले विभिन्न समयमा २०६७ मंसिरसम्म १० पटक प्रशारण गरिसकेको छ ।

## २.२.१० गीतकार व्यक्तित्व

गीतकारका रुपमा

**क्रम गीतको बोल गायक/संगीतकार प्रकृति**

१. आँसुको मूल्य सोध कन्हैया सिंह/दीपकरमण म्युजिक भिडियो, नेपाल टेलिभिजनमा

२. धनगढीकी बैंसालु सुन्दरी कन्हैया सिंह/कन्हैया सिंह म्युजिक भिडियो, नेपाल टेलिभिजनमा

३. हिउँजस्ती गोरी तिमी सुरेश अधिकारी/कन्हैया सिंहम्युजिक एलबम पिरतीको फूल

४. टिपेर फूलको थुँगा अञ्जना गुरुङ/कन्हैया सिंह म्युजिक एलबम पिरतीको फूल

५. तिम्रा पनि हात छन् मणि मल्लन्आभा मुकारुङ म्युजिक एलबम पिरतीको फूल

६. सपनी भैदियो मेरो जीवन मणि मल्ल/बुद्ध मानन्धर युथ एफ एम, ९६.८

७. हिमाललाई चुमे पनि पुष्करजंगम-सिर्जना/केशब सान्दाइ इसीआर एफएम ललितपुर

## २.२.११ संस्थागत संलग्न  व्यक्तित्व

शैक्षिक/समाजसेवी संस्थामा

| क्रम | संस्था | पद |
| --- | --- | --- |
| १. | नेपाल स्काउट | -सदस्य, रा. तालिम दल (सहायक राष्ट्रिय प्रशिक्षक) |
| | | -सदस्य, मध्यमाञ्चल क्षेत्रीय स्काउट परिषद् |
| | | -सदस्य, जिल्ला स्काउट परिषद,काठमाडौँ |
| २. | लायन्स क्लब पशुपतिनाथ | -संस्थापक सह-कोषाध्यक्ष, पूर्व अध्यक्ष, (हाल सदस्य) |
| ३. | गंगाजमुना उत्थान संघ धादिङ | -सल्लाहकार २०५३-६४ |
| ४. | मातृभूमि बहुउद्देश्यीय सहकारी संस्था लि., काठमाडौँ | -सल्लाहकार |
| ५. | एकीकृत विकास केन्द्र, बनेपा काभ्रे | -सदस्य |
| ६. | जागरण टोलसुधार समिति मनमैजु-१ र २ | -सल्लाहकार |

### विशिष्ट/आजीवन सदस्य

| | | |
| --- | --- | --- |
| १. | विशिष्ट सदस्य | नेपाल शिक्षक संघ |
| २. | आजीवन सदस्य | जनमत साहित्यिक मासिक, बनेपा काभ्रे |

### आर्थिक क्षेत्रमा सहभागिता

| | | |
| --- | --- | --- |
| १. | सञ्चालक (शेयरहोल्डर) | टुरिजम डेभलपमेन्ट बैँक लि. |
| २. | सञ्चालक (शेयरहोल्डर) | ॐ नव उदय बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौँ |
| ३. | सञ्चालक (शेयरहोल्डर) | मातृभूमि बहुउद्देश्यीय सहकारी संस्था लि., काठमाडौँ |

## २.२.१२ राष्ट्रिय स्तरमा पुरस्कार, सम्मान र पदकहरु

<u>पुरस्कार</u>

| क्रम | पुरस्कार नाम | संस्था | साल |
|---|---|---|---|
| १. | शिक्षा पुरस्कार | शिक्षा मन्त्रालय, | २०५६ |
| २. | प्रज्ञा कथापुरस्कार | नेपाल प्रज्ञाप्रतिष्ठान,कमलादी | २०६१ |
| ३. | इलेक्ट्रोनिक मिडिया प्रडक्सन अवार्ड | इन्टरनेसनल लायन्स क्लब्स, डि-३२५ए | २०६१ |

**सम्मान**

| | | | |
|---|---|---|---|
| **१.** | **सिम्पल सम्मान** | **सिम्पल आर्ट, बानेश्वर** | **२०६१** |
| २. | सक्रिय स्काउटर सम्मान | नेपाल स्काउट, काठमाडौँ | २०६३ |
| ३. | वर्षको उत्कृष्ट शिक्षक सम्मान २०६२ | शारदा मा.वि. काठमाडौँ | २०६३ |
| ४. | वर्षको उत्कृष्ट शिक्षक सम्मान | २०६३शारदा मा.वि. काठमाडौँ | २०६४ |
| ५. | सक्रिय स्काउटर-पत्रकार सम्मान | पद्मकन्या उ.मा.वि. स्काउट ट्रूप | २०६५ |
| ६. | विशिष्ट सदस्य अभिनन्दनपत्र २०६५ | नेपाल शिक्षक संघ | २०६५ |

**पदक**

| | | | |
|---|---|---|---|
| १. | वीरेन्द्र-ऐश्वर्य सेवापदक | नेपाल स्काउट | २०५७ |
| २. | स्काउट दीर्घसेवा पदक | नेपाल स्काउट | २०६५ |

सम्पर्क फोन : ०१- ४०२-७६७१

९७४-१२०-०७५९, ९८४-१३३-०१२५

इमेल ठेगाना : shivalamichhane@hotmail.com, shivalami@gmail.com

Website : www.shishirsharma04.webs.com

# परिच्छेद तीन

## ३. कविताको सैद्धान्तिक चर्चा :

### ३.१ कविताको परिभाषा र परिचय :-

कला र भाव पक्षलाई सहज ढङ्गबाट अभिव्यक्त गर्ने साहित्यको सफल विधालाई कविता भनिन्छ । कविका भावहरुले तुल्यउने स्वरुप प्रप्त गरी पाठकको हृदयलाई आल्हादित तुल्यउने साअित्यिक विधाको रेखाङ्कन परिबेश कवितामा भेटिन्छ । सामान्यतया मानविय संबेदना लाई छुने र समाजको सामाजिक मान्यतामा खरो उत्रने साहित्यको काब्यात्मक प्रस्तुतिलाई कविताको रुपमा सम्बोधन गरिएको पाइन्छ । (वर्माःई सनः१९८५:१७७) सरल हृदय र कोमल भावना भएका पाठकहरुको  मानवीय भावनाको कदर गरेर कवि जगतबाट निकालिएका सहज अभिब्यक्ति नै साहित्यिक क्षेत्रमा कविका रुपले परिचित देखिन्छन् । पूर्व का काब्य चिन्तनमा काब्यलाई काव्य र दृश्य गरी दुई भागमा बाँडियको छ । श्रब्य काब्यका दुई भेद गद्य र पद्य गरियको हुनाले काब्यको रुप सोहि रुपमा प्रतीत भएको समेत मानिन्छ  (अधिकारी) २०२३४: १७५) यसरी हेर्दा काब्यको श्रब्य विधा अन्तरर्गत पर्ने कवितालाई पूर्वीय साहित्यले चिनाएको छ । सामान्य रुपले हेर्दा कविभित्रको हुदय पद फुटेर अभिब्यक्तिको भावनालाई सहज रुपमा प्रकाशनमा ल्यउने साहित्यिक मान्यतालाई  कविता भनिन्छ । कविताको स्वरुपलाई चिनाउने सन्दर्भमा साहित्यका विधिन्न विद्वानहरुले परिभाषा दिएका छन् । तिनको काब्यगत प्रस्तुतिलाईयसमा प्रस्तुत गर्न सम्भव नदेखिएकाले  बविताको संक्षिप्त परिचय मात्र यस शोध पत्रमाको बिषय बनेको छ ।  संगीतात्मक भाषामा लेखिएको लयात्मक अभिब्यक्तिभएको, संक्षिप्त र स्वत : पूर्ण देखिएको  कविको कल्पनात्मक भावना बाट तीब्रगामी बनेको साहित्यको सरल र सुबोध रुपलाई कविता भनिन्छ । न्यौपाने : २०४९ :७८) त्यकारण कवितालाई परिभाषाको कथनमा बाँध्नुमा काब्यगत स्वरुप मेख्य आधार बनेको प्रतीत हुन्छ । कविताले काब्यस्वहु पाठकको मस्तिष्कमा छिरेर हृदयको भावनालाई जागृत गराउदै संबेदनाको धरातललाई उभ्याउने गर्दछ । सामान्य रुपले काब्यको भावनात्मक प्रस्तुतिमा सबैभन्दा सानो विधाका रुपमा साहित्यले कवितालाई लिएको देखिन्छ । समग्रमा भन्दा साहित्यको विधागत रेखाडंनमा कविता हृदयको भावनात्मक रुप र पाठकिय चिन्तनको स्वरुपमा देखापर्ने संबेदनाको सहज अभिब्यक्ति मानिन्छ । कविता लयात्मक हुनु पर्दछ र लयको स्वरुपलाईकविताले बोकेर अभिब्यक्तिगत कोमलतालाई पस्केर पाठक सामु उभिनु पर्दछ भन्ने ठम्याह नै कविताको परिभाषागत स्वरुपमा देखिएको प्रस्तुतिकरण मानिन्छ ।

### ३.२ कविताको विधागत वर्गीकरण :–

काब्यकलाको भापनात्मक रुपलाई प्रस्तुत गरेर मानबलाई हृदयदेखि प्रफुल्लित तुल्याउने साहित्यको विधागत रुप कवितालाई लिएर विधागत रुपमा विभिन्न तरिकाले बर्गीकरण गरिएको देखिन्छ

। कविताको विधागत पिचनारी तथा चिनारीलाई लिइयको प्रस्तुति हुन्छ । कवितालाई बर्गीकरणको आधार स्रोत संस्कृत साहित्यको काव्यगच चिनारीलाई लिइएको प्रतित हुन्छ । कवितालाई बर्गीकरण गर्दा यसरी निम्न बमोजीम प्रक्रियाले गरेको देखिन्छ ।

**कविता**

| | | | |
|---|---|---|---|
| लघुतम रुप (मुक्तक) | लघुतम(फुटकर कविता) | मध्यमरुप(खण्डकाब्य) | बृहतरुपम (हाकाबय) |

एब वा दुई हरफमा भावनालाई ब्यक्त गर्ने कविताको लघुतम रुपलाई मुक्तक भनिनछ । संक्षेपमिा आफ्नो अभिब्यक्ति कामैशलतालाई यसले पस्केको हुन्छ । यसका साथै भावगत भावनतालाई बोकेर शिलशिलाबद्ध ढङ्गबाट साहित्यको रुपलाईर कवि भावनालाई पूस्कने कविताको लघु रुपलाई फुटकर कविता भनियको पाईन्छ । जीवनको एक पक्षलाई बोकेर कलात्म प्रस्तुतिले कविको भावनालाई लिएको काब्यत्मक रुपमा अभिब्यक्त, हुने कविताको मध्यम रुप लाई खण्डकाब्उको रुपमा चिनिएको हुन्छ । जीकन जगतको समग्रतालाई बेकेर बृहत आकारमा बनधन हुने कविताको उच्च आकारलाई महामकाब्यको संज्ञा दिईएको छ । (त्रिपाठी अन्य :२०३८:१२) कविताको विधागत रुपमा देखापरेको यी आकारले कविताको स्वरुपलाई परिचित गराएका छन् । यीनै कविताको विधगत चिनारी मानिन्छ ।

विधागत चिनारीको सन्दर्भमा हेर्दा पद्यात्मक स्वरुपमा हाबद्व नभएका श्रुतिमधुरता पव्रवाहशीलता र संगीतात्मक भावनाले आतप्रोत भएका सरस र सरल भाव गाम्भीर्यतालाई वहन गर्ने कवितात्मक रुपलाई गद्य कविता भनिन्छ । कल्पनाको प्रचुरता तथा आलङ्कारिकता र ध्वन्यात्मक रुपले सजिएको हरफहरुलाई गद्यको कवितात्मक कोटिमा राखिएको छ (न्यौपाने २०४९:८८) विधागत आयाममा देखिएको यो विभिधताले कविताको सालाखाला चित्रण गरेको प्रतित हुन्छ कविताको विधागत पहिचानमा देखिएको फरक रुपलाई नै कविताको विधागत बर्गीकरण रुपमा स्वीकार गरेको देखिन्छ । समग्रमा एक हरफ द्वाार पाठकको हृदयमा तिरोहित हुने र जीवनको समग्रतालाई अभिब्यक्र गरी मानवीउ संबेदनाको गहिरो प्रबाहशालीतालाई सकात्ने उच्चतम रुपलाई यहाँ काब्यको रुपमा मानिएको छ अतः कविता कविहृदय द्वारा प्रवाहित बनेको सहृदयको भावनात्मक रुपलाई समाउने काब्य चिन्तनको कलात्मक प्रस्तुति मानिनछ ।

## ३.३ कविताका तत्वहरु :–

साहित्यको ऐतिहासिक परम्परामा देखापरेको कवितात्मक स्तुतिले पाठकको भावनामा सरसता प्रदान गरेको हुन्छ । फुट्कर कवितादेखि महाकाब्य सम्मको आकार प्रबन्धमा बाँधिएको कविताका विधागत ततवहरु विभिन्न प्रकारका देखा परेका हुन्छन् । महाकाब्य र खण्काब्यको स्वरुपलाई निर्धारण गर्ने ततवहरु काब्यगर संरचनामा आबद्ध हुने गर्दछ भने फुट्कर कवितालाइ् देखिएकाच ततवगत पहिचान भिन्न प्रकृतिको देखिनछ । साहित्यको प्रत्यक विधाको आफ्नै ततव हुन्छन् र ति तत्वकै परिवेशमा विधागत सुगठन मुख्य कनेर उपस्थित भएको हुन्छ कविताको विधागत परिचय भिन्न भिन्न

हादा तत्वगत स्वरुपमा पनि एकरुपता देखिनन् । मध्यमरुपमा र बृहतरुपको ततवगत पकृति आफ्नौ किसिमको प्रतित हुन्छ । तर लघुतम र दघुरुपमा कविताले कविको भावनालाई दुत गतिमा पैवाहशाली बनाउने हुँदा यस रुपकान कवितामा तत्वगत  स्वरुप पर्न भिनन प्रकृतिको देखा परेको पाईन्छ । कविताले रसानुभुतिलाई अभिब्यक्त गरेको पाठकीय भावलाई  प्रवाहशाली बनाउने हुँदा पूर्वको साहित्य चिन्तनले , रस, ध्म्वनी, रीती, अलं)कारलाईं कविताको तत्व मानेको प्रतीत हुन्छ । साहित्य समाजको पैतिबिम्ब मानिने हुँदा साहित्यको मानवीय भावनाको कदु गरेको हुन्छ । कविताले संभावनाको रेखाहरुमा मानवीय चेतनाको उद्‌बोद गर्ने हुँदा कविताको तत्वहरुकोपश्चिमा बर्गीकरण भिन्न किसिमको प्रतीत हुन्छ । पश्चिमा साहित्य जगतले कविता तत्वका रुपमा भाव , बुद्वि, कल्पना, र रचना ततलाई लिएको छ (चापागाँईं २०५१:२४)  प्रस्तुथ शोधपत्रले शिव प्रसाद लामिछानेका फुट्‌कर कविता संग्रहलाई अध्ययनको परिधिमा राखेको हुनाले पश्चात्य साहित्यमा प्रवाहशाली बनेर साहित्यको स्वरुपलाई उजिल्यउने कविताका तत्वहरुको चर्चा यहाँ प्रस्तुत गरिएको छ ।

### ३.३.१ भावतत्व :

कविताको मूल तत्व भाव मानिन्छ । कविको भावगत अनुभूतिलाई तीब्र प्रक्रियाबाट प्रवाहित गराई  पाठक सामु पस्कने काम कविले गर्दछ । श्रुतिगत मधुरताबाट भावको गहिराइमा पुगेर मानगत भावनालाई ब्यक्त गर्नु कविको स्वतः उद्देश्य रहने गर्दछ । कविको भावनालाई कवितमा ब्यक्त गरेर कविले पाठक सामु पस्केको देखिन्छ । कविताको अध्ययनबाट पाठकका मनमा उत्पन्न विभिन्न भावहरुले उसलाई प्रवाहित पार्ने गरेको हुन्छ । कविताको अध्ययन  बाचनबाट उत्पन्न भावहरुले पाठकलाई इकका र बनाई रसानुभूतिमा डुवाउने काम गर्दछ । कलात्मक भाषामा अभिब्यक्त गरिएका पंक्तिहरुले पारेको प्रवाहगत रुपलाई भाव मानिने हुँदा  भाव तत्व  कविताको अनिवार्य ँ तत्वका रुपाम सकारिएको हुन्छ । कला पक्षमा महत्व पूर्ण भावना अभिब्यक्त हुने हँदा भाव तत्व कविताको तत्वगत आधार मानिन्छ । (चापागाँईं २०५१:२३)

### ३.३.२ बुद्वितत्वः

भावले हृदयलाई प्रवाव लिएर कार्यगत स्वरुपलाई पस्कज्छ भने बुद्विले मस्तिस्कमा प्रवाह पर्ने गरेको हुन्छ । कल्पनालाई सुब्यबस्थित गर्न समेत बुद्वितत्वको महत्वपूर्ण भूमिका  हुने हुदा  बुद्वितत्व कविताको तत्वको रुपमा दरिन पुगेको प्रतितथ हुन्छ । कविता कवि कल्पना द्वारा पैदाभई बग्ने काव्य हुनाले कविभित्र विद्यामान बुद्धिले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । बौद्विकताको रमरम आवश्यकता कवितामा देखिने अनिवार्य रुप ठहरिने हुनाले यसलाई कविताको तत्वगत रुपमा लिइएको हो । भावलाई बुद्विको विवेकशीलता रुपमा उनेर पस्किने प्रवृतिका कारण बुद्वितत्व लाइृ कविताको अनिवार्य सर्तका रुपमा स्वीकार गर्नु पर्ने हुन्छ ।

### ३.३.३ कल्पनातत्वः

कल्पना भावको सहायक बनेर आउने तत्व हो । कविता मनमा संगालीएको कल्पनाहरु भावप्रवाहमय ढङ्गबाट पाठक सामु पुगेका हुनछन् । यस परिबेशमा कविकल्पनाले सिर्जना गरेका

काब्यगत प्रस्तुतिलाई कविले पाठकका सामु प्रवाहित गरेको देखिन्छ । अनुभूतिगत परम्पराको अबस्थामा कल्पनागत भावनाले कवितालाई सहज बनाउने हुनाले यसलाई कविता तत्वका रुपमा स्वीकार्नु पर्ने हुन आउँछ । प्रतिभा सम्पन्न कविले कल्पनाको संगतमा परेर काब्यरुपको कवितालाई पठाउने हुँदा कवितामा कल्पनाको प्राचूरर्य महत्वपूर्ण मानेको देखिन्छ ।

## ३.३.४ संरचना :

खण्डकाब्य र महाकाब्यको संरचानविधान आफ्नै किसिका हुन्छन् । फुटकार कविताले संरचना विधानमा कसिलो पाराले आफुलाई बाँध्नु अति आबश्यक हुन्छ । कविताको बनोट, गठन र आदि मध्य र अन्त्यको परिबबेशमा कविताको सहजता देखिनु आबश्यक हुन्छ (पोखरेल :२०५५:१०१) कविताको संरचनामा देखापरेको मिहिनताले कविताको लोकप्रीयतालाई समाउने हुँदा यसको ब्यवस्थितिमा कवि सचेत रहनु आबश्यक देखा पर्दछ । संरचनाको रुपलाई कविगत भावनामा पहिल्यउनुपर्ने हुनाले संरचनालाई कविताको अनिवार्य ततव मानिएको हो ।

## ३.३.५ लयविधान :

गीतिमयता र लयात्मकता कविताको शर्त हो । कविता गद्य वा पद्य जे होस त्यसको गेयकत्मकतामा सहजपन बगेको हुनु आवश्यक छ । लयपूर्ण ढङ्गबाट बाचचन गरिने हुदा यस कलात्मक प्रस्तुतिलाई कविताको मूल तत्वका रुपमा स्वीकार गरीएको देखिनछ । कल्पना द्वारा प्रवाहित की कलालाई कवि लयात्मक ढङ्गले पेश गर्नु कविताको आफ्नै कर्म मानिन्छ । अतः कविताको लयगत रुपलाई स्थापित तुल्याइ काब्यात्मक प्रस्तुति प्रकट गर्नु कविताको मूल आधार हो । त्यसकारण लय विधान कविताको आबश्यक तत्वका रुपमा प्रकट भएको मानिन्छ ।

*शान्तिको लागि क्रान्ति गर्नुपरेको*

*इतिहास सुम्पनकै लागि*

*नयाँ पुस्ता चाहिने हो भने*

*अबदेखि प्रत्येक दम्पतिले नवजात शिशुका लागि*

*अतृप्त सपना नदेखे पनि हुन्छ ।*

*(शर्माः पूर्ववत्: १३)*

कवि शर्मा प्रजातन्त्रको उदय तथा यसको दिगो र मलिलो व्यवस्थापनमा सजग रहन संकेत गर्छन् । प्रजातन्त्रको सुदृढीकरणमा देशले मुहार फेर्ने संकेत उनको देखिन्छ । 'जनआस्था' कविताले यही कुरालाई संकेत गरेको छ । सहिदको बलिदान र इतिहासको सुनौलो रेखालाई चिरेर नेपालीहरूले

ल्याएको प्रजातन्त्रप्रति कविको दृढ आस्था प्रकट भएको छ । व्यवस्थालाई मागि खाने भाँडो नबनाउन कविले नेताहरूलाई संकेतात्मक ढङ्गबाट व्यङ्ग्य गरेको छ । कवि संसारबाट विलीन हुन लागेको मानवतालाई खोज्न संकेत गरेका छन् । 'बुद्ध र आजको संसार' कविताले यसै कुराको संकेत गरेको देखिन्छ । बम, गोला, बारूदको देरमा उभिएका मुलुकलाई मानवमा हुनुपर्ने माया, ममता, पुगेर बोधिसत्व प्राप्त गऱ्यो तर उसले देखाएको शान्तिमार्ग खलबलिएकोमा कवि अन्यमास्क प्रतीत भएको देखिन्छ । आजको मान्छेलाई देखेर कविले आफ्ना भावनालाई यसरी व्यक्त गरेको देखिन्छ-

*शान्ति नहुने लागेर होला-*
*मान्छेको विनाशपछिको शान्तिका लागि*
*बुद्धको तपस्या होइन*
*युद्धको तपस्या खोजिरहेछ*
*(शर्माः पूर्ववत्:२०)*

नेपालको प्राकृतिक छटालाई 'अस्तित्वको खोजी' कविताले गाएको पाइन्छ । नेपालको प्रकृति र प्राकृतिक विशालतामा लुटुपुट् गर्ने छोराले आमाको सपनालाई जीवनन्त पार्न क्रियाशील रहेको तथ्यलाई कवितामा संकेत गरिएको छ । नदीनाला तथा जलस्रोतले भरिभराउ देश आफ्नो अस्तित्व खोजको धारणा कवितामा पोखिएको छ । नेपाल आमाको रक्षा मेची महाकालीको गहिराई, गुराँसको लालिमालाई सबै मिलेर रक्षा गर्नुपर्ने भावनामा कविता सबल बनेर उभिएको छ । आम बेसी गर्दै हुर्केका, शहरी सभ्यतासंग अपरिचित रहेका, सोझा तथा सरल समाजका वासिन्दालाई ढाँटेर, नचाहिंदो आशाबन्धन देखाएर चुनावमा मात्र वाचा गर्ने नेताहरूलाई 'आमा म र मेरो देश' कविताले व्यङ्ग्य गरेको छ । चुनाव जित्न वाचावन्धन गर्ने तर, भ्रष्टाचार र कमिसन खोरीमा पल्केका नेताहरूप्रति कविता व्यङ्ग्य बनेको कुरालाई कवि भन्छन्:

*भन्सार छलेको सुनले*
*कमिसनमा आउने मलले नुनले??*
*कसैको उपहार महलले*
*भार्वल, ग्लास, आलमारी वा के ले ?*
*खै के मासेर तिरूँ*
*मेरा मतदाताको गुन*
*(शर्माः पूर्ववत्: २९)*

सहरी सभ्यतामा जीवन यापन गर्ने मध्यमवर्गीय व्यक्तिहरूको जीवनचर्यालाई कविताले अभिव्यक्त गरेको छ । जागीर खाएर सहरको रमझममा रङ्गिएका जागिरबाजहरू र उनका श्रीमतीहरूले भोग्नुपर्ने अत्यास लाग्दा दिनहरूलाई 'मेरो शहरको कथा' कविताले राम्रोसंग व्यक्तः गर्न खोजको देखिन्छ । मानवतालाई धितो राखेर जिउने संवेदनाको कहानी लाग्दो परिवेशलाई प्रस्तुत कविताले संकेत गर्न खोजको प्रतीत हुन्छ । मध्यमस्तरका परिवारमा भोगिएका समस्याको पोकोलाई कवितामा संकेत गर्दै भन्छन्-

*लोग्ने देखिन्छ, लखटिए जस्तो, लर्खरिएर जस्तो,*
*अर्कैले रित्याएको शरीर लिएर*
*दुस्स गनाउँदै भित्र पस्छ, सुत्छ, निदाउँछ*
*भोलि उठछ क्रमशः रूटिन बनाउँछ*
*यस्तै व्यस्त छ मेरो शहर ।*
*(शर्माः पूर्वतत्: ३२)*

पतिको यसकिसिमको दिनचर्या देखेर उन्यत्र वैंशको संघारमा कामदेवको उद्वीग्न कामलाई दुबाउन अर्काको अंगालोमा बेरिनुपर्ने बाध्यता पत्नीमा हुने संकेत कवितामा प्रतीत भएको छ । कवि उनीहरूको जीवन तिक्ततालाई सम्झँदै भन्छन्-

*स्वास्नीहरू दिवन्क हुन्छन्*
*कोही रून्छन्, चित्र दुखाउँछन्*
*आँसु सुकाउँछन्, भाग्य पुर्काछन्*
*ईश्वर गुहार्छन, पुर्पुरो मुसार्छन्*
*अलिकति अत्यास भुल्न, अलिकति प्यास मेटन*
*पराहको अत्यासलाग्दो अंगालोमा बेरिन्छन् बिचरीहरू ।*
*(शर्माः पूर्ववतः ३२.३३)*

राष्ट्रियता जोर्खममा पर्ने गरेको र हामीमा एकताको पहिचान गुम्दै गएकोमा कविमा चिन्ता देखापरेको प्रतीत हुन्छ । हाम्रा पूर्खाको देन र बलिदान खेर फाल्न नहुने संकेत कविको देखिन्छ ।

*मेचीमा घाउलाग्दा टिङ्करमा काँडा विभ्दा*

*हामीलाई किन देश दुःख्दैन ?*

*मान्छेको स्वाभिमान गुमेपछि*

*उसको आफ्नो केही हुँदोरहेनछ ।*

*(शर्माः पूर्ववत्: ४०)*

मान्छेलाई पराइन्तिमा समार्पित बनेर मानव बन्न कविले मान्छे कविता मार्फत पाठकलाई सल्लाह दिएको देखिन्छ । विवेक, न्याय, सद्बुद्धि सद्भावलाई जन्मदेखि लिएर आएको मान्छे किन अत्यासलाग्दो परिवेशमा उदण्ड भएको होला भन्नेमा कवि व्यक्तित्व चिन्तित देखिएको पाइन्छ । गरीब भरिमा, ढाक्रे, मजदूर, नोकर, असहाय मान्छेहरू कर्तव्यप्रति सचेत रहेर, पसिना बगाएर मानव बनेका हुन भन्ने भावना कवि व्यक्तित्वको रूप प्रतीत हुनुपुगेको छ । कवि शर्मा सहिद बोलिरहेछ कविताबाट पदलो बुपता तथा निष्ठाको राजनीतिबाट भागेका नेताहरूलाई सचेत गराउन खोजेका छन् । उनीहरूको स्वार्थीपनामा राष्ट्रियता कमजोर भएको संकेत यसमा पाइन्छ । सहिदको भावनलाई व्यक्त गर्दै कवि भन्छन्-

*ए नेताहरू हो*

*राष्ट्रनिर्माणको यस घडीमा*

*भुल्यौं हिंजोका रगतका पाइलाहरू*

*कुर्सीको भोको बनेर*

*पदानुलुप्ट बनी तिर्खाएका*

*तिमीहरूलाई*

*तिम्रा लागि मर्ने सहिद बेरिरहेको छ ।*

*(शर्काः पूर्ववत्: ४९-५०)*

प्रस्तुत कृतिभित्र समेटिएको अन्तिम कविताले कवि भित्रको मानवतालाई जगाएको छ । ‘लेख्दा लेख्दै’ शीर्षकभित्र समाहित भएको प्रस्तुत कवितामा एक्काइसौं शताब्दीलाई शान्ति, समृद्धि, नविन, मानवहित, मानवकल्याणको सन्देश लिएर आएन आग्रह गरिएको छ । कवि बिसौं शताब्दीले दिएको सन्त्रास, गोलाबादुर, अणु र परमाणुको युगलाई विदा गर्दै बिहानीमा झुल्कने सूईले नवयुगको भावना बोकोस् भन्दै भन्छन्-

*बाल सूईले*

*एक्काइसौं शताब्दीको*

*नवयुग जन्माओस्*

*भयभुक्त शान्ति र समृद्धिको युग ।*

*(शर्माः पूर्ववत्: ५३)*

माथि उल्लेख गरिएका कविताका बान्कीहरूले शर्माको कवित्वलाई जीवन्तता प्रदान गरेका छन् । यी कविताको भावनात्मक सम्बन्धलाई नियालेर हेर्दा-उनका कविताका सरहजतालाई र स्वाभाविकतालाई निम्न रूपमा हेर्न सकिन्छ ।

# परिच्छेद चार

## ४.शिशिर शर्माका साहित्यिक कृतिहरुको विश्लेशण

४.शिशिर शर्माका साहित्यिक कृतिहरुको विश्लेशण

यस खण्ड अन्तर्गत शिशिर शर्माका हाल सम्म प्रकाशीत पुस्तकाकारका कृतिहरुको विश्लेबण गर्नु पर्ने हुन्छ । त्यस वाहेक उनका फुटकर रचनाहरुलाई पनि यथास्थानमा प्रप्त भएसम्मन मूल्याकंन र विश्लेशण त्यतिकै आवश्यक छ ।

### ४.१ अस्तित्वको खोजी कविता संग्रहको विश्लेशण

वि. सं.२०५५ सालमा प्रकाशित अस्तित्वको खोजी शिशिर शर्माको पहिलो प्रकाशित कृति हो । विभिन्न समयमा प्रकाशित र अप्रकाशित कविताहरुको संग्रहका रुपमा प्रस्तुत कृति आएको देखिन्छ । २० ओटा कविताहरुको उपस्थिति लाईप्रस्तुत कृतिले आफुलाई समेटेको छ । मान्छे र शान्ति जनआस्था अस्थित्वको खाजी  आमा म र मेरो देश कविता राष्ट्रवाणी २०५२ जनसत्ता२०५२ देउराली२०५४ जागरण २०५४) मा प्रकाशित  भएका कविता हुन  अन्य सोह्र कविताहरु प्रकाशित नभएका संग्रहभित्र समेटन पुगेका कविताहरु हुन । कविताका प्रत्यक शिर्षकमा कविताले अस्थित्वको खोजलाई तीब्रता प्रदान गरेको देखिन्छ । यस कविता संग्रहभित्र संग्रहित हुन पुगेका कविताहरु समाजका सामाजीक परिबेश चित्रण राष्ट्रियता आदि धारणागत भावनामा केन्द्रित रहेको प्रतित हुन्छ । यसका साथै उनका कविताको शाान्तिका कामनालाई समेत अघि बढाएको देखिन्छ । खलबलिएको नेपाललाई शाान्तिको मार्गमा प्रवाहित गराउन कवि आफ्ना भावना सहित उक्त संग्रहमा आग्रहित देखिएको पाईन्छ कवितामा शिक्षाको महत्वलाई कविले उच्च मूल्यकंनका साथ हेरेका छन् । विद्या नामक शीर्षकको कवितामा आफ्नो शिक्षा प्रतिको आस्था पस्कँदै कवि भन्छन् ।

*तर, विद्या*
*दुई अक्षरी शब्द*
*भाव असीभित छ*
*क्षेत्र अपरिभय छ*
*समयले विद्या विस्ता गर्छ ।*
*शर्मा : २०५५:५*

शिक्षाको परिभाषा दिने क्रममा कविका कविता सहज अभिव्यक्तिको साधन बनेको प्रतीत हुन्छ । समाजमा विद्यमान शोषण अन्याय अत्याचार प्रती इकिंत गर्दै कवि स्वार्थी समाज कविताका माध्यामबाट प्रगतीबादी सोचको भावनामा केन्द्रित रहेको प्रतीत हुन्छ । समाजको अस्वस्थ्ताप्रति हेवन्काच राख्ने गरीबले भोग्नु पर्ने समस्यालाई भन्छन् ।

*डाँका शोषक फटाह*

*सजिलै सित बाँच्छन्*

*गरीब निमुखा भोका नागां*

*मुस्किलले जीवन साँच्छन् ।*

दुला माछा साना माछाको कथा हो समाज (शर्मा २०५५:१०)

दया मानवता सहित समाजको चित्रण यहाँ प्रस्तुत गरेकमो देखिन्छ । समाजमा ठूला र सानाका बीच विभेदलाई लन्त्य गर्नु पर्ने  संकेत कवितामा देखापरेको पाईन्छ । मानवीय सोदना र भावना लाई कविले मोठो र शसक्त ढगंले उठाएको देखिन्छ । भावनालाई थिलोथिलो पारेर शाान्तिको कामना पर्ने प्रवृत्तिप्रति कविको असहमति देखिन्छ संसारलाई शाान्तिको पाठ पढाउने बुद्धको देशमा मानविय भावना क्रमश : ह्रासोन्मुख  अवस्थामा पुगेको कविलाई चिन्तित बनाएको छ । शान्तिको निम्ति क्रान्ति गर्ने असिभलाषा बोकेकर अघि बढ्ने हो  भने मानबताको कदर गर्नुपर्ने धारणा कविमा देखापरेको तीत हुन्छ । मान्छे र शान्ति ,। कविताले यसै कुरालाई संकेत गर्दै भन्छ –

*मान्छेको स्वार्थसिसद्धिका निम्ति*

*मान्छेकै बली दिनु पर्छ भने*

*यस्तो मानवता*

*संसारलाई नभए पनि हुन्छ*

*आश्विर वर्तमानले नभेटेको मानवतालाई*

*भविष्यले कसरी अनुसन्धान गर्ला ?*

*शान्तिका लागि क्रान्ति गर्नु परेको*

*इतिहास सुम्पनकै लागी*

*नायाँ पूस्ता चाहिने हो भने*

*अबदेखि प्रत्येक दम्पत्तिले*

*नाजात शिशुको लागी*

अतृप्त सपना नदेखे पनि हुन्छ ।

(शर्मा : पूर्ववत : १३)

कवि शर्मा प्रजातान्त्रिक उदय तथा यसको दियो र मलिलो व्यबस्थापनमा सजक रहन संकेत गर्दछ । प्रजातन्त्रको सुदृढीकरणमा देशले मुहार फेर्ने संकेत उनको देखिन्छ । जनआस्था कविताको यहि कुरालाईँ संकेत गरेको छ । सहिदको बलिदान र इतिहास सुनौलो रेखालाई चिरेर नेपालीहरुले ल्याउने  प्रजातन्त्र प्रती कविको दृढ आस्था प्रकट भएको छ । व्यबस्थालाई मागी खाने भाँडो नबनाउन कविले नेताहरलाई संकेतात्मक ढगंबाट व्यगंय गरेको छ । कवि संसारबाट विलिन हुन लागेको मानवतालाइ्र खोज्न संकेत गरेको देखिन्छ । बम,गोला, बारुद को देरमा उभिएका मुलुकलाइ्र मानबमा हुनु पर्ने माया , ममता , स्नेह, खाज्न आग्रह गरेको छ । एयटा राजकुमार जगंल पुगेर बोधिसत्व प्त गऱ्यो उसले देखाएको शान्ति मार्ग  खलबलीएको कवि अन्य मनस्क प्रतीत भएको देखिन्छ । आजको मान्छेलाई देखेर कविले आफ्ना भावलाई यसरीप्‌ व्यक्त गरेको देखिन्छ –

*शान्ति नहुने लागेर होला*
*मान्छेको विनाश पछिको शाानितका लागी*
*बुद्धको तपस्य होइन*
*युद्धको तपस्या होईन*
*युद्धको तपस्या खोजिरहेछ*
*(शर्मा पूर्ववत् :२०)*

नेपाली प्राकृति छटालाई  अस्तित्वको खोजी कविकले गााएको पाईन्छ । नेपालको प्राकृतिक विशालतामा लुटुपुटु गर्ने छोराले आमाको सपनालाइ्र जीवन्त पर्न क्रियाशिल रहेको तथ्यलाइ्र कवितामा संकेत गरिएको छ । नदीनाला तथा जलस्रोतले भरिभराउ छ । नेपाल आमाको रक्षा मेची  महाकालीको गहिराई गुँरासको लालीमालाइ्र सबै मिलेर रक्षा गर्नुपर्ने भावनामा कवि सवल बनेर  उभिएको छ ।गाामबेशी गरेर हुर्केका सहरी सभ्यतासंग अपरिचित रहेका सोझा तथा सरल समाचजका बासिन्दालाई ढाँटेर नचाहिदो आशा बन्दन देखाएर चुनाबमा मात्र काचा गर्ने नेताहरुलाई आमा म र मेरो देश कविताको व्यगंय गरेको छ । चुनाव चिन्ह वाचा बन्धन गर्ने तर भ्रस्टाचार र कमिसनखोरीमा पल्केका नेताहरु प्रती कविता यगेंय  बनेको कुरा कवि भन्छन् –

*भन्सार छलेको सुनले*
*बमिसनमा आउने मलले नुनले ??*

*कसैको उपचार महलले*
*मार्वल ग्यास , आलमारी वा के ले ?*
*खै के मासेर तिरुँ*
*मेरा मतदानको गुन*
*(शर्मा पूर्ववत् :२९)*

सहरी सभ्यतामा जीवन यापन गर्ने मध्यकर्गीय व्यक्तिहरुको जीवनचर्यालाई कविताले अभिव्यक्ति गरेको छ । जागीर खाएर सहरको रमझममा रगिंयका जागीरबाजहरु र उनका श्रीमतीहरुले भोग्नुपर्ने अत्यामसलाग्दा दिनहरुलाई मेरा सहरको कथा कविताले राम्रो संग व्यक्त गर्न खोजेको देखिन्छ । मानबतालाई धितो राखेर जीउने संवेदनाको काहानी लाग्दो परिबेशलाई प्रस्तुत कविताले संकेत गर्न खोजेको प्रतीत हुन्छ ।

### ४.१.१. **भावतत्वः**

शर्माको प्रस्तुत कविताका हरफहरूले एक प्रकारको भावलाई बोकेका छ । प्रत्येक कविताको शीर्षक भिन्न भएकाले एउटा कविताको सम्बन्ध अर्को कवितासंग पाइन्न । प्रत्येक कवितामा भावक सहजता अभिव्यक्त भएको छ । भावगत गाम्भीईलाई हेर्दा समाज, मानवता, राष्ट्रियता, प्रकृति चित्रण, आधुनिक समाजमा बढ्दै गएको विसंगति र विकृति कविताको भावगत समाष्टि बनेको प्रतीत भएको छ । कविता संग्रहमा रहेको बोस कविताको भावगत परिवेश भिन्न किसिमको देखापरेको पाइन्छ । कतिपय कविताले वर्तमान अवस्थाको स्वरूपलाई जीवनन्ता बनाएको देखिन्छ । कतिपय कविताहरू भावको रूपलाई अभिव्यक्त गर्न कमजोर देखिएको पाइन्छ । राष्ट्रिय भावनालाई प्रकट गर्न, सहरी सभ्यताको धारणालाई पस्कन, सहिदको मूल्यलाई चिन्न नसक्ने नेताहरूको प्रवृति प्रति कविताका हरूफहरू तीखो व्यङ्ग्य लिएर उदाएका छन् । कविताका बान्कीहरूमा कविमा हुनुपर्ने गुणहरू प्रत्यक्ष नदेखिए पनि कविको राष्ट्रिय भावनालाई व्यक्त गर्न कवितासंग्रह सफल बनेको देखिन्छ । भावको रलता रहेपनि गम्भीरताको तरलताले कविको भावगत कमजोरी ठाऊँ ठाउँमा देख्न सकिन्छ ।

४.१.२. **वुद्धितत्व :** अस्तित्वको खोजी कविता संग्रहमा वृद्धिवत्वको सहज मान्यता खेखिएको पाइन्न । गद्य कविता मष्तिस्क ग्राहय हुने वृद्धितत्वले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शर्माको प्रस्तुत कविताले

नेपाली समाजका विविध पाटाहरूलाई समेटेको अवस्थामा वृद्धितत्वको उपस्थितिलाई प्रबलतासाथ उपस्थिति हुन दिएको देखिदैन । समाज, सामाजिक पद्यति, राजनीती, लुछाचैुडी, मानवताको भावना पस्केका कारण वुद्धिग्राहय  बनेका कविताहरू अत्याधिक वृद्धितत्व भन्दा सहज भावनालाई प्रकट गर्ने सफल भएका देखिन्छन् । भाषिक कोमलता र सहज अभिव्यक्तिले कवितालाई खिरिलो बनाएका कारण वृद्धिग्राहय तभह कविता हुदयग्राह्य बनेका छन् । पहिलो कविता संग्रह भएकाकारण अभिव्यक्तिमा कोमलता देखापरेको प्रतीत हुन्छ ।

४.१.३ **कल्पना तत्व** :

कविता कल्पनाले नेपाली समाज र राजनैतिक परिवेश तथा विस्वबाट लोप हुदैं गइरहेको मानवतालाई बोकेको छ । शर्माका कल्पनाले दुः खी गरीब निरीह मजदुरलाई हेर्नुका साथ फोहरी राजनीतिका खेलाडी झुठा वाचो गर्ने राजनितिज्ञ, जनताको भावना नबुझेर आफ्नो स्वार्थ पूर्ती गर्ने नेताहरूलाई समेत व्यङ्गयको झटारो हिर्काएको छ । कल्पनाको संसार कविता संग्रहमा विविध मुखी बनेर आएको देखीन्छ । कल्पनाको शिखरलाई छुन नसके पनि कविले शान्ति र देशको प्रगतिलाई काल्पनिक भावनाको गहिराईमा लगेर राखेको देखिन्छ ।

४.१.४.**संरचना** :

लघु आकारको कविता संग्रहका रूपमा आएको शर्माको प्रस्तुत कृतिले वीस ओटा कविताहरूलाई आफूभित्र समेटेको छ । 'आमा म र मेरो देश' कविताले साठी हरफहरूलाई संरचनाको लामो आधार बनाएको छ भने 'मित्रता' कविता आठ हरफमा समेटिन पुकोको कविता देखिएको छ । ५३ पृष्ठभित्र संरचित प्रस्तुत कविता संग्रह संचरक तत्वहरूमा उपयुक्त देखिएको छ । बाह्य संरचना भन्दा कविताको आन्तरिक संरचना सुट्टढ प्रतीत भएको पाइन्छ । समाजमा विविध पाटाहरू समेटिएका कारण र भानवीय सैवदेनाको रूपलाई प्रस्तुत गरेका कारण कवित्वडा भावनालाई जागरित गराएको प्रतीत हुन्छ । जेहोस भाषिक सरलता, प्रतीक र विम्वको यथाृचित प्रयोगल कविता संग्रहको स्वरूप र संरचना तत्व सहज बनेको देखिन्छ ।

४.१.५. **लयविधान** छन्दमा नलेखिएका गहात्मक रूपलाई समेटेको प्रस्तुत कवितामा लयात्मकता सहज बनेको देखिन्छ । कवि शर्माले अस्तित्वको खोजलाई तीव्रताका साथ अभिव्यक्त गरेको छन् भने

व्यङ्ग्यात्मकताले कविता संग्रहमा रोचकता थपेको प्रतीत हुन्छ । भाषिक सहजता, शैलीगत मोठासले कविताहरूलाई लयात्मड बनाएको देखिन्छ । शर्माको पहिलो कृति भएकाले कतै कतै भाव र शब्दको तालमेलमा अस्वाभाविकता देखिएको प्रतीत हुन्छ । लय र भाषामा देखिएको सहज अभिव्यक्ति प्रस्तुत कविता सैग्रहको भावनात्मक सम्बन्धको मुख्य पहिचना बनेको पाइन्छ । गद्यकवितामा हुनपर्ने लयात्मकतालाई कविताले समातेको हुँदा कविता संग्रह भाषा र लयमा मध्यमस्तरको प्रतीत भएको छ । सर्सर्ती हेर्दा संग्रह 'अस्तित्वको खोजी' न्पाली कवितामा देखापरेको गद्यकवितालाई जीवन्ता प्रदान गर्ने कृति बनेको देखिन्छ । प्रकृतिको मिठासयृक्त वातावरणलाई कविताले सकातेका छन् भने समाजमा बददै गएको हिंसा, आजकता, अमानवीय व्यवहारलाई कविता सचेत पहरेदार बनेर उभिएका देखिन्छन् । मान्छेका नराम्रा प्रवृति र प्राकृतिक विनासको अवस्था देखेर चिन्तित बनेका काई स्वदेश मात्र नभई विश्वशान्तिको काममा गर्न पुगेका छन् । वर्तमान कालारत्री भए पनि सुनौलो तथा सुन्दर भविष्यको कल्पना कवितामा छरिएर रहेको देखिन्छ । राष्ट्रियताको वकालत गर्ने कविताका कतिपय बान्कीहरूलाई व्यक्त गर्दे तारानथ शर्मा भन्छन् । यो बहाण्ड गुञ्जाउने कवितान्मक आवाजले निबुद्धि र देशघत्तीहरूका कानको जाली च्यत्न छ भन्ने मलाई पूरा पत्यार छ । (शर्मा २०५५:क) सम्रगमा कवि शर्माको प्रस्तुत कविता कृति गद्यकवितामा वर्तमानलाई समातेर भविष्यप्रतिको दह्रो विश्वास बन्न सफल भएका कृति भनिन्छ ।

## ४.२. **'मास्टरको कोट' कविता सङ्ग्रहको विश्लेषण**

नविन भित्री र विषयको विविधतालाई समातेर रचना गराएका, पत्रपत्रिकामा प्रकाशित भएका र नभएका कविताहरूको सदगालोका रूपमा प्रस्तुत कृति 'मास्टरको कोट' (२०५८) ले आकार पारेको हो । आकारबन्धमा आइपुग्दा यस कृतिभित्र सङ्ग्रहित गरिएका कविताहरू मध्ये निम्न कविताहरू प्रकाशित भएको देखिन्छ -

| क्र.सं | कविताको शीर्षक | पत्रिकाको नाम | प्रकाशन साल |
|---|---|---|---|
| १ | प्रकृति र पुरूष | सहारा, साप्ताहिक | २०५८ |
| २ | नारी | कर्मयोग, साप्ताहिक | २०५५ |

| | | | |
|---|---|---|---|
| ३ | मास्टरको कोट | गुञ्जन, त्रैमासिक | २०५६ |
| ४ | शीतको आँसु खसालेर | गातिविधि, साप्ताहिक | २०५५ |
| ५ | प्रेयसीलाई आग्रह | घन्टाघर | २०५३ |
| ६ | यो पनि सम्झना | विमोचन, मासिक | २०५२ |
| ७ | गुलाबमा परेको शीत | दिव्यचअु, साप्ताहिक | २०५५ |
| ८ | रानीपोखरी | गतिविधि, साप्ताहिक | २०५७ |
| ९ | युवालाई गाउँमै रोकेर | गतिविधि, साप्ताहिक | २०५६ |
| १० | चल्दैन सृष्टिमा छल | गतिविधि, साप्ताहिक | २०५५ |
| ११ | मन र आँसु | गतिविधि, साप्ताहिक | २०५५ |
| १२ | प्रेमालाप | घटना र विचार | २०५८ |
| १३ | बूढो माली | अरूणोदय त्रैमासिक | ? |

१३ ओटा प्रकाशित र २६ ओटा अप्रकाशित कविताहरूको संगोलोका रूपमा प्रस्तुत कृति आएको छ । वि.सं. २०५२ सालदेखि प्रकाशित भएका र नभएका कविताहरूलाई प्रस्तुत कृतिभित्र समाहित गरिएको देखिन्छ । पहिलो कविता संग्रहमा गद्य कविता मात्र लिएर देखिएका शर्मा प्रस्तुत 'मास्टरको कोट' (२०५८) मा पद्यमा कविता लेख्ने कविका रूपमा समेत चिनिएका छन् । उनको कवि व्यक्तित्व विस्तारै उत्कर्षतर्फ लम्किएको प्रतीत हुन्छ । प्रस्तुत सङ्ग्रहभित्र संग्रहित बनेका कविताहरूलाई तल उल्लेख गरिएका आधारमा अध्ययनको विषयमा उन्न सकिने प्रसक्त आधारहरू देखापरेको पाइन्छ ।

### ४.२.१ प्रकृतिको सहज चित्रणः

कविहरूले प्रकृतिलाई निकटबाट हेरेका हुन्छन् । प्रकृतिको प्राकृतिक सुन्दरतालाई कविताले सहज अभिव्यक्तिको साधन बनाएको देखिन्छ । प्रस्तुत कविता संग्रहमा कविका 'प्रकृति र पुरूष' 'बुढो माली' गुलाबमा परेको शीत 'प्रकृति' 'रानीपोखरी' 'बादल' 'फूल' सातओटा कविताहरू प्रकृतिको रूपलाई लिएर रचना गरिएका छन् । सृष्टिको आधार प्रकृति हो र प्रकृति र पुरूष गरिएका छन् । सृष्टिको आधार प्रकृति हो र प्रकृति र पुरूष मिलेर संसारको रूप अघि बढाएको देखिन्छ । 'प्रकृति र पुरूष' कविताले कागज र कलमको संयोजनमा शब्दार्थका माध्यमबाट काव्य पुरूषको जन्म दिने कुरालाई कविताले सहजतापूर्वक पस्केको देखिन्छ । प्रकृतिको रूपमा देखिएको ढङ्गलाई कवि प्रतिकात्मक ढङ्गलाई कवि प्रतिकात्मक ढङ्गले भन्छन्-

**कागजको आफ्नो पहिलो पत्र उतार्छे**
**सुन्दरी/सुकुमारी प्रकृति भएर,**
**अब दुवै सर्वाङ्ग नाङ्गिन्छन्**
**मन मस्तिष्कको इच्छाशक्ति**
**कलमको उत्तेजना**
**कागज पृथ्वी भएर सहन्छ्**
**चुपचाप ।**
**(शर्मा : २०५८ : ५)**

यहाँ प्रकृतिको सहज नभई प्रतीकात्मक चित्रण देखाइएको छ । मान्छेले प्रकृतिमाथि कब्जा जमाउन थालेको तथ्यलाई र काण्योचित गुणहरू प्रकृतिबाट आउने कुराको संकेत यसमा देखिएको प्रतीत हुन्छ । 'बूढो माली' कवितामा कविले प्रकृतिको भावनालाई छताछुल्ल बनाएर बढाएको देखिन्छ । कविले प्रकृतिको चित्रणलाई सहजता साथ अभिव्यक्त गरेको देखिन्छ । उनको प्रकृति चित्रण बिम्बात्मक र प्रतीकात्मक बनेर बगेको प्रतीत हुन्छ । प्रकृति चित्रणमा कविको कविव्यक्तित्व निखारिएर आएको देखिन्छ । 'गुलाबमा परेको शीत' कवितामा कवि प्रकृतिलाई हेर्दै भन्छन्-

*लोभ लाग्दो गुलाबी पत्र*
*तप्पतप्त प्रीति चुहिने ओठहरू*

*पुतली निसङ्कोच*

*नरम औंलाले स्पर्श गर्छे*

*भँवरो निर्विध्न चुम्बन गर्छ*

*गुलाबी अधरको मधुर प्याला*

*(शर्मा: २०५८: २९)*

कवि शर्माले प्रकृति चित्रणलाई मानवीकरणका आधारमा ढालेर कवितालाई सुन्दर र सहज बनाएको देखिन्छ । प्रकृतिको चित्रणमा देखिएको मानवीकरणको भावनालाई कवितामा मिहीन तरिकाले पस्केको देखिन्छ । प्रकृतिलाई इतिहासले, वर्तमान र भविष्यले सुरक्षित राख्नुपर्ने धारणा कविका कवितामा सहजता साथ अभिव्यक्त भएको छ । 'प्रकृति' कवितामा कवि प्रकृतिको स्वरूप उल्लेख गर्दै भन्छन्-

*तिमी थियौं -केवल सुन्दर प्रकृति*

*मेरा प्यासी आँखाहरू*

*तिमीलाई नङ्ग्याउँदै थिए,*

*कामातुर मेरा हातहरू*

*तिमीलाई स्पर्श गर्दै थिए ।*

*(शर्मा: २०५८: ३०)*

शर्माको प्रकृति चित्रण प्राकृतिक सौन्दईको चित्रणमा मात्र स्थापित भएको देखिन्न । उनको प्रकृतिले समाज, समाजका विभिधता, शान्ति, ऐश्वई, सुन्दर नेपालको चित्र पहिल्याउन खोजको पाइन्छ । देशको भावना प्रकृतिलाई संगसंगै हेर्ने उनको प्रकृतिमा दु:खेको देश, रोएकी नेपाल आमा, काव्यको जन्म, आफ्नो पहिचानलाई धमिल्याउँदै गएको रानीपोखरीको चित्र उतारीएको पाइन्छ । वर्तमानको रानीपोखरीको अवस्था र दुर्दशालाई कविताले भन्छ-

*कलियुगकी दिव्यदृष्टि धारिणी रानीपोखरीलाई,*

*घरैघरले छेकिएकी, बारैबारले घेरिएकी*

*फोहरै फेहरले ढाकीएकी*

*सङ्टापन्न, विपन्न माग्नेजस्ती,*

*(शर्मा: २०५८: ३२)*

माथि उल्लेख गरिएका चर्चा र कविता पंक्तिलाई हेर्दा शर्माको प्रकृतिचित्रण प्रकृतिको उद्‌बोधनमा मात्र रहेको देखिन्न । देशको अवस्था राष्ट्रको रूप, मानवीय भावनालाई समेत उनको प्रकृतिले हेरेको देखिन्छ । प्रकृतिलाई गहिरो परिवेशसंग मात्र नभएर देशको र विश्वक्षितिजबाट भौलाउँदै बन्दै गएको प्रकृति संहारप्रतिको असन्तोष उनको प्रकृति चित्रणले प्रदान गरेको छ । प्रस्तुत कृतिले प्रकृतिको संभावनालाई मीठो ढङ्गबाट मानवीकरणलाई आदि ल्याएर पस्केको देखिन्छ ।

## ४.२.२ प्रतीकात्मकता:

शर्माको प्रस्तुत कविता सङ्ग्रहमा प्रतीकहरूको भरपूर प्रयोग देखिन्छ । प्रतीकका माध्यमबाट कविले आफ्नो भावनालाई पाठकसामु पस्केको पाइन्छ । प्रतीकहरू कर्त सहज रूपमा व्यक्त भएका छन तर कतै प्रतीकले कविताको भावपक्षलाई समेत खजभजाएको पाइन्छ । कविले 'नारी' कवितामा नारीको स्वरूपलाई प्रतीकात्मक ढङ्गबाट यसरी व्यक्त गर्न खोजेको देखिन्छ ।

*ऊ मेध हो-*

*कहिलेकाहीँ पकृति रूवाएर आफै बासिन्छे,*

*ऊ नदी हो*

*कहिलेकहीँ भेल भएर उर्लन्छे ।*

*(शर्मा: २०५८:११)*

प्रतीको प्रयोगले शर्माको कवित्वमा नयाँपन थपेको देखिन्छ । शान्त, सुन्दर र प्राकृतिक सुन्दरताले सजिएको नेपालमा द्वन्द्वले निम्त्याएको परिवेशप्रति कवि सचेत बनेको समेत प्रतीत हुन्छ । शान्त देशले भोगेको पीडालाई 'देशको चित्र' कविताले मीठो न सहजपूर्ण ढङ्गबाट अभिव्यक्त गरेको छ । शान्तिकामी बुद्ध जन्मेको देशमा शान्तिको भोख माग्नुपर्ने अवस्थालाई कविता भन्छ -

*पृथ्वीले बनाएको देश भनेर मात्र के गर्नु ?*

*बुद्धको शान्तिको पखेटा काटिएको छ,*

*अहिले परेवाहरू पखेटा काटिएसर, कुँजिएर*

*शान्ति त मनैको सन्तोष मात्र न हो,*

*(शर्मा: पूर्ववत्:५२)*

कवि शर्मा प्रकृतिलाई प्रतीकका आँखाले हेरेको पाइन्छ । प्राकृतिक मान्यताद्वारा देशविकासको उन्नति र प्रकृति हेर्न चाहिने कविको भावनाले प्राकृतिक मान्यताको रूपलाई प्रकट गरेको छ । प्रत्येक व्यक्त जिजोविषाले भरिएको हुन्छ । उसका अनन्त चाहनाहरू जीवन जिउने प्रवृतिलाई समातेर गतिशील बनेका देखिन्छन् । वर्तमानमा देशको हालत र जर्जरतालाई देखेर कविको 'जिजोविषा' कविताले आफ्ना बन्धुहरू निरूदेश्य लडेकोमा एक वृद्धको मुखबाट भन्छ-

सपना विपना के हो नानी

एकाएक कानमा द्वाङ्ग आवाज आउँछ

धमिलो आँखा अगाडि

लासको खात देख्ने गर्छु

धर्मराएको पाइला अगाडि

रगतको खोलो बगेको देख्छु ।

(शर्मा: पूर्ववत: २२)

शर्माको प्रतसीकात्मकता सहजतातर्फ उन्मुख भएको देखिन्छ । पहिलो कृति भन्दा दोस्रो कृतिमा आएर कविताको स्वरूपमा परिवर्तन, शान्ति, आकांक्षा, मानवता, आदिले झाँङ्गिने मौका पाएको प्रतीत हुन्छ ।

## ४.२.३.भावतत्वः

शर्माको 'अस्तित्वको खोजी' (२०५५) पछि 'मास्टरको कोट' (२०५८) देखापरेको कृति हो । उनको पहिलो कृतिका कविताहरूमा देखापरेका भावतत्वले दोस्रो कृतिमा आइपुग्दा विकास र गम्भीरता प्राप्त गरेको देखिन्छ । प्रत्येक कवितामा व्यक्त भएको भावले कविताको उच्चतालाई निखारेको समेत प्रतीत हुन्छ । कतै दर्शनको पूर्वपोष्किट कवितामा देखापरेको पाइन्छ । शान्तिको खोज, अस्तित्वको वरण, प्राकृतिक सुन्दरताको छटा, मानवीय भावनाको कदर, मानव सभ्यताको पहिचान, मानवजीवनसंग देखिएका कुराहरूको सहज अभिव्यक्ति उनका कविताको बिम्ब बनेको देखिन्छ । कतै कवि प्रकृतिसंग

प्रेमालाप गर्छन कतै शान्तिको दीपकलाई देशमा ल्याउन आग्रह गर्दछन् । यी सबै प्रकृतिक संवेदनाका छटाहरूले कविमा भावको गम्भीरता र कविताप्रतिको सचेतता प्रष्टिदैं गएको प्रतीत हुन्छ । गरीब र उनीहरूले भोग्नुपरेका समस्या तथा उनीहरूको कहाली लाग्दो उदाहरणलाई कविताले समाविष्ट गरेको पाइन्छ । 'सन्तमानको आशा' कवितामा कवि भन्छन्-

*जीवनको सिङ्गै दिन पुषको चिसोमा*

*अर्धनग्न बिताउने ऊ ।*

*हरेस खाएको छैन सन्तमानले,*

जीवन जिउने सन्दर्भमा देखिएको माथिका कविता पंक्तिले सहज भावलाई बोकेको पाइन्छ । प्रस्तुत कवितासंग्रहमा भावतत्वको स्वरूपलाई कविले प्रमुखता दिएको देखिन्छ । कवि शर्मा भावको गम्भीरतालाई प्रस्तुत कृतिमा सहज ढङ्गले व्यक्त गर्न सफल भएको प्रतीत हुन्छ । सामान्यतया कवितामा मानवीय संवेदना, सहज अभिव्यक्ति, प्राकृतिक मीठासलाई पनि प्रकट गरेको पाइन्छ । यसरी 'मास्टरको कोट' कविता सङग्रह भावतत्वका दृष्टिले एक सबल कृतिका रूपमा प्रकट भएको पाइन्छ ।

### ४.२.४ बुद्धितत्वः

गद्यकवितामा सामान्यतया बुद्धिको स्वरूप प्रखर बनेर देखिन्छ । गद्य कविताले भावलाई भन्दा बुद्धिलाई बोकेर हिंड्ने हुँदा यसको उपस्थितिमा कवि कल्पना बुद्धितर्फ अग्रसरित रहेको हुन्छ । कविको पहिलो कृतिमा भाव र बुद्धिको तालमेल नदेखिए पनि दोस्रो कृतिले बुद्धि तत्वलाई प्रमुख रूपमा स्वीकारेको प्रतीत हुन्छ । कवितालाई अभिव्यक्त गर्दा कविताहरू दार्शनिक चेतनाको अग्रतामा बृद्धिलाई क्रियाशील बनाउन सफल भएका देखिन्छन् । कविताले भावनालाई र बुद्धिलाई एकै ठाउँमा क्रियाशील बनँएका कारण कविको बुद्धि प्रचूरता यसमा सक्रिय रहेको समेत प्रतीत भएको छ । कवि शर्मा समाजका सामाजिक प्रवृति भन्दा मानवीय संवेदना तथा सहज अभिव्यक्तिमा विश्वासित रहेकाले बुद्धिको उपस्थिति कवितामा दरिलो बनेर आएको पाइन्न । कविले आफ्ना भावनालाई सहज र सरल प्रकृतिबाट संग्रहमा उतार्न सफल भएका छन् । बुद्धितत्वको सहज उपस्थितिले शर्माको कवित्वलाई तिखारेर राखेको देखिन्छ ।

## ४.२.५कल्पना तत्वः

कवि शर्माको कल्पनाले 'मास्टरको कोट' लाई प्रगाढता प्रदान गरेको देखिन्छ । कविको कल्पनाप्रवाहबाट प्रवाहित भएका कविताहरूले सङ्ग्रहलाई एक कल्पनात्मक उचाइमा पुऱ्याएको देखिन्छ । प्रकृतिको सुन्दरता, शान्तिको आह्वान, सामाजिक सुरक्षा देशमा बढ्दै गएको भ्रक्ष्टाचार, मान्छेमा हराएको मानवीय संवेदनालाई कविको कल्पना प्रवाहले समाउन खोजेको प्रतीत हुन्छ । कविताका बान्कीहरू मिलेर आएका छन् । जसको प्रवाहशीलताले कवि कल्पनाको धरातललाई समातेको छ । यसको रचनामा कविताको अभिव्यक्तिलाई पस्कने कविकल्पनाको प्रवाहशीलता अभिव्यञ्जना बनेर उदाएको छ । मास्टरले लगाएको कोटमा उसले देखेका समग्र परवेशको चित्र उतारेको देख्दा कवि कल्पना सहज प्रस्फूटनको केन्द्र बनेर आएको देखिन्छ । कविताका फाँकीहरू मिलेर आएका छन् जसले सहजपनलाई यथातथ्य रूपमा सकारेर संग्रहरूलाई मिठासपूर्ण बनाएका छन् । त्यसकारण प्रस्तुत कवितासंग्रहमा कविकल्पनाको प्राचूईता भन्दा कविको काव्य र कविताप्रतिको साधनालाई महत्वपूर्ण मान्नुपर्ने देखिन आउँछ । त्यसकारण कविको 'अस्तित्वको खोजी'(२०५६) भन्दा 'मास्टरको कोट' ( २०५८) ले कल्पनाको संवेदनालाई बोकेर उच्च रूप प्राप्त गरेको देखिन आउँछ ।

## ४.२.६ संरचनाः

समय समयमा रचना गरिएको उनन्यालीस कविताहरू प्रस्तुत सङ्ग्रहभित्र समेटिएका छन् । यसमा कविताहरूले आकारका रूपमा भिन्न भिन्न रूप प्राप्त गरेको समेत देखिन्छ । ६७ पृष्ठको आकार बन्धमा बाँधिएको प्रस्तुत कविता संग्रह गद्य कविताको मात्र चाँजोपाँजो मिलेर आएको लघु आकारको कविता संङ्ग्रह मानिन्न । विभिन्न समयमा प्रकाशित भएका नभएका कविताहरूलाई सङ्ग्रहका रूपमा यसभित्र सामेल गरिएको छ । बढीमा ७२ हरफको कविता र छोटोमा ८ हरफको कविता यसमा सामेल गरिएको देखिन्छ । कविता सङ्ग्रहको बाह्य संरचनाको आकारबन्धमा केही कविताहरू लोकलय र गजलको आसपासमा समेत देखापरेको पाइन्छ । 'शीतको आँसु खसालेर', 'जीवनासित हार खानेले' गजलका रूपमा देखापरेका कविता हुन् भने 'प्रेयसीलाई आग्रह' 'युवालाई गाउँमै रोकेर''चल्दैन सृष्टिमा छल' 'फूल''अर्न्त द्वन्द्व' छन्दमा लेखिएका कविता हुन् । आन्तरिक संरचनालाई हेर्दा कविताहरू भावको गम्भीरतामा सजिएर आएका छन् । भावगत सहजतालाई बोकेर हिंडेका र रचनात्मक रूप प्रस्तुत गर्नु कविताकृतिको महनीय पक्ष देखापरेको छ । आनतरिक संरचनालाई हेर्दा कविता सङ्ग्रहमा समाहित

भएका कविताले नेपालको प्रकृति, मान्छेमा बढ्दै गएको लोभनि तथा पापानि, कमजोर मानवता, शास्त्र द्वन्द्वले निम्त्याएको परिवेशलाई कविता सङ्ग्रहभित्र वा कविताले बोकेको प्रतीत हुन्छ । पहिलो कविता सङ्ग्रह 'अस्तित्वको खोजी' (२०५५) मा गद्यकविका रूपमा छरिएर आएका शर्मा प्रस्तुत सङग्रहमा पद्य कवितालाई समेत भित्याउन सफल भएका छन् । कसिलो संरचनामा बाँधिएको कविता सङ्ग्रहलाई परिवेशका दृष्टिले संरचनाका माध्यमले मध्यय आकारका मान्नुपर्ने देखिन्छ ।

## ४.२.७भाषाशैली:

शर्मा नेपाली कविताको गद्य विधामा देखापरेका कवि हुन् । 'मास्टरको कोट' कविता सङ्ग्रहलाई हेर्दा उसका कविताको भाषिक स्वरूप सहज अभिव्यक्तिमा छरिएर रहेको देखिन्छ । भाषिक सरलता र सहजताले कवितालाई पच्छाएको छ । कवितामा प्रयोग भएको भाषिक रूपमा तद्भव र तदसम शब्दको बाहुल्यता देखापरेको छ । कतिपय आगन्तुक शब्दको प्रयोग भएको देखिए पनि कविताका बान्कीहरूले भाषाको सहजतामा नवीनता थपेको देखिन्छ । भाषामा देखापरेको सरलता र मीठासपनाले कविताको भावना र भावगत स्वभाव र सहजपनलाई अङ्गीकार गरेको देखिन्छ ।

## ४.२.८ शीर्षक:

वि.सं. २०५८ सालमा प्रकाशित शर्माको प्रस्तत कविता सङ्ग्रहको शीर्षक 'मास्टरको कोट' राखिएको छ । कविता सङ्ग्रहभित्र रहेको एउटा कविताले शीर्षकको रूप प्राप्त गरेको देखिन्छ । शिक्षण पेशामा क्रियाशील सक्रिय शर्माको प्रस्तुत कविता सङ्ग्रहमा शीर्षकको रूपले व्यङ्ग्यको चेतलाई बोकेको छ । सबैभन्दा गम्भीर भावलाई बोकेको शीर्षकमा रहेको कविताले आफूले काँटीमा झुण्डाएको कोटमा विविध रूप देखाएको छ । सादा जीवन बाँचेर बालबालिकालाई अज्ञानको अन्धकारबाट मुक्त गराउने मास्टरको कोटमा देखिएका विकार र विकृतिको झल्कोलाई कविले भन्छन्-

*कोटमा चिल्लो कार चढ्ने मन्त्री पसको छ,*

*कोटमा पजेरो चढ्ने सांसद पसेको छ,*

*कोट हिवस्कीको नशाले लरबरिन्छ,*

*कोट गोजीबाट पेस्तोल झिक्छ,*

*(शर्मा: २०५८: १६)*

कोटमा भकाएको तन्द्र अवस्थामा कोटको बयान गर्दै जुन किसिमले व्यक्त एको छ त्यसको अवस्थागत रूपले उसैलाई घृढित तुल्याएको छ। कोटमा सजिएका विभुतिहरू सम्भँदा माष्टर गर्व गर्छ तर त्यही कोटमा देखिएको भावनामा भ्रष्टाचार, घुसखोरी, विदेश भ्रमण गरी राष्ट्रधन स्वाहा पार्ने मन्त्री देख्दा मास्टर आफू पनि विस्मित हुन पुग्छ।

*हेर्दाहेर्दै कोट*
*एकाएक चिल्लो, कालो देखिन्छ,*
*कोटमा एकैछिन्मा त्रिभुवन देखिन्छन्,*
*कोटमा उत्निखरै वी.पी.देखिन्छन्,*
*पुष्पलाल देखिन्छन्*
*मास्टर ट्वाल्ल पर्छ।*
*(शर्माः २०५८:१५)*

माथि उल्लेख गरिएका पंक्तिले शर्माको कवित्व र शीर्षकको रूपलाई पूर्णतः अभिव्यक्त गरेको देखापर्दछ । 'मास्टरको कोट' कविता सङ्ग्रहको शीर्षक र शीर्षकले बोकेको गाम्भीईलाई हेर्दा प्रतीकात्मक व्यङ्ग्यात्मक रूपमा शीर्षक प्रतीत भएको देखिन्छ । शीर्षकले बोकेको प्रतीकमा गर्व र घेणाको दुवै छालहरू छरिएर बसेको देखिन्छ । प्रतीकात्मक शीर्षकले कविता सङ्ग्रहलाई नवीन भित्री प्रदान गरेका कारण शीर्षक सार्थक प्रतीत भएको छ।

## ४.३ मेरी छोरीको देश कविता सङ्ग्रहको विश्लेषण :

मेरी छोरीको देश कविता सङ्ग्रह शर्माको तेस्रो कविता सङ्ग्रह हो । 'अस्तित्वको खोजी' (२०५५) 'मास्टरको कोट'(२०५८) प्रकाशित भएपछि शर्माले 'मेरी छोरकिो देश' (२०६१) प्रकाशित गर्न सफ भएको देखिन्छ । विभिन्न समयमा प्रकाशित भएका र नभएका कविताहरूलाई शूत्रबद्धरूपमा सङ्ग्रहित गरी शर्माले पुस्तकाकारका रूपमा प्रस्तुत सङ्ग्रहलाई बाहिर ल्याएको पाइन्छ । उनका १९ ओटा कवितासंग्रह भित्रका कविताहरू प्रकाशित भएका छन् । अन्यकविताहरू प्रकाशित भएको देखिन्न

तर, प्रस्तुत सङ्ग्रहभित्र संग्रहित भएका कविताहरूको लेखन समयलाई शर्माले उल्लेख गरेका छन् उनका प्रकाशित कविताहरूको स्वरूप यस्तो देखिन्छ ।

| क्र.सं. | कविताको शीर्षक | लेखन समय | प्रकाशन समय | प्रत्रिका |
|---|---|---|---|---|
| १ | भित्ताको चित्र | २०५६ भदौं ३१ | ४ मार्च २००४ | www Nepali post. com |
| २ | ए रात | २०५८/११/२६ | २०६० माघ १० | जनसत्ता, साप्ताहिक |
| ३ | संकटकाल | - | २० जुन २००४ | WWW Nepali |
| ४ | अस्तव्यस्त | - | २०५९ पुष २७ | गतिविधि, सा. |
| ५ | टुकी निभेको साँझ | २०५९ कार्त्तिक २५ | १ फरवरी २००४ | WWW Nepali P. |
| ६ | मेरी छोरीको देश | २०६० भदौ १६ | २०६० असोज २२ | रहस्य, साप्ताहिक |
| ७ | अज्ञात रोग | - | २०६१ असार २५ | विर्मर्श, साप्ताहिक |
| ८ | मान्छे र हिमाल | २०६० भर्दा १५ | २०६० भदौ २९ | देशान्तर, साप्तहिक |
| ९ | आस्थाको मसाल ब्लेपछि | २०६१ वैशाख १९ | २०६१ वैशाख २१ | दर्शन, दैनिक |
| १० | आहा दोलालघाट | असार २०६० | २०६० भदौ १८ | रहस्य, सा. |
| ११ | जीवनको परिभाषा | २०५९ कार्त्तिक १ | ३१ जनवरी २००४ | Nepali post. co |
| १२ | सुहगरातको भोलिपल्ट | २०५९ फल्गुण | २०६० चैत्र १२ | परदेश, डटकम |
| १३ | पशुचेतना | २०६० भदौ | २००४ मे | परदेश डटकम |

| | | | | |
|---|---|---|---|---|
| १४ | प्रमको हार | १ असोज २०६० | जुन १ २००४ | नेपाली पोष्ट |
| १५ | रहर | २०६० चैत्र | जुलाई २००४ | परदेश डटकम |
| १६ | वेवारिसे | २०६० भदौ | जुलाई २००४ | फ्रिनेपाल, डटकम |
| १७ | दृष्टि | २०६१ जेठ १८ | जुन २००४ | परदेश डटकम |
| १८ | बादलभित्रको जुन | - | जुलाई १२ २००४ | नेपाली पोष्ट |

१८ ओटा प्रकाशित र सोह्र ओटा अप्रकाशित कविताहरूको पोको बोकेर आएको 'मेरी छोरीको देश' (२०६१) शर्माको तेस्रो कवितात्मक पुष्प हो । साहित्यको बँग्रचामा भग्मगाउँदै आएका उनले काव्यगत भन्दा पनि कवितागत प्राप्तिलाई मुख्यरूपले अभिव्यक्त गरेको देखिन्छ । यस सङग्रहका कवितामा शर्माले राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय परिवेशलाई समेत कविताको विषय बनाएको देखिन्छ । पूर्ववर्ती दुई कविता संग्रहभन्दा भिन्न र परिपक्व रूपमा प्रस्तुत भएको यिनको यो कविता संग्रह नेपाली कविताको इतिहासमा गुरूता लिएर प्रस्तुत भएको प्रतीत हुन्छ । कविताको तत्वहरूलाई लिएर यस सङ्ग्रहलाई नियाल्न पूर्व यसभित्रका केही जवलन्त नमूना तथा यस सङ्ग्रहले बोकेको सीमा र कविताको प्राप्तिलाई केलाउने प्रयास गरिएको छ । कवितामा विद्यमान परिवेश र भावनालाई हेतुपूर्व कविले कवितालाई हेर्ने दृष्टिकोण यसमा प्रवाहित गरेको प्रतीत हुन्छ । कविताले कसरी मेरो हृदयलाई पगाल्दै भावनाको पर्वाह नगरी तराङ्गित हुँदै आउँछे भन्ने सन्दर्भमा कवि 'मेरी कविता' नामक शीर्षकमा भन्छन्-

*पछाडको उचाइबाट*
*छाँगा बनेर हिउँ खसेजस्तै*
*मेरो मनमस्तिष्कबाट*
*जब कविताका नाममा भावनाका झरनाहरू*
*बेतोक बुर्कुसी मारेर हाम फल्न थाल्छन्*
*अनि म सन्तोषले सास तान्छु*
*प्रसववेदनाले छट्पटाएपछि बनेकी*
*एउटी पुत्रवती आमाको सन्तोष*
*ममा सञ्चार हुन थाल्छ*

*(शर्मा: २०६१: ८१)*

कवितालई भावनाको उच्छ्वास मान्ने शर्माले कविताको प्रवृत्ति र प्राप्तिमा आनन्दको अनुभव प्रवाहित गरेको पाइन्छ । यसरी शर्माले कवितालई परिभाषित गरेपछि कविताको भावनात्मक स्वरूपलाई उद्घाटन गर्न सफल भएको प्रतीत हुन्छ । कवितालाई यस प्रकृतिबाट हेर्न शर्माको प्रस्तुत कविता सङ्ग्रहलाई निम्न परूपमा हेर्न सकिने आधारहरू प्रस्तुत भएका छन्-

## ४.३.१ प्राकृतिक चित्रण:

कवि शर्माका कविताहरूमा प्रकृतिको सुन्दरतालाई सहज अभिव्यक्तिसाथ प्रस्तुत गरिएको छ । उनको प्रस्तुत सङ्ग्रहभित्र रहेका कविताहरू मध्ये 'ए रात ?' 'मनको फूल' 'मेरी छोरीको देश' 'मान्छे र हिमाल' 'आहा दोलालघाट' कविताले प्रकृतिलाई भव्य ढङ्गबाट हेरेका छन् । प्रकृतिको चित्रणलाई सहज अभिव्यक्तिको माध्यम ठान्ने उनका कविताले प्राकृतिक सुन्दरतालाई मानवीय संवेदनाको उपहार सम्फेको देखिन्छ । प्रकृतिको भव्यतर चित्रण मात्र नभई भव्य चित्रण समेत यस कवितामा गरेको पाइन्छ । 'ए रात ?' कवितामा कविले प्राकृतिक सुन्दरतालाई विभत्सताको रूपमा प्रस्तुत गरेको प्रतीत हुन्छ । प्राकृतिक मीठासभा रातले देखाएको कुरालाई कवि भन्छन्

*मेची सास दबाएर बगेकी छ*
*काली रगताम्य भएर रोएकी छ,*
*स्वच्छ, शान्त, रारा र फेवामा*
*मान्छेका टाउकाहरू तैरिरहेछन्,*
*(शर्मा: २०६१: ४-५)*

प्राकृतिक बनोट, सुन्दरता तथा मीठासयुक्त भावनाले भरिएको नेपालमा देखापरेको यो वोभत्सपन एउटा संवेदनाको छाल बनेर उदाएको प्रतीत हुन्छ । मेची, काली, रारा र फेवाको स्वच्छतामा डढ्लो लागेको देखिन्छ । कवि प्रकृतिको मीठो भावना तथा अशान्त प्ाकृतिक परिवेशलाई यहाँ प्रस्तुत गर्न सफल बनेको पाइन्छ । प्रकृतिको सुन्दरतालाई अभिव्यक्त गर्ने सन्दर्भमा 'मनको फूल' कवितामा कवि भन्छन्-

*बिहानै दूबोमा मोती फुल्दा*

*मेरो देश कुबेरको भण्डारझैं लाग्छ*

*पखेराभरि फूलहरूले ठकमक्क ढाक्दा*

*यो देश नन्दन नै हो जस्तो लाग्छ*

*चराको चिरबिरसितै सिर्सिरे हावा चल्दा तझन*

*दशे अमरावतीको मुटुझैं लाग्छ ।*

*(शर्मा: २०६१: ७)*

माथिका उल्लेखित पंक्तिले प्रकृतिको सुन्दरतालाई सहज तथा मिहीन ढङ्गले प्रस्तुत गरेको देखिन्छ । प्रकृतिलाई मनबाट नियाल्ने कविले यस कवितामा प्रकृतिको मन्मय चित्रण गरेर स्वच्छन्दतावादी प्रवृत्तिलाई आत्मसात गर्ने कविका रूपमा यहाँ प्रस्तु भएको प्रतीत हुन्छ । 'मेरी छोरीको देश' कविताले प्रकृतिलाई र नेपालको सौन्दईलाई नवीन भित्री प्रदान गरेको देखिन्छ । तर, यस कविताको प्रकृतिले छोरीको बालमस्तिष्कमा नजाँदिदो किसिमले वज्रपात पारेको पाइन्छ । कवि छोरीको भावनालाई व्यक्त गर्दै कवि भन्छन्-

*हिमालको परिभाषामा बाँधिने देश,*

*पहाडको हरियालीमा रङ्गिने देश,*

*तराईका फाँटहरूमा शान्त भएर लमतन्न सुत्ने देश,*

*किन बेलाकुबेला बन्दुकसित तर्सन्छ बाबा ?*

*देश किन परिभाषाविहीन भएको छ अचेल ?*

*(शर्मा: २०६१: २०)*

छोरीका यी अबोध र सरल प्रश्नले कविलाई विस्मित तुल्याएको छ । कविताका माध्यमबाट छोरीले सोधेका यी प्रश्नले कविलाई देशको प्राकृतिक सुन्दरतामा प्रश्नचिन्ह खडा गरेको प्रतीत हुन्छ । दश वर्षे द्वन्द्वले निम्त्याएको विभीषिकालाई कविताले जुन रूपमा व्यक्त गरेको त्यसले प्रकृतिको मीठोपन भन्दा डरलाग्दो र उदेकलाग्दो भावनालाई पस्केको छ । नेपाल हिमाली देश हो यसको प्रत्यक्ष सम्बन्ध हिमालसंग छ र हिमाली सौन्दईले नेपालको प्रकृतिमा नयाँपन थपको कविद्वारा व्यक्त गरिएको छ । 'मान्छे र हिमाल' कवितामा कविले मान्छेलाई प्राकृतिक सौन्दई नष्ट गर्ने ज्वालामुखीका रूपमा चित्रण गरेको देखिन्छ कवि भन्छन्-

*मान्छे त आगो हो आगो*

*स्वभावमा ऊ पृथ्वीको गर्भबाट*

*भर्खर धर्ती फडाएर निस्केको*

*नात्तातो ज्वालामुखी हो ।*

*(शर्मा: २०६१: ३७-३८)*

मान्छे प्राकृतिक प्राणी हो र विकासका साथसाथै उसले प्रकृतिको सुन्दरतालाई सर्वनाशतर्फ धकेलेको छ । यसरी प्रकृतिको भण्डारमा ज्वालामुखी बनेर उदाएको मान्छेलाई कविले प्रकृतिको संहारक जीवन रूपमा प्रस्तुत गरेको देखिन्छ । 'आहा दोलालघाट' कविताले प्रकृतिको सुन्दरता र दोलालघाटको सौन्दर्ईलाई प्रस्तुत गरेको छ । दोलालघाट सुनकोशी र इन्द्रावतीको कलकलाउँदो उन्मादले कवितामा रोचकता थपेको देखिन्छ ।

माथि उल्लेख गरिएका केही कविताहरूले मात्र नभएर शर्माको धेरैजसो कविताले प्राकृतिक सुन्दरताको मुक्त कष्ठले प्रशंसा गरेको पाइन्छ । प्रकृतिलाई कविले सुन्दरताको खानीका रूपमा प्रस्तुत गरेको पाइन्छ । कवि प्रकृतिलाई मन्मय ढङ्गबाट चित्रण गरेर कवितमा नवीनता र सहजता थप्न सफल भएको पाइन्छ । स्वच्छन्दतावादी प्रकृतिले प्राकृतिक सुन्दरतालाई अभिव्यक्ति दिंदा मीठासयुक्त वातावरण र भावनाको उच्छ्वासीकरणमा मह□पूर्ण मानेको हुन्छ । त्यसकारण प्रकृतिलाई सौन्दर्इका माध्यमबाट हेर्ने मात्र नभई कविले भयावह, दुःखद र बीभत्स रूपमा समेत हेरेको देखिन्छ । प्रस्तुत 'मेरी छोरीको देश' कविता सङ्ग्रहमा प्राकृतिक सौन्दर्ईलाई चित्रण गर्दा कविले नेपालको सौन्दर्ईलाई उतारेका छन् । प्राकृतिलाई मन्मय ढङ्गले चित्रण गर्दा कविको प्कृतिप्रतिको अगाध स्नेह प्रकट भएको पाइन्छ ।

## ४.३.२ मानवता:

कवि शर्माको प्रस्तुत कृतिमा मानव चेतनाको उद्बोधन प्रकट भएको देखिन्छ । मानवीय संवेदनाका प्रकृतिहरूले 'मेरी छोरीको देश' कविता सङ्ग्रहलाई सजाएका छन् । मान्छेले मान्छेलाई हेर्ने दृष्टिकोणमा कविताले परिवर्तन खोजको देखिन्छ । दिनप्रतिदिन गिर्दो मानवतालाई संरक्षण तथा संवर्धन गरेर समाजको सामाजिक परिवेशमा ल्याउनुपर्ने ठम्याह कविको पाइन्छ । मानव समुदायमा देखिएको लोभ, लालचको पोकोलाई कविले टाढा राख्न आग्रह गरेको देखिन्छ । दशवर्षे द्वन्द्वले देखाएको ह्रिंसक

वातावरणले मुलुकलाई धुजाधुजा पारेको तथ्यलाई इङ्गित गर्दै कविले व्रतीकात्मक ढङ्गबाट मुलुकलाई जोगाउन संकेत गरेको पाइन्छ । आपसमा लडेर, भिडेर राष्ट्रको प्रगति नहुने संकेतलाई कविले कविता मार्फत व्यक्त गरेको देखिन्छ । देशको सुन्दरता र मानव चेतनाको भावनलाई संकेत गर्दै कविले राष्ट्रको विकासमा क्रियाशील हुन आग्रह गरेका छन् । देशमा बढ्दो हिंसाले निम्त्याएको परिस्थितिप्रति कवि संवेदनशील बनेका छन् । 'उपहार' कवितामा कविले देशको हिंसालाई हेर्दै भन्छन्–

*कुलमको युगमा बारूदको फाँकी मार्दै बाँचेका*

*मेरा रूकुमरोल्पाका चट्टान र बादलहरू*

*मर्ने र मार्ने पासोमा अन्धो भएर पर्दै छन्*

*आफ्नै दाजुभाइलाई दुस्मन मान्दै*

*मार्दै र आफै पनि मर्दै छन् ।*

*(शर्मा: २०६१: ३५)*

राष्ट्रियताको सन्दर्भ र सामाजिक परिवेशको उद्घाटनमा कविको भावनात्मक स्वरूप प्रकट भएको पाइन्छ । कविताका बान्कीहरू र हरफहरूले समाजमा बढ्दै गएको हत्या हिंसा तथा अन्तर्राष्ट्रिय रूपमा देखिएको भावनाका गाँहीहरूलाई बोक्न सफल भएको छ । कविताका हरफले मानवीय भावनाको कदर गरेको समेत देखिन्छ । त्यसकारण प्रस्तुत कवितामा कवि शर्माले मानव मर्यादा र भावनालाई प्रकट गरेर चेतनाको प्रवाहबाट मानवतालाई नियालेको देखिन्छ । देश नराम्रो दुर्घटनामा फस्दै गएकोमा चिन्तित, व्यथित, दूवित कवि आमाले छोरालाई समेत अपराधी भनेको कुरालाई संकेतात्मक माध्यमबाट अभिव्यक्त गर्दै भन्छन्-

*आमाले सामेलाई राक्षस भनिन्*

*भाइमारा भनिन्*

*माने सुनिरहयो*

*(शर्मा: २०६१: १४)*

यसरी कवि शर्माका कविताहरूले मानवताका वकालत गरेको देखिन्छ । मानवीय भावनाका कदर गर्नपर्ने धारणा अघि सार्ने कवितामा संवेदनाका छालहरू बगेको देखिन्छ । त्यसैले शर्माका प्रस्तुत कृतिभित्रका कविताहरूमा मानव समुदायलाई मानव चेतनाको शिक्षा पठाइएको छ । मानवले मानवलाई

हेर्ने भावनाको कदर गर्न संकेत गर्दै कविताहरू सलबलाएको पाइन्छ । कविताहरूले मानव चेतनालाई उच्च मूल्याङ्कन गरेको पाइन्छ । तर गिर्दो मानव समूहमा देखापरेको भावनात्मक कदरको भने कविताहरूले व्यङ्ग्यात्मक रूपबाट प्रकट गरेको देखिन्छ ।

## ४.३.३ प्रतीकात्मकः

तेस्रो कविता सङ्ग्रहका रूपमा आएको शर्माको 'मेरी छोरीको देश' (२०६१) मा प्रतीकहरूको भरपूर प्रयोग भएको पाइन्छ । शर्माले राष्ट्र र छात्रो समाजका सामाजिक परिवेश भन्दा अन्तर्राष्ट्रिय विषयलाई समेत कवितामा उठाएका छन् । कविताले सोझो र सरल तरिकाबाट आफ्ना भावनालाई पस्केर सामाजिक सन्दर्भको उठान गरेको देखिन्छ । प्रतीकात्मक ढङ्गबाट कविले मानवीय संवेदना, सहज प्रतिकृति, उदार चेतनाको पक्षलाई यसमा पोखेको देखिन्छ । कविले अभिव्यक्तिलाई सहज बनाउने सन्दर्भमा प्रतीकहरूको प्रयोग गरेका छन् । 'ए रात ?' 'टुकी निभेको साँझ' 'अज्ञात रोग' 'पशु चेतना' 'मेरी कविता' जस्ता कविताहरूमा प्रतीकको प्रयोग भएको देखिन्छ । जनयुद्धले निम्त्याएको भावनालाई प्रतीकात्मक ढङ्गबाट 'ए रात' कवितामा कवि भन्छन्-

*ए रात ?*
*आफ्नो दायित्व बिर्सेर*
*आतङ्क मच्याउँछस वा,*
*शान्तिको कर्तव्य विर्सेर निस्लोट सुत्छस्*
*एउटा कठोर निर्णय लिनै परेको छ*
*त्यसैले भन ए रात,*
*तँ सुत्छन कि म सुतूँ ???*
*(शर्मा: २०६१: ५)*

प्रतीकलाई कविले भावनाको कदर गर्ने माध्यमका रूपमा प्रस्तुत गरेको देखिन्छ । राजाको प्रत्यक्ष शासनमा प्रजातन्त्र खोज्न उत्रेका जनतालाई एउटा हाकिम भन्छ-

*ए: पागल, गद्हाल यहाँबाट,*
*तेरो अधिकार मलाई राख्न दिएको छस्?*

*प्रजातन्त्र खोज्दो हो कहींको ?*

*जा तेरा नेताकहाँ,*

*उसले दिन्छ तँलाई प्रजातन्त्र ??*

*(शर्माः २०६१: ४१)*

कवि शर्माका कवितामा प्रतीकात्मक भावना बगेर आएको देखिन्छ । कविता गम्भीर प्रकृतिका बनेर प्रतीकात्मक भावनालई व्यक्त गर्न सफल भएको पाइन्छ । कविताका धेरै जसो हरफले मानव चेतनाको भावनलाई व्यक्त गर्दै चेतनाको गम्भीरतालाई नियालेर हेरेको देखिन्छ । यसरी शर्माको प्रस्तुत कविता सद्ग्रह प्रतीकात्मक भावनाको उदेवास समेत भेटिन्छ ।

## ४.३.४ श्रृङ्गारिकताः

'अस्तित्वको खोजी' (२०५६० 'मास्टरको कोट' (२०५८) पछि कविले तेस्रो कविता सङ्ग्रह 'मेरो छोरीको देश' (२०६१) साहित्यको वगियामा उतारेका छन् । पूर्व दुई कृतिमा श्रृङ्गारिक भावनाको भावनात्मक परिवेश नभएछिए पनि यस सङ्ग्रहका 'लाज' र 'सुहागरातको भोलिपल्ट' कवितामा श्रृङ्गाररसको उदेबोधन भेटिएको देखिन्छ । एउटी युवतीले आफ्ना विकासित अङ्गहरूलाई हेरेर जुन किसिमले भावना पोखेकी छ त्यसलाई मार्मिक ढङ्गबाट 'लाज' कवितामा कविले व्यक्त गरेका छन् कवि शर्मा भन्छन्-

*अनायास पानीभित्रै छाम्न पुग्छे*

*आफ्ना विकसित हुँदै गरेका*

*पुष्ट अङ्गहरूमा नदीको पानी*

*मजासित सुम्सुमाउन थाल्छ युवतीलाई*

*निस्फिक्री मिटन र थिच्न थाल्छे आफूलाई*

*(शर्माः २०६१: २८)*

कविले श्रृङ्गारिक भावनालाई प्रस्तुत कविता सङ्ग्रहमा राख्न सफल भएको देखिन्छ ।

**४.३.५ भावतत्वः** 'मेरी छोरीको देश' कविता सङ्ग्रहमा कवि शर्माले जीवनका तोता मीठा क्षणहरूलाई अभिव्यक्तिको माध्यम बनाएको देखिन्छ । यसमा भावतत्वको प्रबलताले आफ्नो अस्तित्व र स्वभावलाई

जीवन्तता प्रदान गरेको देखिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका घटनाक्रमहरू भावका आवेगमा आएको प्रतीत हुन्छ । घटनाक्रमहरू भावको आवेगमा आएको प्रतीत हुन्छ । प्राकृतिक छनोट, राजनीतिक परिवेश, मानवीय भावना, सामाजिक परवेश, भावनाको कसीमा आएको प्रतीत हुन्छ । प्राकृतिक छनोट, राजनीतिक परिवेश, मानवीय भावना, सामाजिक परिवेश, भावनाको कसीमा आएका छन् । भावनको प्रवाहशीलता पूर्णरूपमा बग्न नसके पनि भावनको उद्वेलनमा शर्माका कविता सबल बनेर देखापरेका छन् । जीवनको परिभाषा, आतङ्कको छाया, सामाजिक सद्भाव, जिन्दगीले देखाएको बाटो र मानवीय संवेदनाका प्रवृत्तिहरूलाई भावनको विषय बनाइएको छ । देशमा बढ्दै गएको हिंसा, राजाको प्रत्यक्ष शासनप्रति कविता व्यङ्ग्य बनेर प्रस्फूटित भएको देखिन्छ । मानव मनका तरङ्गहरू शर्माको कवि व्यक्तित्वले टिप्ते प्रयत्न गरेको प्रतीत हुन्छ । समुच्चा कवितालाई हेर्दा विविध विषयको भावनात्मक संपममा कविता बाँधिएर आएको पाइन्छ । कविताका हरफ र बान्कीहरूले मानवता वकालत गरेको पाइन्छ भने सहज प्रकृतिबाट भावनाको स्वरूपलाई कविले पाठक सामु पस्कन सफल भएको समेत देखिन्छ । नियतिलाई मानेर अघि बढेका कवि शर्माको कवितात्मक प्राप्तिमा भावको प्रबलताले स्थान पाएको देखिन्छ । प्रस्तुत कवितामा कवि शर्माले भावतत्वको प्रचूरता भरेर राखेको पाइन्छ । तीता मीठा श्रणहरूलाई अभिव्यक्त गर्ने सन्दर्भमा कवि शर्मा सजग देखापरेका छन् । चौंतीस कविताहरूले भिन्न भिन्न भावको प्रतिविम्ब प्रस्तुत गरेका कारण यस कविता सङ्ग्रहमा भावको समसामयिक स्वरूप भेटन सकिन्छ । पूर्ववर्ती दुई कविता सङ्ग्रहभन्दा विशिष्ट भावतत्वको समावेश यसमा भएको पाइन्छ ।

### ४.३.६ कल्पना तत्वः

कविको कल्पना प्रस्तुत 'मेरी छोरीको देश' कविता सङ्ग्रह कल्पनाको माध्यममा देखापरेको एक उच्च कविताका रूपमा देखापरेको छ । यसमा कविको कल्पनाले प्रवृतिको साथै समाजमा व्याप्त विकृतिलाई समेत विषयको तन्तुमा उनेको छ । कविकल्पनाले समाजका मान्यता, सामाजिक परिवेश, दशवर्षे द्वन्द्वले निम्त्याएको विभीषिका, अमेरिकामा अलकायदाले गरेको आक्रमण, लोकतान्त्रिक आन्दोलनमा होमिएकी छायादेवीको आस्थालाई समेत कविको कल्पनाले विषय बनाउको पाइन्छ । जीवनको परिभाषामा कविकल्पनाले भावनाको चूरीलाई समाउन सफल भएको पाइन्छ । जीवनलाई सहज ढङ्गबाट प्रस्तुत गरेर कवि भन्छन्-

*सहज छ जिन्दगी*

*पिउन मिल्ने पानी हो*

*प्यारो छ जिन्दगी*

*दुई आँखाको नानी हो*

*आदत हो जिन्दगी*

*बाँच्नु पनि एउटा बानी हो ।*

*(शर्मा: २०६१: ५०)*

जीवन र जिन्दगीको परिभाषलाई कविकल्पनाले सहज ढङ्गबाट पक्रन सफल भएको छ । कविकल्पनाले गर्दा सामाजिक सुधार र राष्ट्रप्रतिको दायित्व समेत यसमा प्रकट भएको देखिन्छ । कल्पनाद्वारा सिर्जित कविताहरूमा कल्पनातत्वको प्रचूरता पाइन्छ । शर्माको प्रस्तुत कविता सङ्ग्रहमा कल्पनाको मीठास युक्त भावना बहेको देखिन्छ ।

### ४.३.७ बुद्धितत्वः

गद्य कविका रूपमा तेस्रो कविता सङ्ग्रह लिएर आएका शर्माको कविता सङ्ग्रहमा बुद्धितत्वको स्वरूपले प्रगाढता पाएको देखिन्छ । बुद्धितत्वले कविताको रूपलाई विशेष महत्वका साथ हेरेको देखिन्छ । बुद्धिको उपस्थितिले कविताका हरफहरू सहज ढङ्गबाट पस्किएका देखिन्छन् । विविध मान्यतामा कविताका हरफहरूलाई अङ्गीकार गरेर कवि शर्मा बौद्धिकताको परिचय दिन सफल भएको प्रतीत हुन्छ । कविताहरू पूर्ण बौद्धिक बन्न नसकेको देखिन्छ । बुद्धिको यथोचित प्रयोगले रमरम बौद्धिकताको उपस्थिति कवितामा भेटिएको पाइन्छ ।

### ४.३.८ संरचनाः

३४ ओटा कविताहरूको संगालोका रूपमा देखिएको ‘मेरी छोरीको देश’ शर्माको मध्यम आकारको कविताकृति मानिन्छ । घटीमा ७ हरफ र बढीमा १२८ हरफभित्र समेटिएको कविताहरूको यथोचित विन्यास कृतिमा देखिएको पाइन्छ । ८४ पृष्टमा समापन भएको यसको बाह्य संरचनाले कविताकृतिलाई नवीन भित्री प्रदान गरेको देखिन्छ । आन्तरिक संरचनाको परिवेशलाई हेर्दा कविताको विषय र त्यसले बोकेको कथ्यलाई नियाल्नु पर्ने देखिन्छ । कविताहरू प्रकृतिका यावत पक्षहरू, राष्ट्रिय

तथा अन्तर्राष्ट्रिय नवीन विषय, श्रृङ्गारिकताको छनक, दशवर्षे द्वन्द्वले देशजर्जर बनको अवस्थालाई चित्रण गरिएको हुनाले कविता सङ्ग्रहको आन्तरिक संरचना सुदृढ बनेको प्रतीत हुन्छ । कवितामा भावको गम्भीरताले नयापन थपेको देखिन्छ । २ ओटा कविता सङ्ग्रह 'मेरी छोरीको देश' प्रदान गरेका शर्माको कवित्व गुरूतर बन्दै गएको पाइन्छ । भावतत्व र बुद्धितत्वको अल्पता देखापरे पनि कल्पना तत्वले देखाएको प्रवाहशीलताले कवितालाई विशेष सिंगारेको देखिन्छ । संरचनाको प्रवाहमा शर्माको कवितव क्रमिक रूपमा बग्न नसकेको देखापर्दछ । सामान्यतया कसिलो गठन, व्यवहारिक ज्ञान, कविमा देखापरेको शीघ्रगामी कलात्मक प्रस्तुतिमा कतिपय कविता कमजोर प्रतीत भएका छन् । यसरी संरचनाको भावगत गन्तव्यमा गतिमय बनेका कविताहरू संरचक र गतिमय बनेर आएकाले कवि शर्माको कवित्व भावनाको संवेगमा तरङ्गित बनेको देखिन्छ । यसरी प्रस्तुत कवि संरचनाको परिवेश र भावनात्मक कसीमा मध्यम स्तरको ठहर्दछ । संरचक तत्वहरू र कवितको प्रवाहमा सलबलाएको शर्माको कवित्वलाई प्रस्तुत कृतिले पूर्ववर्ती कृति भन्दा माथि उठाएको छ ।

### ४.३.९ शीर्षकः

प्रस्तुत कविता सङ्ग्रहको शीर्षक सङ्ग्रहभित्रकै एउटा कविताबाट अभिधा अर्थमै राखिएको देखिन्छ । शीर्षकको भावना क्रममा आठौं नम्बरमा परेको कवितालाई कविता सङ्ग्रहको शीर्षकमा चयन गरिएको छ । २०६० साल असोज आठ गते रहस्य साप्ताहिकमा प्रकाशित भएका प्रस्तुत कविताले शीर्षकको भावना बोकेको छ । एउटी सानी छोरी आफ्ना बुवासंग, गरेका प्रश्नको उत्तरमा अभिभावक पिता अवाक बनेको देखाइएको छ । दश वर्षे द्वन्द्वले निम्त्याएको गाम्रीण जनजीवनको विभीष्किासंग अपरिचित छोरीले देशको अवस्थालाई चित्रण गर्न सफल बनेको प्रतीत हुन्छ । डरलाग्दो देश, बन्दुक पद्कने देश, विद्यालय बन्द गरेर विद्यार्थीको भविष्यसंग खेल्ने देशका रूपमा छोरीले चिनाएको देखिन्छ । यस किसिमको देशलाई छोरीलाई घृणा गरेको पाइन्छ । छोरी बुबासंग प्रश्न गर्दै भन्छे-

*मान्छे मार्ने देश पनि कहीं देश हुन्छ बाबा ?*
*हामीले भोकै बस्नुपर्ने देश पनि कहीं देश हुन्छ बाबा ??*
*मान्छेले मान्छे मारेको समाचार सुनाउनकै लागि*
*रेडियो र टेलिभिजन बजाउने देश पनि*
*कहीं देश हुन्छ बाबा ?*

*पसलमा मैले चकलेट किन्न जाँदा*
*यो देशले बम पड्काएर मलाई नतर्साउनु पर्ने हो*
*झोला बोकेर स्कूलमा पुगेकी मलाई*
*जुलुसमा निस्कन हतार गरेका गुरूहरूले*
*आज हड्ताल छ भनेर*
*नपठाइकन फर्काउनु नपर्ने हो ।*
*(शर्मा: २०६१: १९-२०)*

माथि उल्लेख गरिएका पंक्तिहरूले शीर्षकको मार्मिकतालाई अवलम्बन गरेको देखिन्छ । शीर्षकको भाव र अभिधेय अर्थले जेजति भावना र गहिराई बोकेको छ त्यसले गर्दा कविता सङ्ग्रहको शीर्षक ठाम्भीर र भावनाको स्वरूपमा देखिएको प्रतीत हुन्छ । अतः शीर्षकले आफ्नो सार्थकपनलाई पूर्णतः अवलम्बन गरेको छ । शिछल, पवित्र छोरीका मुखबाट बाहिर निस्केका यी हरफले शान्त, सुन्दर र हरियो नेपाललाई अपरिभाषित बनाएको देखिन्छ । शिक्षाबाट बञ्चित भएका बालबालिका र निर्भीकतापूर्वक शिक्षा दिन नसक्ने अवस्थाका शिक्षकलाई कविताले प्रतीकात्मक ढङ्गबाट प्रस्तुत गरेको छ ।

## ४.४ सल्यानकोटदेवीको संक्षिप्त परिचय

वि.सं. २०६२ सालमा प्रकाशित 'सल्यानकोटदेवीको संक्षिप्त परिचय' ले वाग्मती अञ्चलको धादिङ जिल्लालाई केन्द्रमा राखेको छ । अनुसन्धानमूलक शोधको पद्यतिलाई अङ्गालेर लेखिएको प्रस्तुत कृति साँच्चीकै इतिहासको उत्खनन प्रतीत भएको छ । धादिङ जिल्लाको भौगोलिक अवस्थालाई चित्राङ्कित गरेपछि लेखक सल्यानकोट गाविसको परिचयमा केन्द्रित भएको देखिन्छ । सल्यानकोटमा स्थापित देवीको देवीको पौराणिक अवस्थालाई उल्लेख गरेर देवीको उत्पत्तिमा लोकोक्तिलाई सम्मान गर्नु लेखकले आफ्नो कर्तव्य ठानेका छन् । लेखकले कुनै कुराको पुष्टि गर्दा इतिहासका सन्दर्भमा गरिएका खोज मूलक ग्रन्थलाई केन्द्रिकृत बनाउको देखिन्छ । इतिहासमा उल्लेख गरिएका खोजमूलक तथ्यहरूलाई सप्रमाण प्रस्तुत गरेर लेखकले तथ्यलाई पाठक सामू राखेका छन् । दिनेशराज पन्तको गोरखाको इतिहास भाग १ तथा भाग २, लेखको आधारस्रोत  बनेको प्रतीत हुन्छ । शाहवंशी कुलदेवीको रूपमा परिचित सल्यानकोट देवीको उत्पत्ति, पूजा, अर्चना, मुख्य पर्वहरू, कोतपूजाको व्यवस्था आदिलाई

लेखकले गम्भीर ढङ्गबाट उठाएका छन् । पूजा, अर्चनामा पूजारीहरूको सदाचार, उनीहरूले प्रयोग गर्दे सरसामान, मूल पुरोहितको व्यवस्था सम्बन्धी तथ्यलाई बडो सावधानी पूर्वक लेखकले राखेको देखिन्छ ।

सबै जात, वर्गकी पूजनीय देवीको स्वरूप तथा पृथ्वीनारायण शाहले पाएको दर्शन तथा राजदरबारको कुलपरम्पराले अपनाएको तथ्यगत प्रस्तुतिमा लेखक सजग बनेको प्रतीत हुन्छ । इतिहासको सम्मान गर्दै त्यहाँका बासिन्दाहरूकी पूजनीय देवीको उत्पत्तिमा प्रवाह गरिएका प्रमाण तथा लोकोक्तिलाई हेर्दा मन्दीर र त्यसको प्राचीनतामा शंका गर्ने ठाउँ देखिन्न । उनले प्रमाणका रूपमा प्रस्तुत गरेको 'दिव्योपदेश' को अंशले यसको प्राचीनतामा कुनै अप्रमाणिकता थपेको पाइन्न । सल्यानकोट देवीका तीन मन्दिर र देवीको निवासमा मनाइने जात्रा र साइत जुराउने परम्परा अत्याधिक छत लाग्दो प्रतीत हुन्छ । जुन किसिमबाट लेखले उक्त कृतिमा प्रमाण प्रस्तुत गरेका छन् त्यसलाई हेर्दा सल्यानकोट देवीको प्राचीनता र ऐतिहासिकतामा प्रश्न गर्ने अवस्था आउँदैन । त्यहाँको वरदातृका रूपमा रहेकी देवीको परिचय जुन किसिमले गराइएको छ त्यसको पद्यतिगत रूपलाई लेखकले सावधानीपूर्वक उतारेको पाइन्छ । नेपाल बहुजाती, बहुभाषिक, बहुधार्मिक मुलुक हो । यस देशमा प्रशस्त धार्मिक महत्वका स्थानहरू, पूरातन परम्पराका धरोहरहरू, ऐतिहासिक महत्वका क्षेत्रहरू रहेका छन् । तिनको ऐतिहासिकतालाई शर्माले जत्तिकै बाहिर ल्याउन सके यस देशका धार्मिक परम्पराले संरक्षण पाउने संकेत लेखकीय उद्देश्य देखिन्छ । इतिहासमा रहेका र धार्मिक परम्पराद्वारा आबद्ध भएका धरोहरलाई संरक्षण गरी कार्यात्मक प्रस्तुतिमा लैजान सकेमा नेपाल मन्दिरै मन्दिरको देशका रूपमा प्रतिमान मानियो ।

शाहवंशीय कुलदेवीका रूपमा रहेको सल्यानकोटदेवीको मन्दिरमा देखिएको अव्यवस्थालाई व्यवस्थित गर्न नसकेकोमा मूलपुजारी, पुरोहित लगायत शर्मा समेत चिन्तित देखिएका छन् । धार्मिक महत्व र ऐतिहासिक परम्परा बोकेर उभिएको सल्यानकोटदेवीको सम्बर्धन सम्पूर्ण धादिङबासीको हो भन्ने ठम्याह लेखकको रहेको छ । 'हालको अवस्था र सुधारको अपेक्षा' शीर्षकमा लेखकले यस मन्दिरको सम्बर्धन, संरक्षण गरी पईटकीय क्षेत्रका रूपमा यसको विकास गर्नुपर्ने धारणा औंल्याएको देखिन्छ । चन्दाबाट चल्ने र राज्यले केही सहयोग गरेर नित्य पूजा अर्चना चलाएकोमा त्यहाँका पूजारीहरूले चिन्ता व्यक्त गरेको देखिन्छ । लेखकले सल्यानकोट मन्दिरको, मूलपूरोहित, पूजारी आदिको तस्वीर राखेकर पुस्तकले अझ धेरै जानकारी पाठकलाई प्रदान गरेको देखिन्छ । एकपटक प्रत्येक नेपाली धार्मिक

पईटकका रूपमा जानुपर्ने इतिहास प्रसिद्ध स्थान हो भन्ने धारणा यसमा पाइन्छ । त्यहाँ बलिप्रथामा दिइने बलि, पूजा सामग्री आदिको सविस्तार वर्णन गरेर कृतिले एउटा पथप्रर्दशनको रूप प्राप्त गरेको छ । धार्मिक महत्वका दृष्टिले अत्याधिक प्राचीन मन्दिरको व्यवस्थापकीय सुधार लेखको मनसाय बुझिन्छ । लेखक शर्माले गरेको यो अनुसन्धानलाई मुक्त कण्ठले प्रशंसा गर्नुपर्ने देखिन्छ । समग्रमा लेखक शर्माको यो अनुसन्धानमूलक खोजलाई सल्यानकोटका बासिन्दा र धादिङका जनताले मुक्त कण्ठले गाना गर्नुपर्ने देखिन्छ । लेखक शर्माले कतिपय कुरालाई दोहोराएर लेखेको हुँदा पुनरावृत्तिको अवस्था पनि आएको छ । शर्मामा विद्यमान धार्मिक आस्था र सहरी सभ्यतामा हुर्केका मन्छेको धार्मिक परम्पराप्रतिको अनास्थाले यस्ता प्राचीन महत्वका प्रमाणहरू विलीन हेने हुन् कि भन्ने चिन्ताले लेखकलाई पिरोलेको समेत देखिन्छ । यसको धार्मिक पईटकीय रूपमा विकास गर्न सके आय आर्जनको सबल साधन बन्ने धारणामा शर्मा देखापरेका छन् । यसको मुख्य उद्देश्य यस क्षेत्रमा धार्मिक महत्वको ऐतिहासिक परम्परामा रहेको सल्यानकोटदेखीको परिचय गराएर क्षेत्रको विकासमा नयाँपत्र थप्नु लेखकीय सद्भावना देखापरेको प्रतीत हुन्छ । अन्त्यमा यसक्षेत्रका प्रख्यात मन्दिरहरूको शिलशिलाबद्ध परिचय गराएर शमौले नयाँ प्रकृतिलाई पाठक सामू पुऱ्याएका छन् । लेखकीय उद्देश्यले जे जस्तो स्वरूप राखेपनि यसकिसिमका धार्मिक पईटनलाई राज्यले संरक्षण गरेमा महत्व अझ बढी हुने कुरालाई लेखकको देखिन्छ । अन्त्यमा कवि व्यक्तित्वले यस किसिमको महत्वलाई पाठक सामू ल्याएर क्रान्ति गरेको देखिन्छ ।

### ४.४.१ विषयवस्तुः

पर्यटकीय धार्मिक महत्वको विषलाई उठाएर सल्यानकोटदेवीको महत्वलाई समेत यस कृतिको विषय बनाइएको देखिन्छ । सामाजिक महत्वको विषयको प्रस्तुतिमा ग्रामीण जीवनसंग आबद्ध रहेका तथा प्राचीनाता बोकेका विशेष मन्दिरको प्रकटीकरण नै यसको मुख्य विषयवस्तु मानिन्छ । लेखकले सल्यानकोट देवी र धादिङका धार्मिक पईटनलाई महत्व दिएर आफ्ना भावनालाई यसभित्र समेटेको देखिन्छ । अनुसन्धान र खोजमूलक निबन्ध जस्ता देखिने यसभित्रको महत्वको धादिङको महत्वलाई र प्राचीनतालाई समेटेको देखिन्छ । विषयको चयन सल्यानकोट देवीको प्रतिघटना रहेको भएपनि सामाजिक तथा धार्मिक महत्वलाई यसले हेरेको देखिन्छ । अतः अनुसन्धानमूलक गद्यलेखकका रूपमा ऐतिहासिक, पुरातात्विक, धार्मिक, महत्वका विषयको उद्घाटन गरेर पाठकसामु पुऱ्याउनु नै यसको विषयगत महत्व प्रतीत हुन्छ ।

## ४.४.२ संरचनाः

१९ ओटा शीर्षक र ५८ पृष्ठमा समेटिएको प्रस्तुत कृति विभिन्न उपशीर्षकमा बाँडिएको देखिन्छ । 'सल्यानकोट देवीको संक्षिप्त परिचय' एक अनुसन्धान र खोजमूलक कृति रहेका कारण यसको आकार मध्यमस्तरको नभई लघु आकारलाई वरण गर्ने कृति मानिन्छ । शीर्षकी करणमा लेखक सचेत प्रतीत भएको पाइन्छ । धादिङ जिल्लाको यथोचित परिचय गराएर सल्यानकोट देवीको ऐतिहासिकता तथा पौराणिक महत्वलाई यसभित्र समाहित गराएको छ । अनुसन्धानमूलक निबन्धहरूले यसको मूल भावनालाई टिपेको प्रतीत हुन्छ । संरचनाको यथोचित विन्यासले कृतिको सहजीकरणमा नयाँपन थपेको देखिन्छ । आन्तरिक संरचनालाई हेर्दा प्रमाणिक तरिकाबाट उक्त मन्दिरका बारेमा राखिएका सम्भावना र महत्वको चर्चाले कृतिलाई सहज बनाएको छ । तस्वोरहरूको रखाहले संरचनाको विन्यस्त रूपलाई अझ सहज बनाएको प्रतीत हुन्छ । धार्मिक पईटकीय क्षेत्रका रूपमा विकास गर्न सके यसको महत्व अत्यधिक बढन् कुरालाई लेखकले सहज रूपबाट यसमा पोखेका छन् । संरचनाको सुगठितपनालाई प्रस्तुत कृतिले यसमा अवलम्बन गरेका प्रतीत हुन्छ । इतिहास पुराण तथा किंवदन्तीलाई प्रमाणका आधारमा प्रस्तुत गरेर लेखकले अनुसन्धानको धर्मलाई निर्वाह गरेका छन् । कृतिको संरचनात्मक आधार दरिलो र दर्षिलो समेत बनेको देखिन्छ ।

## ४.४.३भाषाशैलीः

भाषिक सहजता र शैलीको परिपक्वताले प्रस्तुत कृति सहज अभिव्यक्तिको माध्यम बनेको देखिन्छ । पद्य साहित्यमा नाम कमाएका कविको गद्यलेखनको प्रस्तुत कृति वस्तुपरक वर्णनमा अडिएको देखिन्छ । इतिहासका तथ्यलाई नबिगारिकन राखिएका कारण कृतिको भाीषक जटिलताले आफूलाई प्रस्तुत गरेको पाइन्छ । पूजासमिति, पुरोहित, पुजारीको भनाइलाई तथा त्यस स्थानका बुद्धहरूको भावनालाई पस्कने सन्दर्भमा लेखक सद्भावना युक्त बनेको प्रतीत हुन्छ । शब्द चयनगत दृष्टिलाई लेखकको भावनात्मक सन्दर्भले समात्न खोजको पाइन्छ । उनीहरूको भावना र लेखकीय धारणाले भाषिक मान्यता सहज र अभिव्यक्तिको माध्यम बनेको देखिन्छ । सामान्यतया अनुसन्धानमूलक निबन्धको संगालोका रूपमा आएको प्रस्तुत कृतिको भाषिक रूपम सहज र स्वाभाविक बनेर आएको प्रतीत हुन्छ । भाषिक सहजता र शैलीगत परिपक्वताले कृतिको भावलाई समातेको पाइन्छ ।

## ४.५ धादिङका कवि-प्रतिभा :

वि.सं. २०६५ सालमा धादिङका कवि-प्रतिभा प्रकाशन गरेर शर्माले सम्पादक व्यक्तित्वको पहिचानलाई पाठक सामू पुऱ्याउन सफल भएका छन् । गद्यकविका रूपमा परिचित भएका उनी अनुसन्धानमूलक निबन्धको रचना गरेर समेत गद्य साहित्यका इतिहासमा आफूलाई स्थापित गराएका व्यक्तित्व मानिन्छन् । गद्यकविता तथा निबन्धकारका रूपमा परिचित शर्माले धादिङका प्रतिभालाई एक ठाउँमा राखेर खेलेको भूमिकाले शर्माको सम्पादक व्यक्तित्वलाई परिचित शर्माको साहित्यप्रतिको मोहलाई धादिङका कवि प्रतिभा (२०६५) साहित्यिक संसारमा प्रवाहित गरेको छ ।

त्रिपन्न कवि कवयित्रीका १५४ कवितालाई प्रकाशन गरेर धादिङको साहित्यिक इतिहासलाई सम्पादक शर्माले बाहिर ल्याएको छन् । धादिङको जिल्ला नेपाली साहित्यको इतिहासमा प्राचीनकालदेखि नै सक्रिय र प्रतिभा सम्पन्न जिल्ला मानिन्छ । भनुभक्त नेपाली साहित्यका आदिकवि हुन् । उनको उपस्थिति नेपाली कवितामा हुनु पूर्वै नै धादिङ जिल्लाले प्रशस्त कविप्रतिभाहरू दिएको ठम्याह प्रा.डा. रामचन्द्र लम्सालको देखिन्छ । उनको तर्क अनुसार धादिङ संस्कृतका मूर्धन्य विद्वान विद्याख्य केसरीका बाबु दैवज्ञराज केशरी धादिङ जिल्लाका प्रथम कवि मानिन्छन् (लम्साल, २०६५: ख) उनले लेखेको प्रस्तुत कृतिको 'पुस्तकबारे केही शब्द' पढ्दा धादिङ नेपाली साहित्यको विकासमा अत्याधिक सबल बनेर देखापरेको प्रतीत हुन्छ । तसर्थ नेपाली साहित्यको प्राथमिक,माध्यमिक र आधुनिककालको इतिहासमा धादिङ जिल्ला प्रतिभा सम्पन्न बनेर देखिएको पाइन्छ । त्यसकारण साहित्यका प्रत्येक क्षेत्रमा आफ्नो पहिचान बनाउन सफल धादिङ जिल्लाका कविप्रतिभालाई एकै ठाउँमा उभ्याएर शर्माले गरेका उक्तकाई प्रशंसा योग्य देखिन्छ । उक्त कृतिको 'प्रशंसनीय काई' शीर्षकको आलोकमा प्रा.डा. मोहन तिमिल्सिना भन्छन् स्वास्थ्य, शिक्षा उद्योगका क्षेत्रमा आशातीत सफलता प्राप्त नगरेको जिल्ला साहित्यमा नयाँ सिर्जनशील प्रतिभालाई पाउन सफल भएको छ (तिमिल्सिना, २०६५: घ) कृतिको आकार, प्रकार तथा बनोट भन्दा त्यसभित्रको गुणात्मक पद्यति मापनको एक कसी ठहरिन सक्दछ । सोही प्रक्रियालाई अवलम्बन गरेर काव्यकृतिको अथवा सङ्ग्रहित कविताको सङगालोले नेपाली कविता तथा गजलको इतिहासलाई समुन्नत र समृद्ध बनाउको प्रतीत हुन्छ । यसमा प्रयोग भएका प्रतिभाहरूले धादिङ जिल्लाको सौन्दईलाई कविताको विषयमा उनेका छन् । कतिपय प्रतिभाहरूले देशको समुन्नत विकास, उन्नति प्रगति र सामाजिक प्रतिष्ठाको केन्द्रीय स्वरूपमा कवितालाई उनेका छने । प्रकृतिको

मनमोहकता, वसन्त ऋतुको मादकता, परदेशमा बसेर स्वदेशको सम्झना समेत कविताको विषय बनेको पाइन्छ । प्रतिभाद्वारा समुन्नत कवि व्यक्तित्व तथा अध्ययन काईलाई निरन्तरता दिंदै साहित्यको बगैंचामा वामे सर्न लागेका नवप्रतिभाहरूलाई एउटै थलोमा उभ्याउने काम प्रस्तुत कृतिभित्र गरिएको छ । यस काईलाई साहित्यको ऐतिहासिक सन्दर्भको एक सफल अनुभूति र संगम मान्न सकिन्छ ।

कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा ढाक्न सफल भएको देखिन्छ । सङ्कलित कविताहरूमा कतै श्रृङ्गारिक छटाको प्रारूप भेटिन्छ । त्यसैगरी शान्तिकामी भावनाले ओतप्रोत भएका कविताहरूको बाहुल्यता विषयको कथ्य बनेको प्रतीत हुन्छ । कवि डिल्लीरमण शर्मा अर्यालको शुभकामना कविताले धादिङका कविता प्रतिभालाई सम्बोधन गर्दै भन्छ-

उम्रेको विरूवा सुसार गरियून, झप्केर हुर्कीरहन
यी साहित्यिक धादिङ तरूहरू फुल्ने र फल्ने बुनून् ।
जिल्ला धादिङरम्य उर्वर बनोस्
साहित्यको फाँटमा हाम्रा पूर्वज थे
प्रसिद्ध उनकै सारा पुगून फाँटमा ।

(शर्मा, २०६५: १०)

धादिङका प्रतिभाको उन्नति र प्रगतिको अभिलाषालाई यस कविताले प्रशन्न चित्तद्वारा भावनात्मक मधुरता व्यक्त गरेको छ । कविहरू आफ्नो जन्मथलोलाई विवेकयुक्त ढङ्ग तथा सामाजिक मूलयका तवरले आँखाको नानीभित्र समाहित गर्न सफल भएका छन् । कविताको लयात्मक प्रस्तुतिले यहाँका प्रत्येक कविताको सुमधुरतालाई चित्रण गरेको छ । प्रकृतिलाई मनमोहक ढङ्गले पाठक सामू पुऱ्याउनु, वर्तमान राजनीतिमा देखापरेको विसंगतिलाई व्यङ्गयको झटारो हिर्काउनु कविताको भावभूमि बनेको देखिन्छ । वर्तमानमा रहेर कविहरूले भविष्यको आमन्त्रण समेत गरेको देखिन्छ । वर्तमानको शिक्षा प्रणालीभित्र रहेर अध्ययन गर्ने छात्रछात्राप्रति व्यङ्गय गर्दै गोपीकृष्ण अधिकारी भन्छन्-

*न कुनै संस्कृति आफ्नो न केही छ परम्परा*
*न कुनै ज्ञान भो आफ्नो न ता संस्कारका कुरा ।*
*विदेशी ज्ञानको सिन्की कोचिकोची पसाइयो*
*प्रमाणपत्रको खेस्रा ठोकिठोकी घुसाहयो ।*

*एसएलसी पास भो छोरी बल्ल भो आज मुद्गल ।*

*लायो दोकानमा भुन्द्र ह्वाङ्ग सुर्वाल तल्तिर ।*

*(अधिकारी, २०६५: २१)*

नेताहरूको व्यवहारले देश भतादेश भताभुङ्ग र लयालिङ्ग भएकोमा कविहरूलाई अत्यन्त भावुक बनाएको देखिन्छ । उनीहरू देशको राजनीतिमा देखिएको नतावाद, कृपावाद, आफन्तवादप्रति ज्यादै आक्रोस पोख्छन् यसरी कविहरूको भावनात्मक रूपलाई प्रस्तुत गरेका छन् । प्रथ्मतः सुविशाहका कवितालाई आरम्भमा राखिएको छ । आत्माको अमरत्वललाई सकारेर उनले मानव जीवनलाई सृष्टिकै उत्तम प्राप्ति मानेको देखिन्छ । उनका कविताको आशयगत रूप विधिता नभए पनि सामाजिक मर्यादाको र मानव मूल्यको खोज बनेको छ । केवलपुरे किसानले अवसरवादलाई अत्याधिक प्राथमिकता प्रदान गर्ने मान्यतालाई मुख्य मन्यताको कसीमा राखेको प्रतीत हुन्छ । यसरी प्रस्तुत कृतिमा धादिङको सुन्दरता, जन्मथलोको सम्भ्कना, विदेशमा रहेका नेपालीले स्वदेशको सम्भ्कनालाई केन्द्रमा राखेर गरिएको महान परिवेश तथा देशको स्वाभिमान, स्वतन्त्रता राष्ट्रियतालाई जगाउन युवाहरूलाई उठन आग्रह गर्दे कवि मोहन तिमिल्सिनाले आफ्ना कवितालाई काव्य चतुरतालो भरेका छन् । कवि रामहरि दाहलका कविताले नेपालीहरूमा बढ्दै गएको पश्चिमा संस्कृतिको अनुकरण मान्छेमा हराउँदै गएको त्यागको भावना, मानव हितलाई अस्वीकार गर्ने युवा पुस्ता, देशमा बढ्दै गएको भ्रष्टाचार आदिलाई सहज ढङ्गबाट पस्केका छन् भने शान्तिलाई सम्पूर्ण कुराहरूलाई विर्सेर प्राचीन नेपालको स्वरूपमा उभिन आग्रह गरेका छन् । त्यसैगरी पुर्व मेचीदेखि पश्चिम महाकाली सम्मको भूभागलाई सिञ्चन गर्न आग्रह गर्दै कवि मोहन तिमिल्सिना ‘युवा प्रति’ कवितामा भन्छन्-

*एकै हुन् तापनि अब अनेक भावना उठन थाल्यो*

*आफ्नै आफ्नावीच पनि अहो मित्रता टुट्न थाल्यो ।*

*ए तन्नेरी उठ अब तिमी मित्रता मात्र बोक्न*

*मेचीकाली सबतिर नयाँ मात्र सद्भाव छर्न ।*

*(तिमिल्सिना, २०६५: ३७)*

सुन्दर, शान्त, नेपालको परिकल्पना कविहरूको लेखनीको साधन बनेको छ । दशवर्षे द्वन्द्वबाट क्षतविक्षत भएको नेपाललाई सिंगार्नु तथा पुरानै प्राकृतिक सुन्दरताको भव्यतामा लैजान कविहरूले

आह्वान गरेको देखिन्छ । जनताको प्रतिनिधित्व भई बनेको शासकीय व्यवस्थालाई प्रजातन्त्र भनिन्छ । तर, त्यो प्रजातन्त्रले दिएको पीडा, नेपालका राजनीतिक छलहरूले गर्न नसकेका कुरालाई समेत यस कविता सङ्ग्रहमा कविहरूको वाणीले अभिव्यक्त गरेको छ । प्रजातान्त्रिक व्यवस्थाले निम्त्याएको परिवेशलाई इंङ्गित गर्दै कवि हेमराज अर्याल के हो प्रजातन्त्र कवितामा उल्लेख गर्दै भन्छन्-

*नातावाद चल्यो हुँदैन अब क्यै क्वै छैन आफ्नो भने*
*मन्त्री सांसदका भदा र भतिजा के के बने के बने ।*
*टाठो विज्ञ बने पढेर अहिले केवी नबन्ने भयो*
*नाता चाकडीबाजमा सब भुले के यो प्रजातन्त्र हो ।*
*(अर्याल, २०६५: ६२)*

आजको नेपाल त्रसित छ, सामाजिक अवस्थासित व्यथित छ, मानवीय संवेदनाबाट टाढिएको छ, मानव हित र कल्याणबाट उछिडिएको छ, राजनीतिक स्वार्थ अन्धताबाट ग्रसित छ, ग्रामीण जनका चाहना र उनीहरूले भोगेका दुःखेसाबाट सन्त्रस्त छ । यस प्रकारको देशलाई स्वस्थ, सुन्दर र भविष्यगत सुविधामा बसाउनु हामी नेपालीको कर्तव्य हो । देशले भोगेको रक्तमय वातावरण तथा मानवले भोगेका कष्टमय जीवनलाई सुखमय समृद्धिमा परिवर्तन गर्न लामो लाभ बसेर लिएको रहदानीले विदेशी भूमिमा जलिरहेका हाम्रा दाजुभाइहरूको अवस्थालाई हेरेर त्यहाँको दुःखमय कल्पनाबाट ढाढिएर स्वदेश फर्कन चाहने तरूणको भावनाले नेपालको राष्ट्रियतालाई जागृत तुल्याएको छ । कवि नवराज लम्साल फर्कन्छु साथी म त नामक कवितामा विदेशी भूमिबाट दिक्क भएर स्वदेशको उन्नतिका निम्ति भन्दै युवा अलाप्छ ।

*बस्नेलाई सलाय लाभहरूमा 'आफू' भएरै बस*
*आफ्नो निम्ति छ जिन्दगी यदि भने आफू रहेरै बस ।*
*सक्छौ भेट्न भने बसेर सुखले छाती भरिको खत*
*आफ्नो देश नबिर्स सम्फ दुःखमा फर्कन्छ साथी म त*
*(लम्साल: २०६५: १००)*

नेपाली कविताका इतिहासमा छन्दोबद्ध कविताहरू लोपोन्मुख अवस्थामा देखापरेको पाइन्छ । तर, धादि्का कवि प्रतिभा (२०६५) लाई हेर्दा शास्त्रीय छन्दको भरपूर प्रयोगलाई यसले अवलम्बन गरेको

देखिन्छ । छन्दमा रचना गरिएका कविताले मिठासलाई अङ्गालेका छन् भने गद्य कविताले भावनाको उद्वेगलाई जीवन्तता गरेका छन् । देशको प्रगति हुन नसकेकोमा नेताहरू स्वार्थी बनेकोमा, विदेश ग्रमणलाई मुख्य आधार मानेर अघि बढेकोमा, कविहरू चिन्तित र दु:खी बनेका भावनात्मक अभिव्यक्तिहरू यत्रतत्र द्वरिएर रहेका छन् । भावनात्मक अभिव्यक्तिले उज्जवल देशको कल्पना यहाँ प्रस्तुत गरिएको देखिन्छ । देशको भावनात्मक पक्ष र नेपालीहरूको सरलपनसंग खेल्ने नेताहरूप्रति कविले व्यङ्गय गरेर समाजको विभेदलाई मेटाउन नसकेर विदेश भ्रमणप्रति कविहरू तीखो वाण प्रहार गरेको पाइन्छ । देशको वर्तमान अवस्थाबाट चिन्तित बनेका कविहरूको भावनाले राष्ट्रियता र राष्ट्रप्रतिको दायित्वबोधलाई सकारात्मक ढङ्गबाट प्रस्तुत गरेको छ । सामान्यतया देशको दु:खेको आत्मालाई हेरेर नेताहरूले गर्ने गरेका कर्मलाई देखेर दिक्क हुँदै कवि भरत शर्मा 'नेताहरू १-२-३-४-५ मा भन्छन्-'

*दिल्ली जानुपर्ने हो,*
*बेइजिङ पुग्नु पर्ने भो*
*वासिङ्टन डी.सी.घुम्नै पर्ने*
*विकास गर्न टोकियो पुग्नु पर्ने,*
*डोल्पा र रोल्पा कराउन छोडेनन्*
*कोशीले आँसु रोक्न सकिन*
*विनास मेरो लागि भयो*
*देशले नयाँ विकास रोज्न सकेन ।*
*(शर्मा, २०६५: १३५)*

प्रस्तुत कृतिका सम्पादक शिशिर शर्माका कविताहरूले समेत यस कृतिलाई वरण गरेका छन् । कवि हृदयको भावनात्मक उदेवेलनमा शान्तिकामी भावनालाई शर्माका कविताले नियालीरहेको प्रतीत हुन्छ । शमाृले 'म लेख्छु शान्तिगीत' कविताका माध्यमबाट खुट्टा पसारेर लमतन्न परेको तर उठन नसकेको शान्तिकामी बनाएर विकसित र प्रफुल्लिन नेपालको रेखा कोर्नुलाई उनको कविताले संकेत गरेको छ । शमौ भाविष्स्तालाई सम्बोधन गर्दै भन्छन्-

*भोलि हुर्केर तिनले*
*आजका निबुद्धिहरूले जस्तै*

*बन्दुक समात्ने छैनन्, बारूद*
*खेलाउने छैनन्*
*विनासकारी नयाँ अस्त्रका लागि*
*तिको टाउको खियाउने छैनन्*
*र त्यो प्रिय गीत*
*जन्मदैदेखि घोकाउनेछन्*
*(शर्मा, २०६५: १११)*

माथि उल्लेख गरिएका केही कवि प्रतिभाहरूको उद्घाटनले धादिङ जिल्लाको साहित्यिक भूमिलाई उर्वर बनाएको देखिन्छ । यस कृतिमा प्रकट भउका र कविता दिन सफल बनेका प्रत्येक कविका हरेक कविताहरूले धादिङको साहित्यिक भूमिलाई सिञ्चित गरेको देखिन्छ । ती सबैको लेखाजोखा गर्दा अथवा यस सङ्गहभित्र रहेका प्रत्येक कविताको भावलाई पर्गेल्न खोज्दा प्रस्तुत शोधपत्रले वृहदाकार प्राप्त गर्ने हुँदा आकारको भयले प्रस्तुत कृतिभित्रका कवितालाई सहज अभिव्यक्तिमा दालिएको छ । प्रशस्त संभावनाको खाँचो बोकेर आफ्नो जिल्लाका कवि प्रतिभाको यथोचित सम्मान गरेर शर्माले गरेको काई प्रस्तुतिलाई साहित्यिक इतिहासकै उच्चतम उपलब्धी मान्नुपर्ने देखिन्छ । कवितामा प्रयोग भउका विषयले गम्भीर प्रकृतिको अवस्थालाई बहन गरेका छन् । आज्नै जन्मभूमिको प्राकृतिक सुन्दरता, मनमोहकता, सामाजिक सद्भाव धादिङका वासिन्दाको राष्ट्रिय भावनालाई सङ्ग्रहका कविताले सम्भानित ढङ्गबाट प्रस्तुत गरेको पाइन्छ । साहित्यको विशाल भूमिका प्रतिभाको अजस्र प्रवाह बनेर आएका प्रत्येक कविता भावको गम्भीरतामा चम्किलो प्रवाहशीलता थपेका छन् । राष्ट्रियताको खोजलाई कविताले मुख्य रूपमा उठाएका छन् भने शान्तिको कामना, देशको विकास, राष्ट्रको उन्नति प्रगतिमा कविताको भावभूमि दरिलो बनेर उभिएको छ ।

### ४.५.१ संरचना :

एक सय बयानब्वे पृष्टमा सजिएको प्रस्तुत कृतिमा ५३ कविहरूका १५४ कविताहरू रहेको देखिन्छ । कविता सङ्ग्रहभित्र रहेका कविताको स्वरूपलाई संरचनागत दृष्टिले हेर्दा यस्तो देखिन्छ ।

| पद्य | गद्य | गजल | गीत |
|---|---|---|---|
| ८१ | ६६ | ६ | १ |

१५४ कविताहरूमा धादिङका प्रतिभावहरू समेटेर शर्माले प्रशंसनीय काई गरेको देखिन्छ । प्रत्येक कविहरूको परिचय छोटो र मीठो ढङ्गबाट गराएका कारणले प्रस्तुत कृति लेखककोराका रूपमा समेत स्थापित हुन पुगेको देखिन्छ । राष्ट्रिय कविता महोत्सवमा पुरस्कृत भएका कविताहरूको उपस्थिति कृतिमा देखिनुले यसका सम्पादकको मिहिनेत कदर योग्य बनेको प्रतीत हुन्छ । प्रकृतिको भव्यवर चित्रण गरिएका कविताहरू, राष्ट्रियताको खिल्ली उडाउने राजनैतिक दलका नेताहरूलाई व्यङ्ग्यवाण प्रछार गर्ने हरफहरू, सामीजक व्यवस्थाको यथोचित समाधान खोजर देशको गौरवलाई माथि उठाउने कविका भावनाहरू छताछुल्ल भएर बगेको देख्दा यो कृति एउटा अनौठो साहित्यिक समात्रम बनेर प्रस्तुत भएको देखिन आउँछ । प्राचीन परम्पराको सम्मान गर्नुपर्ने उद्घोष कतिपय कविताको केन्द्र बनेको छ भने आधुनिक सभ्यताको भावनालाई कदर गर्नुपर्ने धारणा अर्कोतर्फ प्रस्तुत भएको देखिन आउँछ । प्रशस्त कविहरूको प्रतिमा सम्पन्न स्मृतिले सिर्जेका नयाँ र पुराना पालुवाको सङ्गम वसन्तको सुमधुर झल्को कृतिको काईगत प्रस्तुतिमा प्रकटित भएर उदाएको छ । शर्माको सह्रानीय पक्षको उद्घाटन बनेर देखिएको प्रस्तुत कृतिलाई नेपाली कविता साहित्यको एउटा इटाका रूपमा लिन सकिन्छ ।

छन्दोबद्ध कविताहरूको प्रशस्त बाहुल्यता रहेका प्रस्तुत कृतिका कविताहरूमा बाह्य संरचनाको रूप भन्दा आन्तरिक संरचनाको स्वरूप अत्याधिक सबल बनेर आएको प्रतीत हुन्छ । नेपालको राष्ट्रिय गौरवलाई कविका कविताहरूले सदासय तरिकाले अभिव्यक्त गरेको देखिन्छ । भावको तीव्रता, सबलता, सहजता र सामाजिक सद्भावलाई कविताले विषयको तन्तुमा उनेर अघि बढाएको पाइन्छ । भावको गाम्भीई, शब्दचयनको सहजता, लयको तीव्रतालाई लिएर प्रवाहित भएका यी कविताका सम्पूर्ण कविताहरू साधुवादका पात्र मानिन्छन् । प्राध्यापन पेशाको उच्च ओहदामा पुगेका र नेपाली साहित्यको इतिहासमा प्रसिद्धि व्यक्तिप्रतिभालाई एकै ठाउँमा उभ्याएर कवि शर्माले व्यक्तिप्रतिभालाई एकै ठाउँमा उभ्याएर कवि शर्माले सफल सम्पादकको भूमिका निर्वाह गरेको देखिन्छ । प्रस्तुत कृतिको आन्तरिक संरचनाको व्यवस्थितताले धादिङका प्रतिभालाई नेपाली साहित्यको बगैंचामा उतार्न सफल भएको पाइन्छ । प्रकृतिको मनमोहकता, साहित्यको सिर्जनशीलता, सामाजिक विषयको प्रस्तुति, भावनात्मक स्वरूपको अभिव्यक्ति, देशमा बढ्दै गएको हत्या हिंसाको अन्त्य, शान्तिको प्रस्फूटन कविताको विषय

बनेको छ । संरचनाको कसिलो परिवेशलाई लिएर रचना गरिएका प्रस्तुत सङ्ग्रहका कविताहरू बान्की परेर आएको समेत देखिन आउँछ । कवितामा प्रकृतिको चित्रण, धाद्रिको प्रतिभा सम्पन्न भूमि, सामाजिक सद्भावको उदेघोधन, मानवताको खोज, विदेशमा पुगेका नेपाली दाजुभाइको दुःख, शान्तिप्रिय नेपालमा बढ्दै गएको हत्या हिंसाको विरोधलाई कविताको भावभूमि बनाइएको छ ।

## ४.६ 'अस्तित्वबोध' कथासंग्रहको विश्लेषण

कविका रूपमा स्थापित बनेर उदाएका शर्माले वि.सं. २०६८ सालमा कथाकारका रूपमा आफूलाई साहित्यको फाँटमा उभ्याउँछन् । कविका रूपमा आफ्नो अस्तित्वलाई नेपाली साहित्यका फाँटमा उभ्याउँछन् । कविका रूपमा आफ्नो अस्तितवलाई नेपाली साहित्यका फाँटमा उभ्याएका उनले कथाकारका रूपमा समेत आफ्नो अस्तित्व परीक्षाका रूपमा देखाएका छन् । सामान्यतः उनको कथा अस्तित्वबोध २०६१ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रदान गरिने पुरस्कार हात पारिसकेको कथा हो । यसरी राष्ट्रिय पुरस्कारद्वारा सम्मानित व्यक्तित्वका रूपमा देखाएका शर्माको कथाकारिता नेपाली साहित्यका फाँटको एक सहज अभिव्यक्ति मानिन्छ । २०६८ सालमा प्रकाशित उनको अस्तित्वबोध कथा संग्रहभित्र विभिन्न समयमा प्रकाशित र अप्रकाशित भएका निम्न कथाहरूको उपस्थिति देखापरेको छ-

| कथा | लेखन समय | प्रकाशन साल | पत्रिका |
|---|---|---|---|
| अकबारे | २०६७ | २०६८ | शब्दरहर |
| संकल्प | २०६३ | - | - |
| दरिद्री | २०५५ | २०५५ | मातृसत्ता |
| अस्तित्वबोध | २०६० | २०६१ | समकालीन साहित्य |
| अधबैंसे | २०५५ | २०५५ | वर्णन |
| परिणाम | २०५५ | २०६३ | निर्झर |
| सहपाठी | २०५७ | - | - |
| क्रमशः १ | २०५० | २०५५ | मातृसत्ता |
| प्रतिवाद | २०५१ | - | - |
| दाइजो | २०५५ | - | - |
| आत्माको पुकार | २०५८ | - | - |

६ ओटा प्रकाशित र पाँच ओटा अप्रकाशित कथाहरूको संगालोका रूपमा प्रस्तुत कथासंग्रह देखापरेको कृति हो । समग्रमा कथासंग्रहको विश्लेषणात्मक अध्ययनलाई गाति दिनुपर्ने उद्देश्य अनुरूप प्रत्येक कथाको कथागत विश्लेषण नभई समग्र कथासंग्रहलाई विश्लेषणको आधारवस्तु बनाएर शोधपत्रलाई गति प्रदान गरिएको छ । कथाकार शर्माको प्रस्तुत कथासंग्रहभित्र एघार ओटा कथाहरू रहेका छन् । उनको प्रस्तुत कृतिले दिएको भावगत रूपलाई र कथावस्तुको संगठनगत स्वरूपलाई लिएर कथाको विश्लेषण गरिएको छ । कथासंग्रहभित्र रहेका कथाहरूको भावगत अध्ययनलाई कथाकात रूपले विश्लेषण गरिएको छ ।

## ४.६.१ कथावस्तु :

गद्यविधाका रूपमा रहेको साहित्यको भिणस लाग्दो विधा कथा हो । कथाको तारतम्यतार गतिशीलता प्रदान गर्न चाहिने आवश्यक तत्वलाई कथावस्तु भनिन्छ । कथावस्तुको गतिमयता र शिलशिलाबद्धताले कथाको सुगठित र व्यवस्थित पनालाई गतिशीलता प्रदान गरको हुन्छ । अतः कथाको संवाहकमा भावनागत रूपलाई गतिमयता प्रदान गर्नु नै कथावस्तुको उद्देश्य मानिन्छ । ( न्यौपाने,)। कथाकार शिशिर शर्माद्वारा लेखिएको र २०६८ सालमा प्रकाशित प्रस्तुत कृति कथावस्तु गत दृष्टिले त्यति सघन देखिन्न । कतिपय कथाहरू कथावस्तुको सुगठित परिवेशमा आबद्ध छन् भने कतिपय कथाहरू कथावस्तुको फितलो कथावस्तुलाई लिएर अघि बढेका छन् । कथाकार शर्माले समाजबाट टिपेर र कथाको आवश्यकतालाई ग्रामीण तथा सहरी सभ्यताको दैलोमा घचेटेर कथाको सिर्जना गरेको देखिन्छ । कथाहरू कतै समाजका निम्नवर्गीय परिवेशमा आधारित बनेर समेत आएका छन् । निम्नवर्गीय समाज, तयो समाजका व्यक्तिहरूले भोग्नुपर्ने विवशता-बाध्यता, हाँसो-रोदन, सुख-दुःखलाई कथावस्तुको आधार बनाइएको छ । कथालेखन २०४५ देखि आरम्भ भए पनि २०५० सालदेखिका कथाहरू समेटेको तथ्य कथाकार स्वयं व्यक्त गर्दछन् । (शर्मा, २०६८ः ङ) । कथाकारको आरम्भिक लेखन भएकाले कतिपय कथाहरू कथासापेक्षताका आधारमा खरा उत्रन सकेका देखिन्नन् ।

कथासंग्रहको पहिलो कथा 'अकबरे' सामान्य ढाँचालाई अवलम्बन गरेर लेखिएको कथा हो । गरीबदासको खेतमा जोतिनु र आफ्नो र श्रीमतीको जीवन गुजारा गर्नु उसको मूल दैनिन्दनी बनेको छ । जीविकोपार्जनका निमित्त गरिएका उसका प्रत्येक क्रियाकलाप गरीबदासका निमित्त समर्पित देखापरेका छन् । छोराको नाम वैभव राखिएको भएपनि आफ्नो गास बासको आधारमा गरीबदास बनेको छ ।

लहलह झुलेका धानका बालालाई बोल्न लगाएर कथाकारले नेपाली कथामा नयाँमोड थपेका छन् । उनको कथाको पात्र अकबरे गरीब छ, मिहिनेती र परिश्रमको फाँकीमा बाँचेको छ । अन्त्यमा कथाकारले गरीबदासलाई सहर पठाएर अकबरेलाई सम्पूर्ण सम्पत्तिको हकवाला बनाएका छन् । उनको व्यक्तित्व भन्दा पनि अकबरेको पसिनाले मूल्य पाएको छ । अकबरेको पसिनाले मूल्य पाउनले प्रस्तुत कथा शोषित वर्गको शोषणमा अल्भिmए पनि शोषकीय प्रवृत्तिको अन्त्यलाई लिएर जन्मेको कथा मानिन्छ ।

दोस्रो कथा संकल्प एउटी अबोध बालिका र उसका अन्तर्मनका भेदक चिन्हहरूलाई लिएर देखापरेको कथा हो । सहरी सभ्यताको चपेटामा परेर नाङ्लोमा व्यापार गरी जीवनयापन गर्ने कर्मशील नारीको चरीत्रलाई कथाले मूल कथानकमा उनेको छ । मानिस परिस्थितिको दास हो र उसलाई परिवेश र परिस्थितिले आफ्ना नङ्ग्राभित्र हमेसा अंगालोमा बाँधेको हुन्छ । सडकको पेटीमा बसेर जीवन यापन गर्ने परिवारको परिवारिक दुर्दशा यसमा व्यक्त भएको देखिन्छ । एउटी आमाले गरेको जीवन संघर्ष एकातर्फ कथाको केन्द्र बनेर देखिएको छ भने अर्कोतर्फ सहरी सभ्यतामा हुर्केका धनादय बाबुआमाका छोराहरूले गरीबहरूमाथि देखाएको कारूणिक दुर्दशा अर्को तर्फ देखापरेको छ । दाजु ड्रग्सको आदि बाबुमा रक्सीको लत, दिदी धनाठ्यको कामुकताकी शिकार बनेर जीवनलीला समाप्त गरेको अवस्थामा कथाको प्रमुख पात्र उपमा प्रवेशिका परीक्षाको तयारीमा छे । उसका भनोगत भावना तथा उसका भनका कल्पनाशील संयोगमा कथाको कथावस्तुमा गतिशीलता आएको छ । कथाको कथागत परिवेशले शहरी सभ्यताको पाटोमा उनिएका र सडकको पेटीमा बसेर सडकको परिवेशलाई नियालेर आफ्नो जोह्रो गर्ने मान्यतालाई कथाले केन्द्रमा राखेको छ । सामाजिक मूल्यभन्दा जीवन धान्नका लागि गरिएका संघर्षको पोको एकातर्फ छ जसले मान्छेलाई मूख्य बाटोमा गतिशील तुल्याएको छ । उपमा न्तम गरेकी प्रमुख चरित्र उण्पमा आफ्नो आमा र दिदीलाई पुरूषले दिएको प्रवाडनालाई संकेत गर्दै भन्छे "रक्तपिपासु जुका हुन् यी पुरूषहरू" (शर्मा, २०६८: १२) । पुरूषबाट प्रताडित बनेका र जीवनको संघर्षमा बलीवेदीमा नेमिएका नारीहरूको दुखद अवस्थालाई प्रस्तुत कथाले कथावस्तु बनाएको छ ।

कथासंग्रह भित्रको तेस्रो कथा दरिद्री बाल्यकालीन सखाको व्यावहारिक परिवेशलाई लिएर लेखिएको कथा हो । शहरी सभ्यतामा बाँचेका र जागीरे जीवनबाट आफ्नो जीविका चलाउने सामान्य कर्मचारीको जीवनवृत्त कथाको कथानक बनेर आएको छ । म पात्र धेरै वर्षपछि आफ्नो सहपाठी भित्र

रमेशसंग भेट भएको छ । रमेशको चालामाला, लवाई तथा उसका क्रियाहरूले धनादेयको संकेत गरेका छन् तर म पात्र संग सापटी मागेर दिन गुजार्न पर्ने उसका दैमिकीले उसको जीवनयापनका घतलाग्दा पाटाहरू उदाङ्गिएर आएका छन् । संभवतः म पात्रको असजिलो परिवेश, जागीरे जीवनको कथा, सहरी समाजमा दिन यापनका बेथितिहरू कथामा उनिएर देखिएका छन् । चालचलन व्यवहार जस्तो भएपनि एउटा कर्मचारीले जीवनयापनका निम्ति गरेका संघर्षहरूको परिचय दरिदैँ कथा हो । रमेशको कामप्रति क्रियात्मक रूपमा गतिहीन भएको म पात्रको पारिवारिक जीवन संघर्षलाई र सोझा तथा सरल कर्मचारकिो जीवनयापनको दुःखजिलोलाई दरिद्री कथाले टिपेको छ ।

२०६० सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट पुस्कृत ‘अस्ति□वबोध’ कथाले कथासंग्रहको शीर्षकलाई बोकेको छ । काठमाडौं अथवा भनौं शहरको रात्री जीवनमा देखापरेका भावत क्रियात्मक प्रस्तुतिलाई प्रस्तुत कथाले बोकेको छ । जीवनको जटिलता, जीवनमा भोगेका कटुसत्यहरू प्रस्तुत कथामा उपस्थित भएका छन् । क्साविन रेष्टुरेन्टमा पुगेका दुई पुरूष पात्रहरू शेखर र केदारलाई नारीहरूले भोगेका जीवनसत्यहरू उपस्थित भएका छन् । माया नामक नारीले व्यक्त गरेका यर्थार्थ तथ्यलाई प्रस्तुत कथाले समात्न खोजेको छ । पहिलो पटक रेष्टुरेन्ट प्रवेश गरेको केदारले भोगेको अनुभव वास्तवमा नौलो तथा जीवन सापेक्ष देखापरेको छ । होटलमा जागीर गरेर जीवन व्यक्तित गर्ने नारीहरूको कारूणिक अवस्था एकतार्फ छ भने दशवर्षे द्वन्द्वमा अभिभावक गुमाएका नारीहरूको दुःखद जीवनपाटो अर्कोतर्फ राखिएको छ । माया नाम गरेको नारीले केदारको बाहिर जागीर खाने आग्रहलाई भन्छे “कसले दिन्छ शेखर दाह हामीलाई मौका कसले चिनेको छ र हाम्रो क्षमता” (शर्मा, २०६८ः २६)। जीवनमा मीठो खाने, राम्रो लगाउने रहर, घरजम गर्ने अभिलाषा बोकेका तरूनीहरूको अवस्था र उनीहरूले रात्रीजीवनमा भोगेका दुःखद अवस्थालाई कथाको विषय बनाइएको छ । सामान्यतः हाम्रो जीवनमा सहानुभूतिका शब्दहरूले खासै अर्थ नराख्ने कुराको संकेत गरेर मायाले दुईपटक यसै होटलका ग्राहकसंग प्रेममा फसेको र विवाह समेत गरेको कुलाई तथ्यात्मक रूपमा अघि सारेकी छ । माया आफ्नो जीवनको कहानी लाग्दो अण र पुरूषले हामीलाई हेर्ने दृष्टिकोणप्रति लक्षित भएर भन्छे “तपाईहरू हामीलाई भेट्न हाम्रो मायाले आउनु भउको हो र ? हामीलाई लुट्न आउनुभएको हो, भनपरिसित हामीसत खेल्न आउनुभएको हो”(शर्मा, २०६८ः ३०) यसरी रात्रीजीवनको तीतो अनुभवलाई प्रस्तुत कथाभित्र समावेश गरिएको छ । सामान्यतया मानव संवेदनाले भरिएको प्रस्तुत कथा सहरी जीवनबोध र नारहिरूकले भोगेका जीवनजगतका प्रमाणिक स्रोतका आधारमा लेखिएको कथा हो ।

रात्रीजीवनका मानवीय तथ्य तथा हाम्रो देशको शहरी जीवनका परिवेशमा हुर्केका मान्छे र उसले जीवनका मानव संवेदनालाई समात्न सकेको छ । माया र नारीजस्ता नारीहरूको भावनाको कदर गरेर राज्यले वैकल्पिक व्यवस्था गरिनदिनुपर्ने धारणालाई कथाले कताकता दर्शाउन खोजको संकेत यस कथामा पाइन्छ ।

पाँचौ कथा अधवैंसे 'वर्णन' नामक पत्रिकामा २०५५ सालमा प्रकाशित भएको कथा हो । यो पनि शहरी वातवारणमा ससानो व्यापार गरेर जीवन निर्वाह गर्ने कमजोर वर्गका मानिसहरूको जीवनवृचमा आधारित कथा हो मकै पोलेर जीवन निर्वाह गर्ने अधवैंसेले म पात्रलाई आकार्षित गरेकी छ । सधैं त्यही बाटो हिंड्ने म पात्रलाई कथाले पच्छ्याएको छ । मकै पोलेर आंशिक कमाई गर्ने अधवैंसेको देहव्यापार दोस्रो कमाइको साधन बनेर आएको देखाइएको छ । म पात्र यौन क्षुधा मेटन गएको अवस्था एकतर्फ देखाइएको छ । अर्कोतर्फ पत्नी प्रति अन्याय गरेको संकेतले म पात्र यौन तृप्ति विना उसको शसल्क दिएर आएको देखिन्छ । गरीब, जीवन निर्वाहका निम्ति शहरमा बस्ने निम्नवर्गीय नारीहरूको जीवनवृत्त र उनीहरूले भोगेका भावगत मान्यतालाई प्रस्तुत कथाले मसिनो ढङ्गबाट हेरेको छ । बूढोपतिबाट यौन तृप्ति नभएर वा गाँस, बास र कपासका निम्ति मौनभोकलाई शान्त पार्नु परेको तथ्य प्रस्तुत कथाको कथानक बनेको छ । एउटी अधवैंसे नारीको स्वरूप तथा उसले जीवनभोगाइका निम्ति अपनाइएका कगेर वृत्त नै कथाको सौन्दईगत प्रस्तुति बनेर आएको छ ।

२०५५ सालमा लेखिएको २०६३ सालमा निर्भर पत्रिकामा प्रकाशित 'परिणम' एउटी विवाहित महिला निस्ता तथा सप्रेको बाबुको विग्रेको छोरी आजादलाई लिएर लेखिएको कथा हो । यौनजन्य आवश्यकता पूर्तिका लागि छोराछोरीको आमा बनेकी निरूताले गरेका क्रियाहरूलाई कथाले टिपेको छ । सरकारी जागीर खाने निरन्ता र जागीरकै क्रममा फिल्डमा जाने उसका पतिवीचमा यौन सन्तुष्टी नभएकै कारण आफ्नो जैविक आवश्यकता पूर्तिगर्ने आफ्नै सहकर्मी आजादसंग लहसिएको तथ्य कथामा देखाइएको छ । त्यसरी नै नराम्रा कामहरूको परिणाम नराम्रो नै हुने कुराको संकेत यसमा देखिन्छ । आजाद सम्पन्न परिवारको युवक हो । निरूता पनि जागीर बाट भए पनि आफ्नो अभाव राम्रासंग परिपूर्ण गर्ने युवती हो । यी दुबैका बीचको सम्बन्ध यौन तृप्ति नै हो भन्दै कथाकार भन्छन् 'निरूता र आजाद एकअर्कामा आकार्षित हुनुको कारण यौनकै कारण हो ।'यस मामिलामा आजाद निकै सक्रिय छ भन्ने कुरा निरूताले शुरूमा महिला साथीहरूबाटै सुनेकी हो । आजादको दृश्य, गन्ध र स्पर्शले मात्र

पनि तृप्ति पाएकी भएर हो कि ऊ नआएका दिन निरूता कार्यालयमा एक्लो महसूस गर्थी (शर्मा, २०६८: ४५)। निरूताको जीवनका जटिल मोहहरू जीवन भोगाइउका चरण बनेर आएका छन् । यौन तृप्ति आवश्यक छ भन्ने सन्देश एकातर्फ छ भने नारीले यौनभोकलाई तृप्ति दिन विभिन्न माध्यमबाट सहकर्मीलाई आग्रह गर्ने संकेत कथाको दोस्रो पक्ष हो । गलत कर्मले सही मार्ग प्रस्तुत नहुने तथ्यलाई आजादलाई लागेको रोगले देखाएको छ । सम्भवतः सहरी जीवनमा बसेका र जीवनभोगाइलाई मोजमस्ती ढान्नै युवापुस्ता नै कथाको केन्द्रमा बसेका छन् ।

प्रस्तुत कथासंग्रहको सातौं कथा सहवाही २०५७ सालमा लेखिएको कथा हो । प्रकाशन नभएको र यही कथासंग्रहमा प्रवेश पाएको प्रस्तुत कथा एउटै कलेजमा पढेर विभिन्न कर्मक्षेत्रमा प्रवेशिएका सहपाठीहरूको क्रियामा आधारित कथा बनेको छ । गाऊँबाट पढन आएको प्रेमप्रसाद र सहरमा हुर्केर क्याम्पस पढने उर्मिलाको स्वरूपलाई लिएर कथा जोलिएको छ । क्याम्पस पढदाको प्रेमप्रसादलाई गाउँले, पाखे, भनेर घेणा गर्ने उर्मिला कुनै सरकारी काईलयमा काम गर्छिन । गाउँबाट आएको प्रेमप्रसाद राजनीतिको दियालोबाट मन्त्री पद प्राप्त गरेको देखिन्छ । एकदिन उर्मिलाको कार्यालयमा दीर्घपदका पाउने उर्मिलालाई पदक दिने अतिथि प्रेमप्रसाद रहेको काई देख्दा अचम्म मान्ने उर्मिला र प्रेमप्रसादको स्वरूप यहाँ प्रकट भएको छ । उर्मिला मन्त्री परिषदको पुनर्गठनपछि मन्त्रीबाट हटाइएको प्रेम प्रसाद एउटै टेम्पोमा भेट हुन्छन् र गफिन्छन् । विवाह गरेर विधवा बनेकी उर्मिला तथा विधुर बनेको प्रेमप्रसाद एकै ठाउँमा डेरा लिएर बस्ने सहयात्री बनेका छन् । सामान्यतः सहपाढीको भूमिकामा रहेका यी दुवै पात्रको जीवनलाई नै कथाले टपक्क टिपेर राखेको छ । यी दुवै पात्रको एकअर्कासँग सहसम्बन्ध नदेखिए पनि सहपाठीको भूमीकामा रहेका यी दुवै पात्रको जीवनलाई नै कथाले टपक्क टिपेर राखेको छ । यी दुवै पात्रको एकअर्कासंग सहसम्बन्ध नदेखिए पनि सहपाठीको झल्कोलाई यसभित्र राखिएको छ ।

आठौं कथा क्रमशः १ कथाकारको आफ्नै उपस्थितिमा लेखिएको कथा हो । जागोर जीवनमा प्रवेश गरेका शर्मा शहरी बसाइका तीता क्षणहरू तथा तृप्ती नामक तरूनी संग प्रेममा गाँसिएको तथ्य अघि सार्छन् । तर कथाको कथामा पल्लो घरमा भाडामा बस्ने तरूनी तृप्तीलाई भित्र भित्र मनपराउने शिशिर र शिशिरलाई मनपराउने तृप्तिका बीचको भित्री प्रेम नै कथाको कथावस्तुमा उभिउको छ । तर अर्को क्रमशः २ लिएर आउने वाचा सहित कथाकार मोटर दुर्घटनामा परेका छन् । उनलाई वोर

अस्पताल लिएर गठ्यो । बाँचे वा कता लागे अर्को कथासंग्रहले बताउने वाचा सहित कथाले विराम पाएको छ ।

२०५१ सालमा लेखिएको तर प्रकाशित नभएको प्रतिवाद सामाजिक संस्कारको विरुद्ध जन्मेको कथा हो । किशोर नामक पात्रले समाजमा देखापरेका विकार, विकृति, विसंगतिको अन्त्य चाहेको छ । संसारको क्रमलाई हेरेर किशोर आफ्नो प्रतिवादको भावनालाई छताछुल्ल बनाएर बगाएको देखिन्छ । केदार बाजे र किशोरका कुराहरूले संसारको परिवर्तन चाहेका छन् । परिवर्तन मूलतः ईश्वर पुजेर, अधभक्त बनेर नभई समाजका विकृतिलाई अन्त्य गरेर हुने धारणा यसमा राखिएको छ । सहकमा हुर्केर जीवन यापन गर्ने किशोर र परिपक्व बनेका केदार बाजेका बीचको स्वरूपलाई कथाले समातेको छ । सडकको किशोर आफ्नो जीवनलाई अनायास सडकतिर धकेल्छ । एउटी आमाले लोग्ने छोराछोरीलाई मारेको खबरले त्रसित बनेका केदारबाजे किशोरलाई उक्त घटना बताउँछ । उक्त घटना सुनेर कुनै प्रतिक्रिया नदिने किशोर संसारलाई हेर्दै भन्छ "संसारमा कतिखेर के हुन्छ भनेर भन्नै सकिन्न । जता पनि तनावमात्र छ । जतापनि लछालुछ, थिचाथिच, तानातान । शारीरिक र मानसिक पीडा बोकेर मान्छे कतिदिन बाहिर शान्त देखिन सक्छ र ?" अिन उसले कसरी आफू भित्र बलिरहेको आगोलाई शान्त गर्न सक्छ ? (शर्मा, २०६८: ६४) । टोलाउने, एकसुरे हुने किशोर सडकबाट उठाइएको त्यो पात्र हो जसले आमा बाबा, घर, माया, ममता, स्नेहको मीठो मुस्कान पाएन । अतः समाज परिवर्तन उसको मुख्य उद्देश्य बनेर आएको देखिन्छ । त्यसकारण जीवनबोधको कटुसत्य र मानवीय भावनाको कदर गर्ने उद्देश्यलाई लिएर प्रस्तुत कथा आएको छ । मानवीय भावनाको कदर गर्दा मात्र समाज र संसार स्वस्थ हुने धारणालाई किशोरले बोकेको छ । सडकबाट जीवन आरम्भ गरेको किशोर आफ्नो जस्तो दशा अरूको नहोस भन्ने चाहन्छ । सडकबालकका रूपमा जीवनको कटु यथार्थ भोगेको किशोर भन्छ "बालकहरूको हत्या हुनै पर्छ भन्ने छैन । उनीहरूलाई एउटा हदसम्म संरक्षण र सहारा अनि प्रेरणा दिन बाबु आमा नै नभए पनि कसैले सक्नुपर्छ । त्यतिसम्म उदार मन मानवमा हुनै पर्छ । मानवताको नाता शायद त्यही हो (शर्मा, २०६८: ७०) । यसरी समाजको विसंगति र बाल बालिकाले भोग्ने समस्याको जिंउदो चित्र बनेर यो कथा देखापरेको छ ।"

२०५५ मा लेखिएर यस संग्रहभित्र समावेश भएको दाइजो कथाले तराईको संसार र संस्कृतिलाई टिपेको छ । तराईको हरियालाई भगाएर ल्याएको धर्मे आरम्मिक चरण काठमाडौंमा

संघर्षको जीवन व्यक्तित गरिरहेको छ। संघर्ष नै जीवन माग्ने धर्मेले दुःखजिलो गरेर राम्रै कमाइ गरेको देखिन्छ । श्रीमती दोजिया बनेपछि छोराको अभिलाषा राखेको हुन्छ । तर, छोरी भएपछि उसको भावनामा ढेस लागेको तथ्य बाहिर नआए पनि भित्री हृदयमा लुकेर बसेको पाइन्छ । जेठी छोरी जन्मेपछि ३ वर्ष पछि हरियाले अर्को छोरी जन्माउँछे। दुईटी छोरी जन्माएकी श्रीमतीलाई हेला गरेर आफ्नो व्यापार समेत चौपट बनाएको धर्मे पश्चातापको आगोमा जलेर पुनः फर्केर आउँछ। त्यहाँ श्रीमती नभेटिएका कारण ऊ सडकमा आउँछ। आफ्नी श्रीमतीलाई खोज्दै सडकमा भौंतारिएर हिंडेको पाइन्छ। प्रशस्त दाइजो पाइने केही बाबु आमाले खोजेको भएपनि हरियासंग प्रेममा बाँधिएको धर्मेको दाइजोप्रतिको आग्रहले कथा शसक्त बनेको छ। तराई संस्कृतिको सामाजिक मान्यता तथा धर्मेले गरेको व्यवहारप्रति कथाकारको पूर्ण आस्था देखिन्न । सम्भवतः तराइको संस्कृतिलाई बहन गरेको प्रस्तुत कथाले पुरूषका मानसपटलमा छोराको चाहना जीवनन्त रहने पुरूष प्रधान समाजको चित्र उतारेको छ। धर्मेको जीवनवृत्त र नारीहरूले पाउने दुःखको असल नमूना बनेर आएको कथा दाइजो मानिन्छ।

'आत्माको पुकार' २०५८ सालमा लेखिएको कथा हो । मृतात्मालाई लिएर गरिएका स्वैरकाल्पनिक प्रयोगले प्रस्तुत कथा सहज अभिव्यक्तिमा उपस्थित भएको छ। आँखा धन गरेर आउकी युवतीले व्यक्त गरेका भावनामा स्वैरकल्पनाको चित्कार उज्ज्वल बनेर आएको छ। संभवतः आत्मा छन् वा छैनन् भन्ने धारणामा हुर्केका हामीलाई मीठो सत्धर्मको सन्देश ती महिलाले प्रदान गरेकी छिन् । सामाजिक भन्दा पनि आत्माको कथनले जन्मपछि मृत्यु र मृत्युपछि जन्म यथार्थ सत्य रहेको तथ्य खुलाईएको छ। आत्माको चित्कार, उनले गरेको आँखादान, उनका आँखाले देखेको संसार, तथा मानव संवेदनाका जटिल मोडहरू यसकथामा भेटिन्छन् संसार नाट्यशाला हो र हामी नाटकका पात्र जस्तै छौं भन्ने कुरालाई व्यक्त गर्दै आत्मा भन्छ "शरीर छोडेपछि मेरा अधुरा कामहरूबारे परमात्माले जानकारी दिइरहनुभयो ।" नाटकघरमा गएर खेलिने धेरै भूमिका मैले त्यो शरीरमा रहेर निर्वाह गरेकी थिएँ (शर्मा, २०६८: ८७) । एउटा आत्मा र परमात्माको स्वरूप तथा सन्देश बनेर कथा आएको छ। जन्मले मृत्यु वरण गरेपछि पनि हाम्रा अङ्गहरूको काम हुने संकेत गर्दे नेत्रदान गर्न कथाकारले सल्लाह दिएका छन् । आत्माको मिलन परमात्मासंग भएपछि मात्र यो जीवनमा आउनु नपर्ने सन्देश नै आत्माको मुख्य पविशले जनाएको छ।

शर्माको ‘अस्तित्वबोध’ कथासंग्रहभित्र रहेका एघार कथाहरूको कथावस्तुमा नेपाली समाज र यस समाजमा हुने गरेका क्रियात्मक रूपहरू कथावस्तुको साँचोमा ढालिएका छन् । शहरी जीवनका बाध्यता, मान्छेका क्रियाहरू, जीवन धान्न गरिने कर्महरू, नारी अस्मिताको जोखिम, जोखिम उठाएर भएपनि जीवन जिउने बाध्यता, कर्म अनुसारको फलाक्षय, नेपाली समाजका विविधताको चित्रण कथावस्तुको केन्द्र बनेका छन् । कतै नारीको छटपटाछट, रोदन, बाध्यता र विवशता झल्केको देखिन्छ भने कतै समाजका कटु यथार्थहरू कथाका अङ्गीभूत धारणाबनेर आएका छन् । समग्रमा कथाकार शर्मा कथागत प्रवृत्तिमा भन्दा पनि कथावस्तुको गुम्फनमा अति सचेत बनेका छन् ।

## ४.६.२ पात्र विधानः

कथाकारले आफ्नो भावलाई पाठकसामु पुऱ्याउने आधार पात्रलाई बनाउँछ । शर्माका कथाहरूमा पात्रहरूको प्रयोग सहज बनेर उपस्थित भएको छ । काठमाडौंको भीडमा जीवनलाई गतिशील बनाउन आएका मानसिहरूलाई शर्माले टिपेर कथामा राखेका छन् । कथाकारको भावनाले शहरको नाडी छामेको छ । शहरमा आएर जीवन चलाउन खोज्ने र शहरी परिवेशसंगै पैठाजोरी खेलेर शहरमा हराएका पात्रहरूलाई कथाकारले आफ्नो केन्द्र बनाएका छन् । कतै किसानको चरित्र उदाङ्गो पारिएको छ त कतै स्कूले ढिटीहरू पात्रको रूपमा देखापरेका छन् । दरिद्रीमा एउटा कर्मचारिको जीवन गाथालाई कोरिएको छ । शहरमा आफ्नो तलबले जीवन धान्न धौंधौ पर्ने कर्मचारीको जीवनचर्यालाई बोकेको चरित्र उभिएको छ । अस्तित्वबोधमा शहरमा क्याबिन रेष्टुरेन्ट भित्र काम गर्ने गाउँले युवतीको चरित्र र उनका दिनचर्यामाथि प्रकाश पारिएको छ । दशवर्षे द्वन्द्वले गर्दा शहर पसेका युवतीहरूको करूणिक जीवनवृत्तलाई कथाका पात्रहरूले बहन गरेका छन् । सामाजिक सञ्चालको जटिलता, मानिसले भोग्नुपर्ने पीडा, जीवन निर्वाहका निमित्त मान्छेले गर्ने दुःखजिलो र समाजमा प्रताडित भएका निम्नवर्गीय चरित्रको चरित्राङ्कनमा कथाका पात्रहरू समावेश भएका छन् ।

शर्माका कथठाका पात्रहरू विपन्न र सम्पन्न वर्गका छन् । अकबरे र परिणाम कथाका पात्रहरूको उपस्थिति सबल र सक्षम वर्गको प्रतिनिधित्वले सजिएको छ भने अन्य कथाहरूमा समाजमा रहेन निम्न र मध्यमवर्गको प्रतिनिधित्वलाई बहन गर्ने पात्रहरूको उपस्थिति देखाइएको छ । आत्माको

पुकार कथामा आत्मालाई पात्र बनाए । स्वैर काल्पनिक ढङ्गको चरित्रलाई चरित्राङ्कन गरी राखिएको छ । तसर्थ समाजबाट सामाजिक मूल्यको र आफ्नो जिवनको अस्तित्व खोज्न निक्लेका चरित्रहरूको चरित्राङ्कन मै कथासंग्रहको इतिवृत्तले पात्रको उपस्थितिलाई स्वीकारोक्ति प्रदान गरेको छ । अर्काको घरमा कामगर्ने, दुःखजिलो गरेर जीवन चलाउन खोज्ने, बाँच्नका लागि यौन व्यवसायलाई आंशिक रूपमा बहन गर्ने, सडकको पेटीबाट उठेर जीवन संघर्षमा उत्रने, यौनभोकलाई मेटन अरूको अङ्गालोमा बाँधिने, मृत्यु भएर पनि आत्माका रूपमा समाजका क्रियाकलाप हेरिरहने तरिकाका पात्रहरूलाई शर्माले कथामा उनेका छन् । कतै कथाकार नै पात्रका रूपमा उपस्थित भएर कथालाई अझ रोचकताको विन्दुमा पुन्थाएका छन् । क्रमश २ मा कथाकार नै पात्रको रूपमा आई पुनः अर्को कथामा आउने वाचा सहित विदा भएको देखिन्छ । ग्रामीण र शहरी, तराई, पहाडमा हुर्केका चरित्रहरूको क्रियात्मक चरित्राङ्कनमा कथासंग्रहले गतिप्राप्त गरेको छ । पात्रविधानमा कथाकार सबल बनेका छन् । यौनको भोकलाई जैविक आवश्यकता मनोविज्ञान, समाजको सामाजिक परिवेशमा उपस्थित हुने चरित्रको चित्राङ्कन प्रस्तुतिले कथाहरूलाई वरण गरेको छ ।

### ४.६.३ भाषाशैली:

शमौ २०५५ देखि प्रकाशन साहित्यमा प्रवेश गरेका हुन् । कविता विधामा शसक्त हस्ताषर बनेर उदाएका शर्मा कथा विधामा पनि आफ्नो साहित्यिक यात्रा अस्तित्व बोध (२०६८) कथासंग्रहबाट गर्दछन् । विभिन्न समयमा प्रकाशित अप्रकाशित कथाहरूको संगालोका रूपमा आएको प्रस्तुत कथासंग्रहको भाषिक शिल्प शर्माको छुट्टै पहिचान बनेर आएको देखिन्छ । सरल, संवेद्य, पाठको पयोगी भाषाको प्रयोग यसमा देखापरेको छ । पात्र अनुकूलको भाषिक शिल्प अंगालेका शर्माको भाषिक रूप अति सबल र उन्नत देखापरेको छ । कविता विधाको सफल अभिव्यक्तिलाई आत्मसाथ गरेका शर्माले भाषिक शिल्पमा अति संवेदनशीलता व्यक्त गरेको देखिन्छ । तत्सम आगन्तुर झर्रा नेपाली शब्दहरूको प्रयोगमा खापोस शर्माले कतिपय कथालाई संवादात्मक शैलीमा प्रयोग गरेर कथा साहित्यमा नवीन भित्री प्रदान गरेको छन् । संकल्प कथाकी पात्र उपभाको भाषिक रूप पाठकलाई बिभ्मने खालको देखिन्छ । उपमा भन्छे “जीवनमा दुःख पाउनुमात्रै पनि दुर्भाग्य त होइन नि ? अरूले पाएको दुःखबाट सतर्क हुनु पनि भाग्यकै प्राप्ति हो ।” (शर्मा, २०६८ः १५)। प्रवेशिकाको योग्यता परीक्षा दिइरहेको उक्त पात्रले व्यक्त गरेको धारणा अत्याधिक गम्भीर प्रकृतिको देखापरेको छ । यस किसिमको भाषिक प्रयोग कतैकतै खट्किए पनि

समगेमा शर्माको भाषिक शिल्प पूर्ण सचेत छ । प्रतिवाद कथाको पात्र किशोरको भाषमा पनि गम्भीरताको झल्को देखिन्छ । कथावस्तुको गुम्फनमा शर्मा विविधतामुखी छन् भने भाषिक प्रयोगमा पनि उनको विविधताले स्थान पाएको छ । वस्तुगत रूपले भिन्न किसिमको शैली लिएर देखापरेका शर्माको कथागत विशेषता भिन्न खालको छ । जीवनका प्रत्येक आंकाक्षा र मानवीइ संवेदनाको ढोका खोलेका शर्माको भाषा र मानवीय संवेदनाको ढोका खोलेका शर्माको भाषा शैली आफ्नै किसिमको रहेको छ ।

समग्रमा भाषाशैलीगत परिवेशलाई हेर्दा कथाकार शर्माको भाषाशैली नवीन रूप र सहज अभिव्यक्तिको साधन बनेको छ । कतिपय कथाहरू बौद्धिक पाठकको खोजीमा क्रियाशील छन् भने कतिपय कथाहरूको भाषिक शिल्प सहज अभिव्यक्तिको माध्यम बनेर आएको छ । समग्रमा कथाकार शर्मा भाषिक दृष्टिले सहज भाषाशैली, प्रयोग गर्ने कथाकार बनेर देखापरेका छन् ।

### ४.६.४ **संरचना :**

शर्माको पहिलो कथासंग्रहका रूपमा देखिएको अस्तित्व बोधले ११ ओटा कथाहरूलाई आफूभित्र समावेश गरेको छ । शर्माले कतिपय कथाहरूलाई उपखण्डमा विभाजन गरवेका छन् भने कतिपय कथाहरू उपखण्डमा विभाजित देखिन्नन् । दरिद्री, परिणाम, सहपाठी, क्रमश १, प्रतिवाद, दोहजो उपखण्डमा विभाजित कथाहरू हुन् । अकबरे, संकल्प, अस्तित्व बोध, अधवैंसे र आत्माको पुकार कथाहरू उपखण्डमा बाँधिएका छैनन् । बाह्य संरचनालाई हेर्दा अधवैंसे ५ पृष्ठमा र अस्तित्वबोध १३ पृष्ठमा संरचित कथा हुन् । प्रस्तुत कथासंग्रहभित्र संरचनाका दृष्टिले मध्यम खालका कथाहरू देखापरेका छन् । बाह्यसंरचना कसिलो बनेका यस संग्रहका कथाहरूमा आक्तरिक संरचना अझ कसिलो बनेर देखापरेको छ । धेरै जसो कथाहरू सहरी वातावरण र काठमाडौंको परिवेशमा स्थापित भएका छन् । कथामा प्रयोग भएका कथावस्तुलाई हेर्दा कथाकार समाजका विविध स्थानहरूको परिवेश उतार्न सफल बनेका छन् । आन्तरिक संरचनाको रूपले कथालाई सामाजिक यथार्थको निकट पुऱ्याएको छ । सामाजिक रूपमा देखिएका जल्दाबल्दा समस्यालाई टिपेर आफ्नो मान्यताको कसीमा ढाल्ने शर्माको कथाकारिताले नयाँ मान्यता र माध्यम पाएको देखिन्छ । कथाकार सहरका गल्ली गल्ली पसेर मानव मनका कुष्ठा उद्धेगलाई समात्न सफल भएका छन् । सामाजिक दूरावस्था भन्दा यौन कुष्ठाका माध्यमले कथालाई रोजकता प्रदान गरेका छन् । कतिपय सन्दर्भमा कथाकार स्वयं पात्रका माध्यमबाट उपस्थित

भई अन्य पात्रहरूसंग मसखरी खेल्दा अनौठो प्रतीति भएको छ । समग्रमा कसिलो संरचनामा आबद्ध भएको छ । समग्रमा कसिलो संरचनामा आबद्ध भएका, समाजको भोक, प्यास, हाँसो-रोदन, सुख दुःख, विवशता बाध्यतालाई नियालेका कथाहरूले सजिएको प्रस्तुत कथासंग्रह नेपाली कथाजगतको एउटा मध्यविन्दु सावित भएको छ ।

## ४.७ मामाघर उपन्यासकाको विश्लेषण :

वि.सं. २०६४ सालमा प्रकाशित भएको र नेपाली साहित्यमा बेग्लै भिन्नै, अलग्गै देखिएको शिशिर शर्माको 'मामाघर' एक औपन्यासिक कृति हो । नेपाली उपन्यास परम्परामा बाल साहित्यको विकास जसरी भएको छ । त्यसरी किशोर साहित्यको विकास हुन सकेको देखिन्न । स्कूल जाने ठिटाठिटीलाई आधार मानेर साहित्यिक कृतिले साहित्यको बगैंचामा अहिलेसम्म आफूलाई उभ्याउन सकेको पनि छैन । त्यसकारण नै उपन्यासको भूमिकामा लेखकले यसलाई किशोर उपन्यासको घोषणा गर्दै भन्छन् 'किशोरसाहित्य भनेर हो ।' (मज्जुरी, २०६४: ङ) । यसरी नेपाली साहित्यको ऐतिहासिक पर्यालोचनमा प्रस्तुत कृतिलाई किशोर साहित्यको प्रथम कृति हुने अवसर प्रदान गरिएको छ । एउटा स्कूल पढन जाने बालकको व्यवहार, उसले गर्ने क्रियाकलाप, उसका मनोकाक्षा, रहर, लहर, विवेक र तितिषाले गर्दा कृतिले पक्कै पनि नेपाली साहित्यको आलोकमा नवीन भित्ती पाएको छ । त्यसकारण भूमिकाकारको सर्वेक्षण र हेराईमा प्रस्तुत कृति किशोर साहित्यकै पैवृतिगत प्रस्तुति मानिन्छ । लेखकको ठम्याह र धारणामा प्रस्तुत कृतिको मूल्यगत आवाज भने भिन्न किसिमको देखा पर्छ । लेखक प्रस्तुत कृति "आवाज उठाउन नसकेर प्रताडित बनेका देशभरका बालबालिका तथा किशोरकिशोरीमा" प्रस्तुत उपन्यासलाई समपर्ण गर्दछन् । (शर्माः २०६४: ग)। त्यसैले भूमिका लेखन, कृतिकारको अभिप्रयागत परिवेशसंग समज्ज स्थता गाँस्दै किशोरकिशोरीको धुकधुकीलाई छाम्ने प्रस्तुत कृतिको केशोई प्रति शोधार्थी पनि सहमत भएको छ । अतः नेपाली साहित्यिक, ऐतिहासिक, परिवेशमा नयाँ रूपलिएर प्रस्तुत भएको यो कृतिलाई विश्लेषण गर्ने यस उपशीर्षकको मुख्य विषय हो ।

### ४.७.१ कथावस्तुः

धादिङ जिल्लाको ग्रामीण परिवेशमा हुर्केको एउटा किशोरको जीवन व्यथालाई यस उपन्यासले कथावस्तुको तन्तुमा उनेको छ । फूलखर्क गाऊँमा जन्मेर जीवन यापन गर्ने स्कूलमा अध्ययन गर्दा गर्दै

हानेहार देखापरेको यस उपन्यासको मुख्य चरित्र काठमाडौंको भीडमा हराएको छ । उक्त पात्रको परिचयमा उपन्यासका प्रस्टिदैं भन्छन् "आठ वर्ष जतिको । पातलो जीउ । साह्रै चकचके । नचला है भनेको कुरा चलाउनै पर्ने । राम्ररी राख है भनेर केही दियो, पछि माग्दा त त्यो फुटिसकेको हुने । आँखा अलि ठूला । हाँसिरहने बानी । नमिलेका हाँतले पनि होला ऊ हाँस्यो कि अरूलाई पनि हाँसो उठिहाल्थ्यो (शर्मा, २०६४ : १) ।" यसरी पात्रको परिचय सहित उपस्थित उपन्यासले पाठकको मनोवृत्तिलाई बुझेर संभावना, संवेदना, परिस्थितिजन्य परिवेशको ढोका उघारेको छ । उक्त चरित्रको नाम कृष्ण हो । स्वभावले उसका क्रियाकलाप र शारीरिक संरचनाको ढोका अघारेपछि उपन्यासकार उसका पछिपछि गोठालो लागे जस्तै गरी लाग्छन् । उसका क्रिया, आनीवानी, शील-स्वभावन, व्ययहार पटुतालाई व्यवस्थित गर्दै उपन्यासकारको लेखनीले उसलाई पढ्न पठाउँछ । पढ्दा, ध्यान नदिने, खेल्न रूचाउने कृष्ण मामाघरमा व्रतबन्ध गरी घर फर्कन्छ । मामाको छोरा नवीन र कृष्णको संगै व्रतबन्ध भएको छ । व्रतबन्धमा गुरूद्वारा दिहने गायत्री मन्त्र प्रति संकेत गर्दै नवीन भन्छ "काठमाडौंमा क्यासेटमा सुनेको गीत त गायत्री मन्त्र पो रहेछ" (शर्मा, २०६४: ४) व्रतबन्ध पछि क्रमश पढाईतर्फ लागेको कृष्ण सधै प्रथम हुने धनेलाई जितेर कक्षा ५ मा प्रथम हुन्छ र हर्षको सीमा बाहिर देखिन्छ । उसको साथीहरूसंग खेल्ने बानीले उसलाई क्रमशः कर्तव्यबोधतर्फ अग्रैसरित गराएको छ । दशैंमा मामाघर गएको कृष्ण नवीनसंग गफिँदा गाउँमा पढ्ने साथी नभेटाएको काठमाडौं पढनजाने तर व्यवस्था कसरी, के गरी, मिलाउने भन्ने तर्फ चिन्तित देखिन्छ । आमा बाबासंग कुरा गर्छ तर गरिबीको जौतोमा पिसिएका माता पिताबाट आफ्नो आकांक्षा पूर्ण नहुने संकेतले ऊ खिन्न मनले रूमलिन्छ । एकपटकको तीजमा सानीमासंग खहरे पुगेको कृष्ण सोही अन्दानका भरमा आफूलाई काठमाडौं पुऱ्याउँछ । पढेर, गुनेर, बुझेर, स्कूलको पठनपाठनमा अब्बलदर्जामा परेको कृष्णे गाउँलेको मायाको पात्र समेत बन्दछ । उसले काठमाडौं जाने अभिलाषा बोकेर हजुरबुबाले आमालाई दिन दिएको ५०० पाँचसय लिई काठमाडौं तर्फ एक्लै लम्कन्छ । काठमाडौं वसपार्कमा उत्रेको कृष्ण नवीनले बताएको भरमा बाटो लागेको ऊ मामाको छोरीहरू शोभा र अनुसारको नजरमा पर्छ र मामाको घरमा पुगेको देखिन्छ । फलतः मामाघरमा पुगेपछि सोधिकन आएको ऊ माइजुसंग बुद्धपूर्णिमाका दिन स्वयम्भू घुम्न आउँदा हराउँछ र उपन्यासले विराम पाएको छ । काठमाडौंको सहरमा हराएर अघि आएको कृष्णलाई लिएर अर्को उपन्यास लेख्ने वाचा सहित उपन्यासबाट विदा हुन्छन् । उपन्यास अन्त्यमा शर्मा भन्छन् "तपाईहरूको सल्लाहसमेतलाई ध्यानमा राखेर 'मामाघर' को अर्को भाग लिएर म छिट्टै आउनेछु । (शर्मा, २०६४: ८४)।"

माथि उल्लेख गरिएको कथावस्तुमा उनिएको प्रस्तुत उपन्यास नेपाली किशोरहरूका निमित्त अत्यधिक सबल बनेको छ । एउटा ग्रामीण भेगमा हुर्केबढेको र अध्ययनलाई निरन्तरता दिन काठमाडौं आउन खोजेको बालकलाई लिएर उसका क्रियाकलापमा उनी सचेत समेत देखापरेका छन् । पढने अभिलाषाले ऊ मामाको छोरा नवीनसंग भन्छ "तिम्रा बाबासित कुरा गर न नवीन मलाई पनि लैजाने" (शर्मा, २०६४: ५१) । पढाइमा अन्नपूर्ण प्रा.वि.मा सबैलाई उछिनेको कृष्ण मामाघरबाट हराएको कुरालाई द्वन्द्वयुक्त नेपालको र बालबालिका तथा किशोरहरूले भोगेको द्वन्द्वलाई संकेत गर्दै भन्छन् "पक्कै पनि माओवादीहरूले पो लिएर गए कि भन्ने वहाँलाई शंका भयो" (शर्मा, २०६४: ६४) । सामान्य परिवारमा जन्मे हुर्केका किशोरहरूले पढन चाहेर पनि वातावरण प्राप्त नगरेको तथ्यलाई कथावस्तुमा उनिएको कारण कथावस्तुको स्रोत ग्रामीण भेगले लिएको छ ।

## ४.७.२ चरित्रः

धादिङको फूलखर्कमा बसोबास गर्ने कृष्ण नै प्रस्तुत उपन्यासको नयाक हो । उसकै सेरोफेरोमा उपन्यासले गति पाएको छ । उसका क्रियाकलाप, उसले गरेका परिवेश, चाहेर पनि शिक्षालाई राम्रो तरिकाले गतिदिन नसकेको तथ्य देखाइएको छ । सामान्यतः कृष्णको चरित्रले देखाएको मार्गमा देशमा धेरे किशोरहरू रहेको तथ्यलाई यसमा देखाइएको छ । कृष्ण एउटा निम्न मध्यम वर्गीय चरित्र हो । ग्रामीण परिवेशमा हुर्केका शिक्षाबाट वञ्चित भएका, मीठो सपना बोकेर काठमाडौं हिरेका तर यो शहरी परिवेशमा हराएका चरित्रहरूको प्रतिनिधि पात्रका रूपमा ऊ उभिएको छ । उसले गरेका कार्इगत प्रस्तुतिले उसको भावनालाई समेटेको देखिन्छ । उसका गतिविधिहरू, उसका चाहना र भावनालाई हेर्दा उसको उसको मनोकांक्षामा प्रशस्त परिवेशहरू देखापरेका छन् । ऊ यस उपन्यासको प्रमुख चरित्र हो र यसलाई सहयोग गर्न अन्य चरित्रहरू आएका छन् । संभवतः कृष्णको जीवनवृत्तलाई उपस्थित गराउने र उसको चरित्रलाई सहयोग गर्ने भावनाले अन्य चरित्रको निर्माण भएको देखिन्छ । उसको चरित्रको सहजता र पढेर ठूलो मान्छे बन्ने आंकाक्षाले कृष्ण भन्छ "पढन पाए म जे पनि गर्छु, ऊ माथिकृ हरिको दाई धर्मराज पनि काठमाडौंमा अरूको घरमा बसेर अहिले कुन मन्त्रालयको हो, सचिव भएका छन् रे । म त काठमाडौं जान्छु, काठमाडौंमा धेरै कुरा सिकिन्छ (शर्मा २०६४: ५६) ।" कृष्ण भित्रका इच्छा, चाहना, अभिलाषा आदिलाई हेर्दा उपन्यासको गतिशीलता कसका वरिपरि घुमेको देखिन्छ । उसका भावनासंग आधारित बनेका अन्य चरित्रलाई हेर्दा खासै महत्वपूर्ण भूमिकामा नरहेका तर उसको

चरित्रलाई सहयोग गर्ने पात्रका अन्य चरित्रहरू यहाँ देखिएका छन् । अतः कृष्णको केन्द्रीयतामा रही गाऊँले जीवनमा हुर्केको ठिटोलाई समग्रतामा पाउनु नै प्रस्तुत उपन्यासको चारित्रिक विधान हो ।

### ४.७.३ संरचनाः

८३ पृष्ठमा समेटिएको, २० शीर्षकमा विभाजित भएको प्रस्तुत उपन्यासले नेपाली साहित्यमा पहिलो हुने अवसर पाएको छ । बाहय संरचनमा कृष्णका हरेक क्रियाकलापलाई शीर्षकमा बाँधेर राखिएको छ । उसले गरेका कतिपय चकचके स्वभावका क्रियागत प्रस्तुतिमा उपन्यासको जीवन्तताले पूर्णता पाएको छ । उसका कर्महरू तथा उसले गरेका क्रियाहरूलाई शीर्षकको आधारवस्तु बनाइएकोले उपन्यासको संरचनागत प्रस्तुति अत्याधिक सबल बनेर प्रस्तुत भएकोले शर्माको संरचनाविधान कसिलो बनेको देखिन्छ । आन्तरिक संरचनाको रूपलाई हेर्दा शर्माको प्रतिभा अत्याधि सहज तथा सरल अभिव्यक्तिमा देखापरेको छ । इच्छा चाहना, हुँदाहुँदै पनि शिक्षाको उज्यालोबाट बञ्चित हुन पुगेको चारित्रिक अवस्थाको चित्रणलाई व्यक्त गरेका कारण उपन्यासको संरचना विधान अत्यधिक शसक्त बनेको देखिन्छ । कृष्णले भोगेको चरित्रलाई हेर्दा र उसका काईलाई पढ्दै जाँदा क्रमशः बाल्यका लीन आफ्ना काईहरूको संझना देखिनाले शर्मा पाठकको हृदयलाई समाउन सफल भएका छन् । एउटा उपन्यासकारले जीवन मार्गमा प्रस्तुत भएका क्रियाहरूको सहज अभिव्यक्ति प्रदान गरेको हुनाले उपन्यासको संरचना विधान कसिलो बनेको छ । शीर्षकमा विभाजन गरेर पाठकीय सजिलो बनाइएको हुँदा औपन्यासिक संरचनाले गतिशीलता पाएको प्रतीत हुन्छ । समगैमा कसिलो संरचनमा आबद्ध भएको र मानवीय संवेदनालाई बोक्न सकेको प्रस्तुत उपन्यासको संरचना विधान उपयोगी मान्नुपर्ने अवस्थामा उपस्थित भएको छ ।

### ४.७.४भाषाशैलीः

किशोर साहित्यको नामाकरण पाएको र पाठकलाई समाउन सफल भएको प्रस्तुत उपन्यासमा उपन्यासकारले सहज र सरल किसिमको भाषाशैली प्रयोग गरेका छन् । किशोरको चकचकेपन, उनीहरूका क्रियागत प्रस्तुति, मानवीय संवेदनाका उद्वेग तथा ग्रामीण परिवेशको भाषालाई यसमा समावेश गरिएको छ । उपन्यासकार गाउँ घुम्छन्, चहाँछन् र त्यहाँका व्यवस्थित पक्षलाई यसमा पोख्छन् । ग्रामीण भेगमा बोलिने भाषाका झिल्काहरूले उपन्यासकारको तारतम्यतालाई अध्याधिक

महत्वका साथ हेरेका छन् । कविताको भाषामा खारिएका शर्माको भाषाशैलीले सामाजिक मर्मका भन्दा केटाकेटी र किशोरको हृदयगत भावनालाई समाउन सफल भएको देखिन्छ । छोटा छोटा सरल वाक्यको उपस्थितिले काव्यात्मक भाषाको झिल्को प्रदान गरेको देखिन्छ भने पढ्दा अत्यधिक मीठासको कल्पनामा शर्माको औपन्यासिक भाषा प्रकट भएको छ । भाषाशैली गत रूपमा प्रस्तुत कृति नेपाली साहित्यको किशोरलाई लिएर लेखिएको उपन्यासगत रूप मानिन्छ । सामान्य बोलीचालीको भाषा प्रयोग गरिएकाले भाषिकरूप सामान्य प्रवृत्ति र माध्यमको देखापरेको पाइन्छ ।

# ५.१ सन्दर्भ सूची


१. शैलेन्दुप्रकाश नेपाल, **'शिशिर शर्माको अस्तित्वको खोजी'** -नेपाली पत्र राष्टि«्य साप्ताहिक, २०५५ असोज ६) पृष्ठ २

२. कृष्ण गौतम, **'शिशिर शर्माको कवितालेखनमाथि एक नजर'** (सहारा साप्ताहिक काठमाडौं, २०५८-०६-२१ आइतवार) पृ-४

३. विमल भौकाजी, **'विसंगतिको पहिरन : मास्टरको कोट'** (हिमालय टाइम्स राष्टि«्य दैनिक २०५८ मंसिर ९शनिवार) पृ-२

४. हरि मञ्जुश्री, **'बहुदलवादी नेताहरुमाथि कविता'** (काभ्रेटाइम्स साप्ताहिक, २०५८ साल कार्तिक ७ गते मंगलबार) पृ-६

५. डा. विष्णुराज आत्रेय, **'मास्टरको कोटको खल्ती खोतलेपछि'** ( राजधानी राष्टि«्य दैनिक, २०५८ असोज २२) पृ. ७

६. केपी ढुंगाना, **'मानवतावादभित्र द्वन्द्वको बोध'** (राजधानी राष्टि«्य दैनिक, २०६१ मंसिर १९ शनिवार) पृ.२

७. डा. वासुदेव त्रिपाठी, (**'मन्तव्य'**-मेरी छोरीको देश' कवितासंग्रह २०६१)

८. **'सल्यानकोट देवीबारे पुस्तक'** (ताजा खबर राष्टि«्य साप्ताहिक, काठमाडौं, २०६२ फाल्गुण २ गते मंगलबार) पृ.-७

९. बालमुकुन्द नेपाल, **'भौतारिएका कवि'** (राजधानी राष्टि«्य दैनिक, २०६२ पुस १६, शनिवार) पृ-१४

१०. प्रा. डा. रामचन्द्र लम्साल, **'पुस्तकबारे केही शब्द'** (भूमिका- **'धादिङका कवि-प्रतिभा'** : २०६५ असोज)

११. डा. मोहन तिमल्सिना, **'प्रशंसनीय कार्य'** (भूमिका- **'धादिङका कवि-प्रतिभा'** : २०६५ असोज

१२.शर्मा, शिशिर, (२०५५), **अस्तित्वको खोजी**, काठमाडौं: माधवप्रसाद लामिछाने

१३ (२०५८), **मास्टरको कोट,** काठमाडौं: रामप्रसाद लामिछाने

१४. (२०६१), **मेरी छोरीको देश,** काठमाडौं: रामप्रसाद लामिछाने

१५ . (२०६२), **सल्यानकोट देवीको संक्षिप्त परिचय** बनेपा, काभ्रे, एकीकृत विकास केन्द्र

१६. (२०६५), **धादिङका कवि-प्रतिभा**, धादिङ: पृथक अभियान नेपाल

१७.शैलेन्दुप्रकाश नेपाल, **'शिशिर शर्माको अस्तित्वको खोजी'**-नेपाली पत्र राष्ट्रिय साप्ताहिक, २०५५ असोज ६) पृष्ठ २

१८.कृष्ण गौतम, **'शिशिर शर्माको कवितालेखनमाथि एक नजर'** (सहारा साप्ताहिक काठमाडौं, २०५८-०६-२१ आइतवार) पृ-४

१९.विमल भौकाजी, **'विसंगतिको पहिरन : मास्टरको कोट'** (हिमालय टाइम्स राष्ट्रिय दैनिक २०५८ मंसिर ९शनिवार) पृ-७

२०.हरि मञ्जुश्री, **'बहुदलवादी नेताहरुमाथि कविता'** (काभ्रेटाइम्स साप्ताहिक, २०५८ साल कार्तिक ७ गते मंगलबार) पृ-६

२१.डा. विष्णुराज आत्रेय, **'मास्टरको कोटको खल्ती खोतलेपछि'** ( राजधानी राष्ट्रिय दैनिक, २०५८ असोज २२) पृ. ७

२२.केपी ढुंगाना, **'मानवतावादभित्र द्वन्द्वको बोध'** (राजधानी राष्ट्रिय दैनिक, २०६१ मंसिर १९ शनिवार) पृ.२

२२.डा. वासुदेव त्रिपाठी, (**'मन्तव्य'**-मेरी छोरीको देश' कवितासंग्रह २०६१)

**'सल्यानकोट देवीबारे पुस्तक'** (ताजा खबर राष्ट्रिय साप्ताहिक, काठमाडौं, २०६२ फाल्गुण २ गते मंगलबार) पृ.-७

२३.बालमुकुन्द नेपाल, **'भौतारिएका कवि'** (राजधानी राष्ट्रिय दैनिक, २०६२ पुस १६, शनिवार) पृ-१४

२४.प्रा. डा. रामचन्द्र लम्साल, **'पुस्तकबारे केही शब्द'** (भूमिका- **'धादिङका कवि-प्रतिभा'** : २०६५ असोज)

२५.डा. मोहन तिमल्सिना, **'प्रशंसनीय कार्य'** (भूमिका- **'धादिङका कवि-प्रतिभा'** : २०६५ असोज)

# ५.२ कृतिमाथि टिप्पणी

**अस्तित्वको खोजी** कवितासङ्ग्रह

शिशिर शर्मा यस गद्यकविताहरुको सङ्कलनमा हाम्रा अस्तित्वको खोजी गर्दै छन् । संघर्षमय वर्तमानलाई उनी उज्ज्वल भोलिमा परिणत गर्ने उत्कट कामनाले कलम समाउँछन् । यो देशभक्तिको चेतना, यो भविष्यप्रतिको बलियो आस्था र यो बौद्धिक चिन्तनको निरन्तर बग्ने कोशीको धारा नेपाली काव्यको आशावादी स्वर हो ।

यो ब्रह्माण्ड गुञ्जाउने कवितात्मक  आवाजले निबुद्धि र देशघातीहरुको कानको जाली च्यात्नेछ भन्ने मलाई पूरा पत्यार छ ।

-डा. तारानाथ शर्मा, कृतिमाथिको मन्तव्य, अस्तित्वको खोजी कवितासङ्ग्रह, २०५५

अस्तित्वको खोजी मा उपस्थिति कविताहरु अत्यन्त सहज, सरल र सरस छन् । अहिलेलाई शिशिरका कविताबाट प्राज्ञिक प्राभ्यास, चिन्तन, सिर्जनाको शाश्वत अर्थ र शैल्पिक उत्कर्षताको विराट् छचल्कन खोज्नु यथार्थमा समीचीन नहोला । मात्र प्रारम्भिक अनुभूति र वासन्तिक कलिला काइनाको हरक पाइएको छ ।

***-अस्तित्वको खोजी*** *मा शिशिर शर्मा,* जनभावना साप्ताहिक, काठमाडौँ, २०५५।०५।०१, पेज ७

**अस्तित्वको खोजी** कवितासङ्ग्रहमा कविले यो मुलुकका ठेकेदारहरुका विरुद्ध तिखा शब्दवाण चलाएका छन् । कवितामा अब नेपाली जनताले राष्ट्रियताको खोज ीगर्न अबेर भइसकेको संकेत पनि कविले गरेका छन् ।

-विष्णुशीतलको टिप्पणी, समदृष्टि साप्ताहिक, काठमाडौँ, २०५५ श्रावण १२ गते मंगलबार ।

शान्तिवहाल गर्न क्रान्तिको उद्घोष गर्नुपर्ने आजको मानवीय संस्कृतिमाथि तलबार उठाउँदै अस्तित्वको खोजी कवितासङ्ग्रह लिएर शिशिर शर्मा जन्मिएका छन् । प्रजातन्त्र आगमनपूर्व  स्वाभिमानको लडाइँ लड्ने योद्धाहरु आफूले चाहेको वस्तु प्राप्त गरिसकेपछि पनि असन्तुष्ट रहेको, चाकडी नेताहरुलाई उचाल्ने उर्जा ठहरिएकोप्रति कविले असन्तुष्टि व्यक्त गरेका छन् । माया, मोह, प्रेम र विद्रोहको एकमुष्ठ

पुञ्ज बनेको छ- अस्तित्वको खोजी । शोषक, डाँका, फटाहाहरुको जिन्दगी सधै सहज हुने गरेको तर श्रमलाई श्रद्धा गर्नेहरुको जीवन सधैं ठिहीलाग्दो हुने गरेको यथार्थलाई कवितामा पोख्न कवि सफल छन् । स्वार्थ र लोभले नंग्रा गाडुन्जेलसम्म विकासको खाका कोर्न नसकिने कुरामा शिशिर सहमत छन् । उनले अनुशासन, समर्पण र नैतिकताको पक्षमा वकालत गरेका छन् ।

-संकेत कोइरालाको टिप्पणी, साप्ताहिक विमर्श, काठमाडौं, २०५५ श्रावण १, शुक्रबार ।

'अस्तित्वको खोजी' पत्रपत्रिकाहरुमा आक्कलझुक्कल देखापर्ने शिशिर शर्माको पहिलो कृति हो । यसमा उनको राष्ट्रप्रतिको मोह छचल्किएको छ । हंगकंग चीनको स्वामित्वमा गएपछि उनको मन इतिहासमा अनुदित हुन्छ र नेपालको सीमा पूर्वमा टिस्टादेखि पश्चिममा सतलज नै हुनुपर्ने निष्कर्ष निकाल्छ जुन भूभाग सुगौलीसन्धिपछि नेपालले गुमाएको छ । यो बेलाको राजनीतिक मूल्यमान्यताप्रतिको ह्रास, नेताहरुको आचरण, सहिदको सपना, सहरभित्रको आत्मीयता खोक्रिँदै र रित्तिँदै गएकार यान्त्रिक शैलीमा अनुदित भएको जीवनशैलीलाई उनका कविताहरुले राम्रैसँग चित्रण गरेका छन् ।

**देशान्तर साप्ताहिक**, काठमाडौं, २०५५ साउन १० गते आइतबार, पेज ६ ।

शिशिर शर्मा यथार्थवादी कवि हुन् । उनी आफूसामु जे देख्छन्, त्यही लेख्छन् । कवितामा उनको कुनै आग्रह, पूर्वाग्रह भएजस्तो देखिँदैन । यिनी कहिले राष्ट्रियताको गुणगान गर्छन् त कहिले प्रकृतिको मोहनीमा लट्ठिन पुग्छन्, कहिले नेताहरुको चाल देखेर रिसाउँछन् त कहिले समाजको विकृति देखेर त्यसलाई सुधार्न आह्वान गर्न पुग्छन् ।

**-भाइराजा**को टिप्पणी, साप्तहिक घटना र विचार, काठमाडौं, २०५५ श्रावण ६ गते बुधवार ।

आस्था गुमाएको राष्ट्रियता, स्वाभिमान गुमाएको मान्छे, स्वार्थले उब्जिएको आतङ्क र विनाश, अन्याय र शोषण खपेको समाजलाई शिशिर शर्मा कतै घोच्छन् भने कतै आफ्नो दायित्व र कर्तव्यका बारेमा पनि सोच्छन् । स्वार्थी निकृष्ट अनि कृतघ्न नेताहरुलाई झटारो मात्र उनले हानेका छैनन्, दायित्वबोध गर्ने मौका पनि दिएका छन् । कृत्रिम रमणीयता बोकेको आजको समाजमा उनी सुखको कथाभन्दा दुःखको व्यथा देख्छन् । माटोमा माटोमात्र होइन, मातृत्व र इतिहास भेट्छन् । उनको विचारमा आकाश निलो छैन, बुद्धको शान्ति भासिँदै छ, राष्ट्रमा सहिदको सपना नासिँदै छ । उनले कवितामा मनोभावनामात्र उतारेका छैनन्, पृथ्वीमा एउटा नवीन र प्राकृतिक बिहानी उदाउने आशा एवं भयमुक्त शान्ति र समृद्धिको नवयुग जन्मियोस् भन्ने कामना पनि गरेका छन् ।

**शिरोमणि दवाडी**को टिप्पणी कान्तिपुर दैनिक (कोसेली), २०५६ भदौ १२ गते ।

चाहे असमानताका कुरा हुन्, चाहे कुसंस्कार र विसंगतिका कुरा हुन्- शिशिर शर्मा आफ्ना विद्रोही स्वरलाई तिब्रताका साथ उराल्न पछि पर्दैनन् । आज मानवले आफूलाई यथार्थ र सहृदय मानवका रुपमा प्रस्तुत गर्न सकिरहेको छैन । आफ्नै अस्तित्व हराएरै, गुमाएरै मानिस अस्तित्वहीन बनेर बाँच्न विवश छ, बाध्य छ । संवेदनशील मानव अस्तित्व संकटमा परेको छ । त्यसैको खोजीको प्रयासमा शिशिर शर्माभित्रको कवि डटेरको पाइन्छ । हाम्रो राष्ट्रिय परिप्रेक्ष्यमा देखापर्ने विडम्बना, विसंगति र विकृतिप्रति विरोध जनाउँदै कविले मानवीय सद्भावको आग्रह गरेका छन् । उनको कवित्व चेतना केवल राष्ट्रमा मात्र सीमित छैन, अन्तर्राष्ट्रसम्म फैलन पुगेको छ । वर्तमान संसार मानवका लागि एउटा पीडास्थलमात्र बनेको मार्मिक सन्दर्भलाई पनि उनले सटिक रुपमा प्रस्तुत गरेका छन् ।

शैलेन्दुप्रकाशको टिप्पणी, नेपालीपत्र साप्ताहिक, काठमाडौँ, २०५५ मंसिर २५ गते शुक्रबार, पृष्ठ २ ।

कवि शिशिर शर्मा प्रकृतिसँग रमाउँछन्, राष्ट्रलाई प्रेम गर्छन् । विश्वशान्तिको विगुल फुक्छन् । राजनीतिका नाममा अराजनीति गर्नेमाथि औँला ठड्याउँछन् उनको कवितासङ्ग्रह **अस्तित्वको खोजी** मार्फत् ।

-श्रृङ्गऋषि काफ्लेको टिप्पणी, आजको समाचारपत्र दैनिक, काठमाडौँ, २०५५ पौष १८ गते ।

कतिपय सामान्य विषय र कतिपय गहन विषयमा शर्मालै कविताहरु लेख्नुभएको छ । प्रायः सबै कवितामा ओजिलो भाव र राष्ट्रियताप्रतिको खँदिलो प्रेम पाइन्छ । यस संग्रहमा संकलित बीसैवटा कविता रसिला छन्, बौद्धिक पनि छन् । उहाँको शैली झट्ट हेर्दा क्लिष्टजस्तो लागे पनि यथार्थमा मिठासपूर्ण र सरल नै छ ।

-छलफल साप्ताहिक, काठाडौँ, २०५५ भदौ २८ गते आइतवार, पृष्ठ ६ ।

**मास्टरको कोट** कवितासङ्ग्रह

कलमको घर्षणले मलिलो पारेको कागतमा मसीको बिऊ रोप्ने आफ्नो कर्तव्यबाट शिशिर शर्मा कहिल्यै नचुकून्, नथाकून् । यिनकोमसी कुठाउँमा नपोखियोस् । यिनको यो बैंस अजम्मरी रहोस् र कागज अखण्ड सौभाग्यवती ।

-डा. विष्णुराज आत्रेय, राजधानी दैनिक, काठमाडौं, २०५८ असोज २२ ।

युवाकवि शिशिर बिम्ब, प्रतीक र अलंकार प्रयोग गर्न निकै खप्पिस छन् । त्यसो त शिशिरले जीवनलाई प्रकृतिसँग राम्रो तादात्म्य राख्न र जीवनलाई प्रगतिपथका रुपमा परिभाषित गरेका छन् ।

-श्रीराम खनालको टिप्पणी, समदृष्टि साप्ताहिक, काठमाडौं, २०५८ असोज १४ ।

मान्छेको जीवनमा देखापर्ने बेढङ्गेपन, अनेकौं विसंगतिहरु र अन्यौलपूर्ण परिस्थितिहरु शिशिर शर्माका कविताहरुमा जताततै छरिएका छन् । राष्ट्रमा लागेका घाउहरुको चित्रणका रुपमा देखा परेको यो कवितासंग्रमा एउटा संवेदनशील कविको आँखाले देखेको वर्तमान नेपालको स्वरुपलाई शिशिर शर्माले बडो सुन्दर र कलात्मक ढङ्गले कवितामा व्यक्त गरेका छन् ।

-हरि मञ्जुश्रीको टिप्पणी, काभ्रे टाइम्स साप्ताहिक, बनेपा, २०५८ कार्तिक ७ गते ।

कविले 'मास्टरको कोट' माथि कविता लेखिरहेका छन् तर मास्टरको कोट प्रतीकमात्रै बनेको छ । यथार्थमा कोटभित्रको कलंकित मान्छेका विवरण पेस  गरिएको छ- सो कवितामा । यिनका कविताहरुमा पाठकका भावना लुकेका छन् । यस मानेमा कि पाठकका मागलाई बुझेका छन् यिनले । यसभन्दा बढी कवितासंग्रहभरि यिनले कविताको धर्म बुझेका छन् ।

-विमल भौकाजीको टिप्पणी, हिमालय टाइम्स दैनिक, काठमाडौं, २०५८ मंसिर ९ शनिवार, पृष्ठ ४

विभिन्न सम्मानित व्यक्तिले पहिरेको कोटमा राम्रानराम्रा आकृतिहरु कविले देखेका छन् । एउटा निम्नमध्यम वर्गको व्यीक्तले पटकपटक कोट फेर्न नसक्ने पीडा कविले प्रस्तुत संग्रहमा व्यक्त गरेका छन् । वर्तमान निराशाजनक, अन्यौलपूर्ण भए पनि भविष्य शान्तिपूर्ण होस् भन्ने समाजको चाहनालाई कविले प्रकट गरेका छन् ।

-मधुपर्क मासिक, २०५८, पृष्ठ ३० ।

कविताका माध्यमबाट महमापुरुषहरुको प्रशंसा तथा वर्तमान नेताहरुको खिल्ली उडाउन कवि सफल छन् । घिनलाग्दो वर्तमान राजनीतिप्रति प्रहार गर्न कवि कुनै कवितामा पनि चुकेका छैनन् ।

-रघुनाथ लामिछानेको टिप्पणी, कान्तिपुर दैनिक, २०५८ असोज १५ गते ।

स्वयं मास्टर हुनुभएका कविले शिक्षकीय गुणहरुलाई दिएर जीवन र जगतमाथि कलात्मक आँखाले हेर्ने सीप विकसित गर्नुभएको छ र प्रजातन्त्रको पुनः संस्थापनोत्तर युगको कवितामार्फत् समीक्षा गर्नुभएको छ ।

-कृष्ण गौतमको भूमिका, मास्टरको कोट कवितासङ्ग्रह ।

**मेरी छोरीको देश** कवितासङ्ग्रह

वर्तमान समाज र राष्ट्रले भोगेको सबैभन्दा दुःखदायी स्थितिको चित्रण मर्मस्पर्शी ढङ्गले कवितामा गरिएको छ । प्राकृतिक बिम्बको प्रयोग, प्रेम र वियोग, शान्तिको कामनाका साथै जीवनमूलक सन्देश प्रवाहित गर्न यस सङ्ग्रहका कविता सफल छन् ।

**-दायित्व** साहित्यिक मासिक २०६२ वैशाख अंकको टिप्पणी, पृष्ठ ४४ ।

शिशिर शर्मालाई एउटा सफल र सरस शैलीमा कविता लेख्न सक्षम कवि मान्नुपर्छ । शिशिरका कवितामा शैली जसरी कविताको शुरुआतमा भेटिन्छ त्यसैगरी अन्त्यसम्मै बगेको छ । प्रायः कवितामा प्राकृतिक सौन्दर्यको चित्रण र देशभक्तिको भावनाका साथै केही कवितामा स्वैरकल्पनाको उपस्थिति पनि देखिन्छ । थोरबहुत विकृति र विसंगतिका विरुद्ध व्यंग्य समेटिएका कविता पनि यस संग्रहमा भेटिन्छन् ।

-यम बाँस्तोलाको टिप्पणी, उपभोक्ता पोस्ट साप्ताहिक, काठमाडौं, २०६२ श्रावण २३ ।

कवि शर्माको निर्भीक शैलीको प्रस्तुतिले सबै क्षेत्रका विकृतिलाई मात्र उधिनेको छैन, जीवनवादी दर्शन अनि भविष्यप्रतिको मीठो आशालाई पनि बचाएर राखिएको छ । कवितामा प्रत्येक पलमा हुनसक्ने मानवीय क्षेत्रको खतराबाट जोगिन पनि मानव समुदायलाई सचेत गरिएको छ ।

-मन्सिन्के (मदनकृष्ण सिलवाल) को टिप्पणी, सौर्य साप्ताहिक, काठमाडौं, २०६२ असार ३१, शुक्रवार ।

मेरी छोरीको देश भित्रका कविताकृतिमा वर्तमान देशको यथार्थ बोलेको पाइन्छ ।

-विभु भुसालको टिप्पणी, समाधान दैनिक, पोखरा, २०६१ चैत २० गते शनिवार ।

एकातिर वर्षौंदेखिको द्वन्द्व र अर्कोतिर एकपछि अर्को गर्दै मुलुकमा उत्पन्न राजनीतिक संकट, बेथिति र कुशासनका कारण हाम्रा आमविद्यार्थी र युवाजमातले आफ्नो भविष्य अन्धकारतर्फ धकेलिएको महसूस गरिरहेको छ । कवि शिशिर शर्माले हालै सार्वजनिक गर्नुभएको नवीन कृति मेरी छोरीको देश कवितासङ्ग्रहमार्फत् आम नेपालीको मनमा गुम्सिएर रहेको आवाज बाहिर आएको छ ।

-देशान्तर साप्ताहिक, काठमाडौं, २०६१ चैत्र १४ आइतबार ।

साँच्चै रातले पनि शान्ति पाउन सकेको छैन । देशभित्रको अशान्त वातावरणको बिम्ब यसभित्र प्रस्टै देखिन्छ । आजका मान्छेभित्र हराउँदै गएको मानवीयता र देखा परेका विवेकशून्यतामाथि तिखो प्रहार गर्नुभएको छ कविले ।

-राम सिंहको टिप्पणी, नयाँ विकल्प साप्ताहिक, काठमाडौं, २०६१ फाल्गुण ९ आइतबार ।

कवि शिशिर शर्माले कवितामार्फत् वर्तमान क्षणमा नेपाल र नेपालीले व्यहोर्नुपरेका समस्या, पीर, मर्का, तथा मर्मलाई यथार्थसँग उजागर गर्न खोज्नुभएको छ । त्यस्तै कतिपय कवितामार्फत् प्राकृतिक सौन्दर्य र यौन कुण्ठालाई समेत पंक्तिवद्ध गरेपछि वहाँ स्वच्छन्दतावादी कविका रुपमा रहेको समेत पाउन सकिन्छ ।

-गणेशकुमार शर्माको टिप्पणी, राष्ट्रवाणी साप्ताहिक, काठमाडौं, २०६१ पुस १८ गते बुधबार ।

प्रकृतिले कसैलाई छल्दैन र सत्यलाई भुल्दैन । प्रकृतिको काख र कोखमा सेवा र सत्यको ज्योति बलिरहेको हुन्छ । मान्छेका मनमा अटेसमटेस भएका पीडा र वेदनका घाउ बनाउने स्वयं मान्छे नै हो भन्ने तथ्य कवि शिशिर शर्माका कविताले बोलेका छन् ।

-रामेश्वर राउत मातृदासको टिप्पणी, खबरकागज साप्ताहिक, काठमाडौं, २०६१ पुस १५ गते बिहीबार ।

आधुतिक कविताको पछिल्लो कालक्रममा कवि शिशिर शर्मा एउटा पृथक शैली र बान्कीका कविता पस्कन सफल छन् । पढेपछि बुझिहालिने शैली उनको काव्यिक विशेषता भएको छ ।

-पी.एल, तरङ्गको टिप्पणी, ताजा खबर साप्ताहिक, काठमाडौं, २०६१ मंसिर २९ गते मंगलबार ।

शिशिर शर्माको कलमले आफ्नो राष्ट्रमा छाएको हिंसाको मात्र विरोध गरेको छैन, सेप्टेम्बर ११ मा अमेरिकामा भएको आतंकवादी हमलादेखि इराकमा दन्किरहेको चित्कारसमेत समेटेको छ । त्यसैले सहजतासाथ भन्न सकिन्छ, उनका कविताले विश्वबन्धुत्वको सन्देश बोकेका छन् ।

-के पी ढुंगानाको टिप्पणी, राजधानी दैनिक, २०६१ मंसिर १९ गते शनिबार ।

शिशिर शर्माका कविताले मानवजातिका साझा समस्या, खुसी र चाहनाको प्रतिनिधित्व गरेका छन् । उनका कवितामा स्वच्छन्दतावादी प्राकृतिक सौन्दर्यप्रेम, मानवीय रुप सौन्दर्य, यौनका अन्तरंग झिल्काको मिठास पाइन्छ ।

-अमृत भादगाउँलेको टिप्पणी, कान्तिपुर दैनिक, २०६१ कार्तिक १४ गते शनिबार ।

# ६. निष्कर्ष /उपसंहार

वि.सं. २०२८ सालमा धादिङ जिल्लाको सल्यानकोटमा जन्मेका शिशिर शर्माको साहित्यिक व्यक्तित्वलाई लिएर स्नातकोत्तर तहको शोधपत्र तयार पारिएको हो । उनको जीवनी व्यक्तित्वलाई र उनले लेखेका कृतिहरूको अध्ययन गर्नु नै प्रस्तुत शोधपत्रको विवेच्य विषय बनेको छ । उनको जीवनी र व्यक्तित्वको अध्ययन शोधपत्रको दोस्रो परिच्छेदमा गरिएको छ । कवि व्यक्तित्वका रूपमा चर्चित शर्माको उपस्थितिलाई प्रस्तुत शोधपत्रले प्रति प्रदान गरेको हुँदा शोधपत्रको उद्देश्य साहित्यकार शर्मालाई चिनाउनु रहेको छ । तेस्रो परिच्छेदमा कविताको सिद्धान्त र कविताका तत्वहरूको विश्लेषण गरिएको छ । सामान्यतः उनको सिद्धान्त गत रूप भन्दा कविताका मूलभूत रूपमा राखिएको छ । कविताका तत्वहरूमा मुख्य रूपले नेपाली साहित्यका समीक्षात्मक कृतिहरूलाई आधार बनाइएको छ । नेपाली साहित्यमा कविता विकसित विधा मानिन्छ । विकास भएको र साहित्यका फौटमा गतिशील बनेको कविताका स्वरूपलाई चिनाएर तेस्रो परिच्छेदको समापन गरिएकाले उक्तपरिच्छेद सद्धिान्तगत रूपमा रहेको छ र सामान्यतया उनको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरू छन् । कवि, कथाकार, उपन्यासकार, सम्पादक तथा निबन्धकारका रूपमा समेत उनको उपस्थिति नेपाली साहित्यमा देखापरेको छ । उनको साहित्यका विभिन्न पाटाहरूले नेपाली साहित्यिक बँगैचा समेत सुशोभित बनेको छ । साहित्यका विविध विधामा कलम चलाएका शर्माको व्यक्तित्वलाई कवितात्मक दृष्टिले मूल्याङ्कन गरिएको हो ।

यसरी साहित्यका शर्माको जीवनी र व्यक्तित्वको परिचयात्मक प्रस्तुतिसंगै उनका कृतिहरूको विश्लेषणलाई मुख्य आधारविन्दु बनाएर अघि बढिएको हो । उनका प्रकाशित भएका कविता संग्रह 'अस्तितवको खोजी' (२०५५) मास्टरको कोट (२०५८) मेरी छोरीको देश (२०६१) कविता संग्रहको विश्लेषणलाई मुख्य आधारवस्तु बनाइएको हो । कविताका तत्वगत परिवेश र उनका कविताको उचाइलाई हेरेर विश्लेषणको आधारविम्ब निर्माण गरिएको छ । कविताका तत्वहरूको उपस्थितिसंगै उनले प्रयोग गरेका काव्यात्मक विविधता र कविताको स्वरूपमा देखापरेको स्वभावगत उनको कवित्वलाई काव्यगत प्रस्तुतिले नभई कवितासंग्रहगत उपस्थितिमा शोधपत्रले विश्लेषणको आधारविम्ब बनाएको हो । त्यही आधारविम्बमा टेकेर शर्माका कविता संग्रहको विश्लेषण गरिएको हो । कतिपय समयमा पत्रपत्रिकामा प्रकाशित भएका र प्रकाशित नभई कृतिमा समावेश भएका कविताहरूको

लेखाजोखालाई यहाँ उतारिएको छ । नेपाली साहित्यको इतिहासमा नवीन बिम्ब लिएर उपस्थित भएका शर्माको व्यक्तित्वलाई कविताको इतिहासमा स्थान दिएर उनको जीवनीगत स्वरूपलाई यसमा पहिल्याइएको छ । कवितामा आफ्नो स्वभावलाई लिएर उदाएका शर्माको कवित्वले नेपालको प्रकृति, द्वन्द्व, संघर्षलाई उतारेर जीवनको वस्तुसत्यमा आफ्नो पहिचानलाई सुरक्षित राखेको देखिन्छ । जीवनका विविध तरङ्गसंग अर्न्तनिहित बनेर आएको उनका कविताको सौन्दईपक्षलाई शोधपत्रमा समावेश गरिएको छ । पहिलो कविता संग्रह “अस्तित्वको खोजी” (२०५५) मा देखापरेका कवि शमाृको कवित्व क्रमिक रूपमा सुदृढ बन्दै गएको देखापर्दछ । उनको कवितामा देखापरेको बिम्बात्मक प्रस्तुतिले कविता संग्रहलाई मोहकता प्रदान गरेको छ । कविका उत्तरवर्ती कविता संग्रहहरूमा क्रमशः उदात्त र प्रौढरूप देखापरेका कारण सबल र सक्षमता नै शमाृको प्रारूप विन्दु मानिएको प्रतीत हुन्छ । ‘मास्टरको कोट’ ( २०५८) मा कवित्वको प्रौढता र विषयवस्तुको गम्भीरताले उत्कृष्ट नभई मध्यमरूप बोकेको छ । कविताको स्वरूपमा देखापरेको प्राकृतिक सौन्दई चेतना, भावनाको गाम्भीई पनाले शर्मावार्द सामाजिक सद्व्यवहार र द्वन्द्व खेपेको नेपालको चित्रकारका रूपमा प्रस्तुत गरेको छ । शर्मा उत्तरवर्ती चरणमा मानवीय संवेदनाको ढोका उघार्न सफल दानवीपन, उसले गरेका क्रियागत प्रस्तुति तथा जीवन भोगाहका कठिन सन्दर्भहरू यस कवितासंग्रहमा उनीएको सन्दर्भगत मान्यतालाई यसभित्र समाहित गरिएको छ ।

शर्माका कविताको प्रौढता ‘मेरी छोरीको देश’ (२०६१) मा सबल बनेर उदङ्गिएको छ । नेपालले मागेको द्वन्द्व र छोरोले बाबासंग सोधेका प्रश्नहरूले पाठकको हृदयलाई तरङ्गित पारेर छोडेको छ । शर्माको काव्यिक सौन्दई निरवारिएर आइरहेको अवस्थाले समेत कविलाई एक सबल कवित्वको दर्जा प्रदान गरेको पाइन्छ । नेपालका गरीबले भोगेको पीडा, शसस्त्र द्वन्द्वले निम्त्याएको विभिषिका, मानवमूल्यको खोज सद्भावनाका सौन्दई तथा जीवन भोगाइका कठिन सन्दर्भहरू कविताको केन्द्र बनेर उपस्थित भएका छन् । कविताका हरफहरूले पाठकीय हृदयलाई छोएका छन् । जीवन जगतका सन्दर्भहरू उतारिएका छन् । उक्ताम्य भएको नेपालको चित्रलाई पाठकसामू र्पाचित गराइएका छन् । यसकिसिमको ज्वलन्त नमूना र मानव सन्दर्भका कहालीलाग्दा क्षणहरूको उपस्थिति देखाइएका कारण शर्माका कवितामा खल्बलिएको, छिन्नभिन्न भएको समाज प्रस्तुत भएको छ । यसका साथर्त अन्तर्राष्ट्रिय सन्दर्भमा गिर्दै गएको मानवतालाई समेत कविताले विषय बनाएर उतारेको प्रतीत हुन्छ । त्यसकारण

कवि शर्माको कवित्वको सबल उपस्थितिलाई हेर्दा उनी नेपाली कविता जगतका एक सफल हस्ताक्षर हुन भन्ने तथ्य प्रमाणित बनेको देखा पर्दछ ।

कविताका क्षेत्रमा आफ्नो उपस्थितिलाई दर्शाइसकेका शर्माले वि.सं. २०६२ सालमा धादिङ जिल्लाको धार्मिक पईटकीय क्षेत्र र ऐतिहासिक सन्दर्भको खोज गर्दै 'सल्यानकोटदेवीको' संक्षिप्त परिचय लिएर देखापर्छन् । उनको प्रस्तुत कृतिले नेपालको इतिहासलाई प्रस्तुत गर्नुका साथै धादिङको पौराणिक महत्व, ऐतिहासिक प्राचीनतालाई प्रस्तुत गरेर यस्ता स्थानहरूको महत्वलाई ज्वलन्त रूपमा पस्केको छ । अनुसन्धानमूलकतालाई आधारविन्दु बनाएर लेखिएको प्रस्तुत कृतिले नेपालका नेपाली समाजको स्वरूप र त्यसले निम्त्याएको परिस्थितिजन्य परिचयलाई यसमा प्रस्तुत गरेको देखिन्छ । यसमा शर्माले सरस, सरल र भावपूर्ण गद्यभाषाको प्रयोग गरेका छन् । भाषिक, सामञ्जस्यताले ऐतिहासिक महत्वको घटना वृत्तलाई उतारेको छ । धादिङको ऐतिहासिक तथा पौराणिक महत्वको उद्घाटन यसमा गरिएको छ । गद्यको रूपमा आएको प्रस्तुत कृतिमा शर्माले प्रबन्धात्मक रूपलाई यसमा प्रस्तुत गरिएको छ ।

कविता विधामा सफल भएर आएका शर्माले गद्यगत रूपलाई प्रस्तुत गरेपछि उनी संपादकका रूपमा देखापर्छन् । 'धादिङका कवि प्रतिभा' नामक कृति २०६५ सालमा प्रकाश गरेर धादिङधको साहित्यिक भूमि तथा साहित्यको उर्वरा शक्ति धादिङलाई प्रकाशमा ल्याउने काम उक्त कृतिले गरेको छ । उक्त कृतिमा समावेश भएका कविहरूका कविताको सोलोडोलो खाकालाई लिएर प्रस्तुत शोधपत्रमा विश्लेषण गरिएको छ । नेपाली साहित्यमा अथवा भनौं कविताको इतिहासमा प्रख्यात भएका र भर्खर साहित्यको फाँटमा बामे सर्न लागेका कविहरूको उपस्थिति गराएर कविले 'धादिङकाका कवि प्रतिभा' मा साहित गरेका छन् । सामाजिक सुधार, प्रकृतिको उन्मेष, मानवीय भावनाका उद्धेगहरूले उक्त कृति रङ्गिएको देखिन्छ । संभवतः कविका कविताहरूलाई सामाजिक प्रक्रिया भन्दा मानवीय संवेदनाले छोएको इतिवृत्तलाई यसमा अंगालिएको छ । यसै सन्दर्भको रूपलाई प्रकट गराएर प्रस्तुत संग्रहको विश्लेषण यसभित्र समावेश गरिएको छ ।

कविका रूपमा साहित्यको फाँटमा देखापरेका शमौ 'अस्तित्व बोध' कथासंग्रह २०६८ लिएर साहित्यका क्षेत्रमा आफ्नो उपस्थिति दर्शाउँछन् । साहित्यको पद्यविधालाई निरन्तरता प्रदान गर्ने उनले कथाका क्षेत्रमा समेत आफ्नो उपस्थिति दह्रो पारेको देखिन्छ । समाजका निम्नवर्गीय चरित्र, गाउँ र सहरीया समाजको बिम्ब, सामाजिक चेतनाको उदेबोधनलाई उनका कथाले समाहित गरेका छन् ।

सहरिया सभ्यताको उदेबोधन, शहरको बस्ने मानिसले भोगेका दुःख, मनको भित्रीतहमा देखा परेको परिवेश कथाको बिम्बगत प्रस्तुति बनेर देखापरेको छ । उनका कथाहरूले नेपाली समाज, सामाजिक प्रक्रियाका क्रियात्मक प्रस्तुति, निम्नवर्गीय समाजका मान्छेहरूले भोग्नुपर्ने समस्या, यौनजन्य भावनाको उद्‌बोधन, जीवन गुजारा गर्ने मनसायले सहर पसेको मान्छे र उनीहरूले भोगेका दुःखहरूको कारूणिक परिवेशलाई उनका कथाले कथावस्तु बनाएका छन् । कथावस्तुको सहजिकरणका साथ पात्रहरूको जटिल मानसिकताको चित्रण समेत यसमा पाइन्छ । जीवनको जटिलताका साथै मानवीय संवेदनाका हालहरूलाई यसमा प्रस्तुत भएका छन् । सामाजिक सद्‌भावना तथा मान्छेले भोग्नुपर्ने भोगासाका ज्वलन्त समस्याको प्रस्तुति करण नै 'अस्तित्वबोध' कथासंग्रह बनेको छ । प्रस्तुत कथा संग्रहमा समेत प्रकट भएको देखिन्छ । कथाका क्षेत्रमा प्रथम पुरूष तथा तृतीय पुरूष शैली लिएर देखिएका शर्माको कथाकारिता नेपाली कथासाहित्यको एउटा सबल प्रस्तुति मान्न सकिन्छ ।

अहिलेसम्मको साहित्यिक इतिहासमा नभएको किशोर साहित्यको कृति 'मामाघर' २०६४ नेपाली साहित्यकै किशोरलाई आधार बनाएर लेखिएको पहिलो कृति हो किशोरहरूको भावनासंग आबद्धता रहेर नेपाली साहित्यको ऐतिहासिक कालखण्डमा देखापरेको प्रस्तुत कृतिले नेपाली साहित्यको इतिहासमा नवीनता थपेको देखिन्छ । एउटा गाउँमा जन्मेर विभिन्न इच्छा र चाहना बोकेको किशोरलाई प्रस्तुत कृतिले जीवन्तता प्रदान गर्दै सामाजिक भावनाको प्रकटीकरणलाई गति प्रदान गरेको छ । मामाघर उपन्यासले एउटा किशोरमा पलाएको आकांक्षा र भावनालाई बोकेको कारण समाजका बालबालिकाको प्रतिबिम्ब बन्न उपन्यास सफल बनेको छ । उक्त उपन्यासको पात्र कृष्णेको जीवनवृत्तलाई उत्तरार्धमा उसले गरेका क्रियालाई अर्को कृतिमा समावेश गर्ने वाचा सहित शर्मा प्रस्तुत उपन्यासबाट विदा भएका छन् । अतः उपन्यासलाई कथावस्तु आदि तत्वहरूका आधारमा विश्लेषण गरिएको छ ।

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने र आफ्नो लेखनीलाई विविध क्षेत्रमा कुदाउने शर्माको साहित्यिक व्यक्तित्व बहुमुखी देखापरेको छ । सिर्जनामा अझै सक्रिय उनको व्यक्तित्वले नेपाली साहित्यका अनेक विधामा कलम चलाएर आफूलाई जीवन्त तुल्याएको पाइन्छ । उनको साहित्यिक मात्रामा अझ प्रशस्त कृतिहरूले स्थान पाउने छन् । अन्त्यमा नेपाली साहित्यका बहुमुखी साहित्यिक व्यक्तित्व हुन् भन्ने धारणामा उनलाई प्रस्तुत शोधपत्रले राखेको छ ।